लेखापरीक्षण प्रतिवेदन

सभापोखरी गाउँपालिका, संखुवासभा

आर्थिक वर्ष २०८१/८२

महालेखापरीक्षकको कार्यालय

महालेखापरीक्षकको कार्यालय

काठमाडौं, नेपाल

काठमाडौं, नेपाल

लेखापरीक्षण प्रतिवेदन

सभापोखरी गाउँपालिका, संखुवासभा

आर्थिक वर्ष २०८१/८२

महालेखापरीक्षकको कार्यालय

काठमाडौं, नेपाल

दूरदृष्टि (VISION)

जवाफदेहिता, पारदर्शिता र निष्ठा प्रवर्धन गर्ने विश्वसनीय सार्वजनिक संस्था

(Be a Credible Public Institution in Promoting Accountability, Transparency and Integrity)

गन्तव्य (MISSION)

स्वतन्त्र एवम् गुणस्तरीय लेखापरीक्षण सेवा प्रदान गर्ने

(Provide Independent and Quality Audit Service)

मूल्य मान्यता (Core Values)

स्वतन्त्रता	*(Independence)*
निष्ठा	*(Integrity)*
पारदर्शिता	*(Transparency)*
जवाफदेहिता	*(Accountability)*
व्यावसायिकता	*(Professionalism)*

महालेखापरीक्षकको कार्यालय
काठमाडौं, नेपाल

महालेखापरीक्षकको भनाइ

नेपालको संविधानको धारा २४१ मा सङ्घ, प्रदेश र स्थानीय तहको लेखा कानुन बमोजिम नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारिता र औचित्यसमेतको विचार गरी महालेखापरीक्षकबाट लेखापरीक्षण हुने व्यवस्था छ। लेखापरीक्षण ऐन, २०७५ को दफा २० को उपदफा २ मा महालेखापरीक्षकले प्रत्येक स्थानीय तहको लेखापरीक्षण सम्पन्न गरी अलग अलग लेखापरीक्षण प्रतिवेदन जारी गर्न सक्ने व्यवस्था छ। लेखापरीक्षण गर्दा लेखापरीक्षण ऐन, २०७५, नेपाल सरकारी लेखापरीक्षणमान, लेखापरीक्षण मार्गदर्शन, स्थानीय तह लेखापरीक्षण निर्देशिका, महालेखापरीक्षकको वार्षिक लेखापरीक्षण योजना र स्थानीय तहसँग सम्बन्धित ऐन, नियमलाई आधार लिइएको छ। सोहीबमोजिम स्थानीय तहको २०८१।८२ को लेखापरीक्षण सम्पन्न गर्दा देखिएका बेहोरा उल्लेख गरी प्रारम्भिक प्रतिवेदन जारी गरिएकोमा सो उपर प्राप्त प्रतिक्रियासमेत सम्बोधन गरी राय सहितको प्रतिवेदन जारी गरिएको छ।

वित्तीय विवरणको शुद्धता, प्रचलित कानुनको परिपालना, राजस्व प्रक्षेपण तथा बजेट निर्माण, योजना तर्जुमा एवं कार्यक्रम कार्यान्वयन, खरिद व्यवस्थापन तथा विकास निर्माण, सार्वजनिक सेवा प्रवाह, आन्तरिक नियन्त्रण प्रणाली, आन्तरिक आय परिचालन, जनशक्ति व्यवस्थापन, जिम्मेवारी एवं जवाफदेहितालगायतका विषयहरूको अध्ययन, विश्लेषण तथा मूल्याङ्कन गर्नुका साथै स्रोत साधनको प्राप्ति, उपयोग एवं परिचालन सन्दर्भमा मितव्ययिता, कार्यदक्षता र प्रभावकारिता समेतलाई दृष्टिगत गर्दै कार्यान्वयनयोग्य सुझाव प्रदान गरी सुशासन कायम गर्न सहयोग गर्नु लेखापरीक्षणको उद्देश्य रहेको छ।

सबै स्थानीय तहको स्थलगतरूपमा लेखापरीक्षण सम्पन्न गरी लेखापरीक्षणको क्रममा देखिएका बेहोरा उपर स्थानीय तहका पदाधिकारी तथा जिम्मेवार कर्मचारीहरूसँग छलफलसमेत गरिएको छ।

यस वर्ष सामान्यतया स्थानीय तहमा कार्यसम्पादनका लागि आवश्यक कानुन निर्माण पूर्ण रूपमा नभएको, विद्यमान कानुनको पूर्ण परिपालना हुन नसकेको, बजेट अनुशासन कमजोर रहेको, आन्तरिक आय न्यून रहेको, करदाताको अभिलेख व्यवस्थित नभएको, आन्तरिक आयलाई व्यवस्थित गर्न नसकिएको, प्रशासनिक खर्चमा वृद्धि हुँदै गएको, योजनालाई खण्डीकृत गरी कार्य गर्ने गरेको, वर्षान्तको खर्च उच्च रहेको, आयोजनाको प्राथमिकीकरण गरेर बजेट विनियोजन नभएको, निर्माणको सुनिश्चितता नभएका आयोजनाहरूको समेत विस्तृत आयोजना प्रतिवेदन तयार गरिएको, जटिल प्रकृतिका कार्यहरूसमेत उपभोक्ता समितिबाट गराएको, जनशक्ति व्यवस्थापन हुन नसक्दा सेवा प्रवाह प्रभावकारी हुन नसकेको, स्वीकृत दरबन्दी बेगरका कर्मचारीसमेत करारमा नियुक्ति गरेको, सार्वजनिक सम्पत्तिको अभिलेख तथा संरक्षण र उपयोग प्रभावकारी रूपमा हुन नसकेकोले आन्तरिक नियन्त्रण र लेखाङ्कन तथा प्रतिवेदन एवं बेरुजु फर्स्यौटमा सुधार गर्नुपर्ने लगायतका बेहोरा देखिएका छन्।

लेखापरीक्षणबाट उल्लेख गरेका बेहोराको समयमा नै फर्स्यौट तथा सुझावहरूको कार्यान्वयनबाट वित्तीय अनुशासनमा अपेक्षित सुधार गरेर स्थानीयतहबाट हुने विकास निर्माण तथा समग्र कार्यसम्पादन र सेवा प्रवाहलाई प्रभावकारी बनाउनुपर्दछ।

अन्तमा, स्थानीय तहको लेखापरीक्षणमा सहयोग पुऱ्याउने पदाधिकारी तथा कर्मचारी लगायत सबै सरोकारवाला प्रति आभार व्यक्त गर्दछु। साथै लेखापरीक्षण कार्यमा संलग्न कर्मचारीहरूमा समेत विशेष धन्यवाद व्यक्त गर्दछु।

(तोयम राया)
महालेखापरीक्षक

२०८३ वैशाख

महालेखापरीक्षकको कार्यालय
Office of the Auditor General
प्रादेशिक लेखापरीक्षण महानिर्देशनालय, कोशी प्रदेश
काठमाडौं

प.सं.:2082/83 मिति : २०८३-१-२८
च.न :APPROVED/FAR/2081-82/LOC/486

श्रीमान् अध्यक्षज्यू,
सभापोखरी गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालय,
संखुवासभा।

विषय - लेखापरीक्षण प्रतिवेदन सम्बन्धमा ।

लेखापरीक्षण ऐन, २०७५ को दफा २० को उपदफा (२) बमोजिम त्यस पालिकाको आर्थिक वर्ष २०८१।८२ को लेखापरीक्षण सम्पन्न गरी तयार गरिएको लेखापरीक्षण प्रतिवेदन यसैसाथ संलग्न गरी पठाइएको व्यहोरा जानकारीका लागि अनुरोध छ।

(श्रीकुमार राई)
नायब महालेखापरीक्षक

महालेखापरीक्षकको कार्यालय

Office of the Auditor General

प्रादेशिक लेखापरीक्षण महानिर्देशनालय, कोशी प्रदेश

काठमाडौं

प.सं.:2082/83 मिति : २०८३-१-२८

च.न :APPROVED/FAR/2081-82/LOC/486

स्थानीय तहको रायसहितको प्रतिवेदन

श्रीमान् अध्यक्षज्यू ,
सभापोखरी गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालय,
संखुवासभा।

विषयः लेखापरीक्षण प्रतिवेदन।

१. कैफियत सहितको राय

हामीले तहाँ गाउँपालिकाको आर्थिक वर्ष २०८१।८२ को प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन, बजेट तुलनात्मक विवरण, स्थानीय संचित कोषको वार्षिक आर्थिक विवरण र त्यससँग सम्बन्धित लेखानीति तथा टिप्पणीहरू समावेश भएको एकीकृत वित्तीय विवरणको लेखापरीक्षण गरी रायसहितको प्रतिवेदन पेस गरेका छौं।

हाम्रो रायमा, यस प्रतिवेदनको कैफियत सहितको राय व्यक्त गर्ने आधार खण्डमा उल्लेख भएका विषयले पार्ने असरबाहेक, पेस भएको २०८२ आषाढ ३२ मा समाप्त भएको आर्थिक वर्ष २०८१।८२ को प्राप्ति र भुक्तानीको एकीकृत एवं वार्षिक प्रतिवेदन, बजेटको तुलनात्मक विवरण, स्थानीय सञ्चित कोषको वार्षिक आर्थिक विवरण त्यससँग सम्बन्धित लेखानीति तथा टिप्पणीहरू समावेश भएको स्थानीय तहको एकीकृत वित्तीय विवरणले नेपाल सार्वजनिक क्षेत्र लेखामान (नगदमा आधारित) र आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन तथा प्रचलित कानुनबमोजिम सारभूत रूपमा सही र यथार्थ अवस्था चित्रण गर्दछ।

२. कैफियत सहितको राय व्यक्त गर्ने आधार

२.१. गाउँपालिकाले अन्तरसरकारी अख्तियारीतर्फको विवरण महालेखापरीक्षकबाट स्वीकृत नेपाल सार्वजनिक क्षेत्र लेखामानको ढाँचा पूर्ण रुपमा प्रयोग गरी वित्तीय विवरण तयार गरेको छैन।

२.२. गाउँपालिकाको रू.८७ करोड ९६ लाख ३३ हजार लेखापरीक्षण गर्दा रू.२ करोड ९३ लाख ९३ हजार (३.३ प्रतिशत) बेरूजु देखिएमा प्रतिक्रियाबाट रू.४३ लाख ४१ हजार बेरुजु सम्परीक्षण भई असुल गर्नुपर्ने रू.५६ हजार, नियमित गर्नुपर्ने रू.२ करोड २२ लाख २७ हजार र प्रमाण कागजात पेस गर्नुपर्ने रू. २७ लाख ६८ हजार गरी जम्मा गरी रू.२ करोड ५० लाख ५१ हजार बेरुजु कायम भएको छ। गत वर्षसम्म कायम बेरुजु रू.१३ करोड ४२ लाख ४९ हजार मध्ये रू. ६ करोड ३४ लाख २१ हजार सम्परीक्षण भई यसबर्षको थपसमेत हासम्मको अद्यावधिक बेरूजु रू.९ करोड ५८ लाख ७९ हजार रहेको छ। बेरुजु वर्गीकरण, अद्यावधिक बेरुजु स्थिति र बेरुजु सम्परीक्षणको बेहोरा यसैसाथ संलग्न छ।

२.३. आम्दानी तथा खर्चको स्रेस्ता नगदमा आधारित लेखा प्रणाली अवलम्बन गरेकोले गाउँपालिकाको पेस्की बाहेक सम्पत्ति तथा दायित्व यकिन हुने कुनै जानकारी खुलाएको छैन। हाम्रो लेखापरीक्षण कार्य नेपालको संविधान, लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्बन गरेका सरकारी लेखापरीक्षण मानदण्ड,मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानुनबमोजिम गरिएको छ। वित्तीय विवरण तयार गर्ने स्थानीय तहसँग हामी स्वतन्त्र छौं। त्यसैगरी स्वीकृत आचारसंहिताको पालना गरी कार्यसम्पादन गरेका छौं। लेखापरीक्षणको क्रममा प्राप्त गरेका लेखापरीक्षण प्रमाणहरू हाम्रो राय व्यक्त गर्ने आधारका लागि पर्याप्त र उपयुक्त छन् भन्ने कुरामा कार्यालय विश्वस्त छ।

३.अन्य बेहोरा- लेखापरीक्षणबाट ऐन नियमको परिपालना, आन्तरिक नियन्त्रण व्यवस्था, स्थानीय वित्त व्यवस्थापन,सम्पत्तिको संरक्षण, स्रोत साधनको प्राप्ति र उपयोग, शासकीय प्रवन्ध, स्रोत सुनिश्चितता र बजेट व्यवस्थापन र विकास प्रशासन र सोको कार्यान्वयन, अनुदान वितरण तथा अनुगमन, सेवा प्रवाह, स्थानीय प्रशासन, जवाफदेहिता र सुशासन लगायतका विषयमा सुधार गर्नुपर्ने देखिन्छ।

४. वित्तीय विवरण उपर व्यवस्थापन र लेखा उत्तरदायी अधिकृतको जिम्मेवारी
नेपाल सार्वजनिक क्षेत्र लेखामानबमोजिम सही र यथार्थ हुने गरी वित्तीय प्रतिवेदन तयार गर्ने तथा जालसाजी वा अन्य गल्तीका कारण वित्तीय प्रतिवेदन सारभूतरूपमा गलत आँकडारहित स्वरूपमा बन्ने गरी आवश्यक आन्तरिक नियन्त्रण प्रणाली लागू गर्ने जिम्मेवारी स्थानीय सरकारमा रहेको छ। गाउँ कार्यपालिका, अध्यक्ष र प्रमुख प्रशासकीय अधिकृत गाउँपालिकाको वित्तीय प्रतिवेदन प्रक्रियाको अनुगमनका लागि जिम्मेवार रहेका छन्।

५.वित्तीय विवरणको लेखापरीक्षणउपर लेखापरीक्षकको जिम्मेवारी
वित्तीय प्रतिवेदन समग्रमा जालसाजी वा त्रुटिका कारण सारभूत रूपमा गलत आँकडा रहित रहेको छ भनी यथोचित आश्वस्तता प्राप्त गरी राय सहितको लेखापरीक्षण प्रतिवेदन जारी गर्नु लेखापरीक्षणको उद्देश्य हो। लेखापरीक्षणमा यथोचित आश्वस्तताले उच्च स्तरको आश्वस्तता प्रदान गरेको हुन्छ। लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्बन गरेको नेपाल सरकारी लेखापरीक्षण मान, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानुन बमोजिम लेखापरीक्षण कार्य सम्पादन गरिएको छ। यसरी लेखापरीक्षण गरिएको अवस्थामा समेत आन्तरिक नियन्त्रण र वित्तीय प्रतिवेदनको प्रकृति, लेखापरीक्षणका विधि तथा लेखापरीक्षण सम्पन्न गर्न लागेको समय जस्ता लेखापरीक्षणका अन्तर्निहित सीमाहरूका कारण वित्तीय विवरण वा आर्थिक कारोबारमा भएका सबै प्रकारका जालसाजी वा त्रुटि पत्ता लाग्न सक्ने निश्चितता हुँदैन। वित्तीय विवरणका उपयोगकर्ताले सामान्यतया गर्ने आर्थिक निर्णयमा फरक पार्ने अवस्था देखिएका जालसाजी वा त्रुटिका एक वा समग्र सूचनालाई सारभूत रूपमा गलत आँकडा मानिएको छ।

(श्रीकुमार राई)
नायब महालेखापरीक्षक

बेरुजु वर्गीकरण

चालु वर्षको बेरुजु

प्रारम्भिक बेरुजु			प्रतिक्रियाबाट सम्परीक्षण			प्रतिक्रियाबाट थप बेरुजु रकम	बाँकी बेरुजु			बेरुजु						
										असुल गर्नु पर्ने	नियमित गर्नुपर्ने					पेस्की
दफा संख्या		रकम	दफा संख्या		रकम		दफा संख्या		रकम							
सैद्धान्तिक	लगती		सैद्धान्तिक	लगती			सैद्धान्तिक	लगती		असुल गर्नु पर्ने	अनियमित भएको	प्रमाण कागजात पेश नभएको	जिम्मेवारी नसारेको	सोधभर्ना नलिएको	जम्मा	पेस्की
७९	५८	२,९३,९२,८०७	०	४२	४३,४१,१५५	०	७९	१६	२,५०,५१,६५२	५६,४७३	२,२२,२६,६५०	२७,६८,५२९	०	०	२,४९,९५,१७९	०

अद्यावधिक बेरुजू स्थिति

जिल्ला	गत वर्ष सम्मको बाँकी	समायोजन	यो वर्ष सम्परीक्षण	बाँकी बेरुजु	यो वर्ष सम्परीक्षणबाट कायम बेरुजु	यो वर्षको बेरुजु	कुल बेरुजु बाँकी
संखुवासभा	१३,४२,४९,३२८	0	६,३४,२१,३९९	७,०८,२७,९२९	0	२,५०,५१,६५२	९,५८,७९,५८१

बेरुजु सम्परीक्षणको विवरण

क्र.सं	आर्थिक वर्ष	बेरुजुको दफा	बेरुजुको व्यहोरा	सम्परीक्षण भएको रकम
१	२०८१/८२	६४	स्वास्थ्य सामाग्री खरिद पालिका पुंजीगत-	७,७३,६५९
२	२०८१/८२	६०.३	स्वास्थ्य तर्फ	८,६७०
३	२०८१/८२	५३	स्थानीय भत्ता कट्टी नभएको	३,०६४
४	२०८१/८२	६१.८	शिक्षा तर्फ	२७,२००
५	२०८१/८२	५५	बैठक भत्ता बढी भुक्तानी	२२,१००
६	२०८१/८२	४४	पेश्की बाँकी	१५,०००
७	२०८१/८२	६३.५ र ६३.६	पूँजीगत शिर्षक अन्तर्गतका अन्य व्यहोराहरु	८,७४,७५७
८	२०८१/८२	६२.८, ६२.९ र ६२.१०	पूँजिगत खर्च शिर्षक तर्फ	९,८३,२२९

९	२०८१/८२	६८.१ र ६८.3	पाँच शैय्या अस्पताल निर्माण	१२,५०,०००
१०	२०८१/८२	५२	पदाधिकारी बैठक भत्ता	१,५३,०००
११	२०८१/८२	५६	जेष्ठ नागरिका घरघरमै उपचार	१३,६००
१२	२०८१/८२	५०	जिन्सी दाखिला सम्बन्धमा	२८,९८४
१३	२०८१/८२	६५	कैलाश मा.बि.पावा	१,५६,४४२
१४	२०८१/८२	५७	अनुगमन भत्ता	३१,४५०
१५	२०८०/८१	८५	हेभिकोटेड ग्याविन गुणस्तर प्रमाण	६,२३,३४७
१६	२०८०/८१	८२	सोझै खरिद	३७,७२,०५९
१७	२०८०/८१	९२.२ र ९२.४	सिदेश्वरी आधारभुत विधालय सिकिदिम भवन	५,८२,१३८
१८	२०८०/८१	४८	समानीकरण अनुदानबाट शिक्षकको तलब भत्ता –	४७,०३,०००
१९	२०८०/८१	१०७	सभाखोला लघुजलबिद्युत कार्यसमूहलाई अनुदान	४,००,०००
२०	२०८०/८१	७५.२	शिक्षण सिकाई अनुदान	१,०००
२१	२०८०/८१	१०४	रितपूर्बकको कर बिजक –	१९,६९,२३६
२२	२०८०/८१	४३	यातायात खर्च	२,०९,०००
२३	२०८०/८१	१२३	मृत्यु भएका लाभग्राहीलाई भत्ता	२३,५०२
२४	२०८०/८१	८१	मुल्य अभिबृद्धि कर कट्टा नगरेको	२२,७५०
२५	२०८०/८१	१०८.५	मर्मत संभार कोष	१२,६८,८३८
२६	२०८०/८१	४	बैक हिसाब मिलान नगरेको	३४,२२२
२७	२०८०/८१	९४	बिपद व्यवस्थापन कोषतर्फः	२,१२,४०३
२८	२०८०/८१	८०	बढी तलब	२०,९७०
२९	२०८०/८१	७९	फरक खर्च शिर्षक	१,८०,०००
३०	२०८०/८१	१०३.३ र १०३.५	पाँच शैय्या अस्पताल निर्माण	७,०७,७४६
३१	२०८०/८१	९९.२ र ९९.३	पर्यटन कोषतर्फः	२६,७२०
३२	२०८०/८१	७७.२	निशुल्क पाठ्यपुस्तक	१,१२,३१८
३३	२०८०/८१	९७	निर्माण सामाग्रि प्रयोगको कर कम असुल भएको:	४२,३५८
३४	२०८०/८१	८४	नन् फाईलर	५,१२,८०६

३५	२०८०/८१	५२.३	धुपुखोला देउराली सडक ढलान कार्य	२५,०००
३६	२०८०/८१	११५	धरौटी फिर्ता	१,२९,९०२
३७	२०८०/८१	९०	ढुङ्गाको प्रयोग	५१,८३६
३८	२०८०/८१	४६	जिन्सि दाखिला नभएकोः	१,०८,४८०
३९	२०८०/८१	११४	छनौट को आधार पेश नभएको	१,३९,५००
४०	२०८०/८१	१०६	चिस्यान केन्द्र जडान नभएको	७,६२,५३०
४१	२०८०/८१	७६.२	गैरआवासीय छात्रवृत्ति	३,२००
४२	२०८०/८१	१०५.२	कैलास मा बि पावा	८९,७७६
४३	२०८०/८१	५६	कृषि एम्बुलेन्स	२३,४४,९९९
४४	२०८०/८१	३९	कर्मचारी व्यवस्था -	५१,८७,९४९
४५	२०८०/८१	६८	ईन्टरनेट जडान	१,०८,०००
४६	२०८०/८१	१०२	अपाङ्गता रोकथाम तथा पुनस्थापना कार्यक्रम:	९९,२४०
४७	२०८०/८१	१०१.१, १०१.३ र १०१.5	अधुरा ठेक्का:	४५,८०,०००
४८	२०८०/८१	५५	PNC HOME VISIT	२,०९,८२२
४९	२०७९/८०	५८	सुन्तला पकेट कार्यक्रम	५,९८,०००
५०	२०७९/८०	४६	ब्राण्डनाम उल्लेख भएको तथा वितरणको भर्पाइ पेश नभएको	६,६१,९८२
५१	२०७९/८०	३३	पेश्की बाँकी	४,०७,०००
५२	२०७९/८०	७८.२	परफरमेन्स बण्ड असुल नभएको	२०,६८,०००
५३	२०७९/८०	७७	नन्फाइलर	१,१४,५९२
५४	२०७९/८०	८०	झोलुगे पुलको स्टिल पार्टस खरिदमा ओभरहेड	३,९४,९९१
५५	२०७९/८०	७२	कार्यालयको काम उपभोक्ताा समितिबाट	१६,९२,७१३
५६	२०७९/८०	१०	कर्मचारी करार	२६,३४,५८१
५७	२०७९/८०	५५	करारलाई महगी भत्ता	५,९७,११३
५८	२०७९/८०	६५	उपभोक्ता समितिको अँश	१२,९५,७७९
५९	२०७९/८०	३१.१ र ३१.२	आर्थिक सहायता	१६,३५,०००
६०	२०७९/८०	६३	अमानतबाट कार्य	३,९०,०००

६१	२०७९/८०	८१.२	५ शैय्याको अस्पताल निर्माण	१,००,०००
६२	२०७८/७९	३१	सामुदायिक भवन निर्माण	५०,५३,९२०
६३	२०७८/७९	४२	लागत अनुमान	१८,९१,९४४
६४	२०७८/७९	२०.१	पेश्की	४,०७,०००
६५	२०७८/७९	४३	ढुवानी खर्च	१,५६,५००
६६	२०७८/७९	८	करार कर्मचारी	१९,८९,६५०
६७	२०७७/७८	६६	म.ले.प.फा.नं २२१ प्रमाणित	३,२१,८००
जम्मा				५,६०,१६,३६७

नोट: न्याम्स सिस्टम लागु हुनु भन्दा अगाडी म्यानुअल रुपमा संम्परीक्षणका लागि अनुरोध भई आएको मध्ये निम्न आर्थिक बर्षका निम्न दफाहरु संम्परीक्षण गरिएको छ।

सि.न.	आर्थिक बर्ष	बेरुजु दफा	सक्षिप्त विवरण	संम्परीक्षणभएको रकम
१	२०७५।७६	५६	उक्तबेरुजु सम्बन्धमा प्रदेश सशर्त अनुदान शीर्षकको प्रदेश कोषमा फिर्ता गर्नुपर्नेरू.३९,९२,७५८.०० र निर्वाचन क्षेत्र विकास कोष(प्रदेश) को रू.६४५१४.०० गरी जम्मारू.४०५७२७२.०० फिर्ता गर्नुपर्नेमा प्रदेश सशर्त अनुदान तर्फको रू.८२४९८२.००प्रदेश संचित कोषमा फिर्ता गरेको कोलेनिका संखुवासभाले मिति २०८२।९।७ माप्रमाणित गरेको पत्र र पालिकाको गो.भौ.न. १२२।०७६।८।२२ समेत कट्टि गरेको भौचरसहितको प्रमाण पेश गरेको आधारमासंम्परीक्षण गरिएको छ।	८२४९२२
२	२०७५।७६	५७	उक्तबेरुजु सम्बन्धमा प्रपोजल, कस्ट ईष्टिमेट, स्ट्रान्डर्ड बिड डकुमेन्ट एंवइन्जिनियरिङ्ग प्रतिवेदन सहितको प्रमाण पेश गरेको आधारमा संम्परीक्षण गरिएको छ।	४४१८३०
३	२०७५।७६	८५	उक्तबेरुजु सम्बन्धमा खरिद आदेश तथा मिति२०७६।०३।१६ मा जिन्सी दाखिला गरेको मिति २०७६।०३।२६ मा सामाग्री हस्तान्तरणगरेको र प्राविधिको नापी तथा कार्यसम्पन्न प्रतिवेदन सहितको प्रमाण पेश गरेकोआधारमा संम्परीक्षण गरिएको छ।	४६१०४
४	२०७५।७६	५८	उक्तबेरुजु सम्बन्धमा आदिवासी जनजाती महासंघको नाममा जग्गा स्वामित्व रहेको प्रमाणपेश गरेको आधारमा संम्परीक्षण गरिएको छ।	७१२८०
५	२०७५।७६	७४	सिलाइमेशिन हस्तान्तरण तथा वितरणको प्रमाण पेश हुन आएको।	९७०००
६	२०७५।७६	७५	स्पेशिफिकेशन बेगर मूर्ति खरिद गरेको प्रमाण पेश भई नियमित भई आएको।	१६५०००
७	२०७५।७६	७६	डस्टविन प्रयोगको प्रमाण पेश हुन आएको।	४७९१२
८	२०७५।७६	९८.१	कर कट्टी नभएको असुल भई आएको।	१०९९१
९	२०७५।७६	६९	समनिकरण अनदानबाट शिक्षकको तलव भक्तानी नियमित भई आएको।	९३६०००

[illegible]	[illegible]	[illegible]	[illegible]	[illegible]
१०	२०७५।७६	४९	भुक्तानी दिन बाँकीको कच्चावारी सम्बन्धमा प्रमाण पेश हुन आएको।	१५५५९५
११	२०७५।७६	४६	शिक्षकलाई सेवा सुविधा भुक्तानी नियमित भई आएको।	७००००
१२	२०७५।७६	५९	वाल संजाललाई उपलव्ध गराएको सामानको जिन्सी दाखिला तथा हस्तान्तरणप्रमाण पेश हुन आएको।	५००००
१३	२०७५/७६	३९	सभापोखरीगाउँपालिकाको नगदी रसिद नं. १७५ मिति२०८२।६।२४ बाट असुल भइ प्रमुख प्रशासकीय अधिकृतबाट प्रमाणित भएको प्रमाण पेशगरेको आधारमा संपरीक्षण गरिएको।	६,०००
१४	२०७५/७६	५०	उक्तबेरुजु सम्बन्धमा गो.भा.न.२८६।०७७।२।५ मा पदाधिकारीको सुविधाको रकमबाट उक्तबेरुजु रकम कट्टा गरी बाँकी रकम मात्रभुक्तानी गरेको प्रमाण पेश भएको आधारमा संम्परीक्षण गरिएको छ।	७२०७२०
१५	२०७५/७६	४८	सभापोखरीगाउँपालिका लेखा समितिको मिति २०८२।७।२७ गतेको निर्णय तथा मिति २०८२।८।१६ कोगाउँसभाको निर्णयबाट नियमित भइ संपरीक्षणको लागि अनुरोध भएको आधारमा संपरीक्षणगरिएको छ।	४२४२८०
१६	२०७५/७६	४७	सभापोखरीगाउँपालिकाको नगदी रसिद नं. २४९ मिति२०८२।७।२९ बाट असुल भएको प्रमाण पेश गरेको आधारमा संपरीक्षण गरिएको।	१४,९५०
१७	२०७५/७६	४४	उक्त बेरुजु सम्बन्धमा गो.भा.न. १२८।०७६।९।१६ बाट निजले पाउने रकमरू. २९२०० मा रू. १६,५०० बेरुजु कट्टी गरी बाँकी रकम भुक्तानी भएको गोश्वाराभौचर पेश भएको आधारमा संम्परीक्षण गरिएको छ।	१६,५००
१८	२०७५/७६	६१	उक्त प्रहरी चौकीमा हस्तान्तरण गरेको प्रमाण,चौकीमा आम्दानीजनाएको दाखिला प्रमाण तथा प्रहरी चौकीको च.नं. २४ मिति २०८२।८।७ को पत्रबाट समेतउक्त फर्निचरहरू चौकीमा दाखिला भएको प्रमाण पेश भएको आधारमा संपरीक्षण गरिएको छ।	२१,५००
१९	२०७५/७६	६४	यससम्बन्धमा खाँदबारी नगरपालिकाको च.नं. ५५५ मिति २०८२।६।२६ को पत्रबाट उक्तकार्यक्रममा सहभागि कुनै पनि टोलीका खेलाडीहरुको खाना खाजा बापतको होटल खर्चआयोजकले नबेहोरेको भनि पुष्ट्याइ पेश गरेको पत्रको आधारमा संपरीक्षण गरिएको छ।	७९,६३५
२०	२०७५/७६	७२	सभापोखरीगाउँपालिका लेखा समितिको मिति २०८२।७।२७ गतेको निर्णय तथा मिति २०८२।८।१६ कोगाउँसभाको निर्णयबाट नियमित भइ संपरीक्षणको लागि अनुरोध भएको आधारमा संपरीक्षणगरिएको छ।	५७५८९९०
२१	२०७५/७६	७३.४	वेरुजूदफामा उल्लेखित सामग्रीहरू पालिकाको आम्दानी जनाइ विभिन्न बाल सञ्जालहरूलाईहस्तान्तरण गरेको र विभिन्न विद्यालयहरूमा प्रयोगमा रहेको प्रमाण पेश भएकोआधारमा संम्परीक्षण गरिएको छ।	१९४०००
२२	२०७५/७६	८९	उक्तबेरुजु सम्बन्धमा पालिकाकोनगदी रसिद नं. १८०,१७८ र १७७ (मिति२०८२।६।२६) बाटराजश्व खातामा रू.२,१६२ रकम जम्मा भएको प्रमाण पेश भएको आधारमा संपरीक्षणगरिएको छ।	२,१६२

			पेश भएको आधारमा सम्परीक्षणगरिएको छ।	
२३	२०७६/७७	२०	सभापोखरीगाउँपालिका लेखा समितिको मिति २०८१।९।२२ गतेको निर्णय तथा मिति २०८१।९।२८ कोगाउँसभाको निर्णयबाट नियमित भइ संपरीक्षणको लागि अनुरोध भएको आधारमा संपरीक्षणगरिएको छ।	३६६६००
२४	२०७६।७७	४९	उक्तबेरुजु सम्बन्धमा मिति २०८१।०९।२२ को लेखा समितिको बैठक, गाउँ कार्यपालिकाकोनिर्णय तथा १४ औ हिउदे सभा मिति २०८१।१०।१२ को निर्णय अनुसार संम्परीक्षण गर्नप्रमाण पेश गरेको आधारमा संम्परीक्षण गरिएको छ।	१२२४२१६
जम्मा				११७४६१८७

सभापोखरी गाउँपालिका, संखुवासभा

(८०१०४५०४३००)

सभापोखरी गाउँपालिका , संखुवासभा

परिचय

१ **परिचय**

(क) कार्यालय परिचय :- स्थानीय सरकारले संचालन गर्ने कार्यमा सहकारिता, सह–अस्तित्व र समन्वयलाई प्रवर्दन गर्नु र स्थानीय सरकारका काममा जनसहभागिता, उत्तरदायित्व, पारदर्शिता सुनिश्चित गरी नागरिकलाई गुणस्तरीय सेवा प्रदान गर्नु यस गाउँपालिकाको उद्देश्य रहेको छ । पालिकामा अन्तर्गत ६ वडा २०२.०८ वर्ग कि.मी. क्षेत्रफल तथा ९९७० (२०७८ को जनगणना अनुसार) जन संख्या रहेको छ ।

(ख) लेखापरीक्षणको उद्देश्य :- लेखापरीक्षण गरिने निकायको वित्तीय विवरण तथा कारोबारको परीक्षण गरी उचित आश्वस्तता (Reasonable Assurance) प्रदान गर्नु वित्तीय लेखापरीक्षणको उद्देश्य हो । यस कार्यालयको आर्थिक वर्ष २०८१/८२ को सबै प्रकारका आर्थिक कारोबारको परीक्षण एवं प्रचलित कानुनको परिपालनाको मूल्याङ्कन गरी प्रतिवेदन गर्नु लेखापरीक्षणको उद्देश्य रहेको छ।

(ग) लेखापरीक्षणको क्षेत्र र अवधि :- यस कार्यालयको विनियोजन, राजस्व, धरौटी, कोष तथा अन्य आय-व्यय, मौज्दात हिसाब, वित्तीय व्यवस्थापन, कार्यक्रम सञ्चालन, जिन्सी व्यवस्थापन, जनशक्ति व्यवस्थापन तथा सेवा प्रवाह लगायत आर्थिक वर्ष २०८१/८२ मा सञ्चालित क्रियाकलापलाई लेखापरीक्षण क्षेत्रमा समावेश गरिएको छ। स्थलगत लेखापरीक्षणको अवधि २०८२।५।४ देखि २०८२।५।७ सम्म रहेको छ।

(घ) लेखापरीक्षण विधि :- लेखापरीक्षण ऐन, २०७५ र नेपाल सरकारी लेखापरीक्षण मानदण्ड तथा मार्गदर्शनमा नमुना छनौट गरी लेखापरीक्षण सम्पन्न गर्न सकिने आधार तथा कार्यालयले स्वीकृत गरेको जोखिममा आधारित लेखापरीक्षण योजनाका आधारमा निकायको आन्तरिक नियन्त्रणको परीक्षण तथा विश्लेषणात्मक र विस्तृत परीक्षण विधि अवलम्वनबाट लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन जारी गरिएको छ। लेखापरीक्षण गर्दा देखिएका व्यहोरा सम्बन्धमा कार्यालय प्रमुख तथा लेखा प्रमुख लगायतका पदाधिकारीहरूसँग छलफल सम्पन्न गरी कायम भएका व्यहोराहरू यस प्रतिवेदनमा समावेश गरिएको छ।

(ङ) लेखापरीक्षणको सीमा :- लेखापरीक्षण ऐन, २०७५ र नेपाल सरकारी लेखापरीक्षण मानदण्ड, २०७७ तथा मार्गदर्शनमा नमुना छनौट गरी लेखापरीक्षण सम्पन्न गर्न सकिने आधार तथा महालेखापरीक्षकको कार्यालयले नेपाल लेखापरीक्षण व्यवस्थापन प्रणाली (NAMS) अवलम्बन गरी स्वीकृत भएको जोखिममा आधारित लेखापरीक्षण योजना, लेखापरीक्षण गरिएको निकायबाट पेश भएका लेखा एवं सोसँग सम्बन्धित कागजात, विवरण, लिखित प्रतिनिधित्व पत्र, लेखापरीक्षण अनुबन्ध पत्र समेतको आधारमा लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन जारी गरिएको छ। आम्दानी तथा खर्चलाई नतिजासँग तुलना गरी विश्लेषण गर्नका लागि पर्याप्त भौतिक एवं स्थलगत अवलोकन गर्न भौगोलिक कठिनाइ, समय सीमा, स्रोतको उपलब्धता, प्रमाणको प्रकृति तथा पहुँच जस्ता अन्तर्निहित जोखिमहरु सीमाको रुपमा रहेका छन्। सारभूत रूपमा उल्लेखनीय नदेखिएका व्यहोरालाई प्रतिवेदनमा समावेश गरिएको छैन।

(च) आर्थिक कारोबारको स्थिति :- पालिकाको आय तर्फ रू. ४४,१६,२२,६२८.४१ र व्ययतर्फ रू. ४३,८०,१०,७८३.०७ गरी जम्मा रू. ८७,९६,३३,४११.४८ को लेखापरीक्षण सम्पन्न गरिएको छ। सो को विस्तृत विवरण अनुसूची -१ मा संलग्न छ।

(छ) लेखापरीक्षणमा परीक्षण गरिएका मुख्य विषयहरु :- लेखापरीक्षण योजना अनुसार परीक्षण गरिएका विषयहरु अनुसूची – २ मा संलग्न छ।

(ज) लेखापरीक्षणको क्रममा असुली :- लेखापरीक्षणको क्रममा रू. ४६,७५० असुल भई दाखिला प्रमाण पेश भएको छ।

लेखापरीक्षणबाट देखिएका व्यहोराहरु

२ **एकिकृत वित्तीय प्रतिवेदन**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७२ मा नेपाल सरकारले निर्धारण गरे बमोजिम आय र व्ययको बर्गिकरण तथा खर्च शीर्षक सम्वन्धी व्यवस्था अवलम्बन गर्नुपर्ने, दफा ७६(२) मा महालेखा परीक्षकवाट स्वीकृत भए वमोजिमको ढाँचामा लेखा राख्नु पर्ने व्यवस्था गरेको छ। पालिकाले महालेखापरीक्षकबाट २०७९।८।२० मा स्वीकृत भएको सार्वजनिक क्षेत्र लेखामान (NPSAS) अनुसार लेखाङ्कन तथा प्रतिवेदन गर्नुपर्दछ। पालिकाले उपलब्ध गराएको स्थानीय सरकारको कोष प्राप्ति र भुक्तानीको स्वीकृती वार्षीक प्रतिवेदन (म.ले.प.फा.न. २७०) सम्वन्धमा निम्नानुसार देखिएको छ ।

आयतर्फ			सि.नं	व्ययतर्फ			
सि नं	बिबरण	रकम	रकम	सि नं.	बिबरण	रकम	रकम
१	**गत वर्षको जिम्मेवारी**		३८९७६९७६.२५	१	**चालु खर्च**		१९९६२०२६५.५
	ग.४.१ संचित कोष	२८५१२५४८		**२**	**पूँजीगत खर्च**		११८६७५५९३.१
	ग.३.१ धरौटी खाता	६५७०८६०		**३**	**विभिन्न कोषतर्फको खर्च**		१९४०८८२८.२९
	ग.२.७ विविध खर्च खाता	१००९३१६			क) विविध खर्च खाता/कोष	१४०६१९५८	
	ग.५.१ विविध कोष कोष	५५५९०५			ख) प्रकोप व्यावस्थापन कोष	२४०२८२८	
	ग.७.२ प्रकोप व्यावस्थापन कोष	२३२८३४७.२			ख) धरौटी फिर्ता	२९४४०४२	
२	**आन्तरिक आय**		८६१७३७२.२५	**४**	**अनुदान फिर्ता**		१३६२९५४०.५
३	**राजस्व बाँडफाँड**		७२६१८६९९.५		क) संघीय सरकार तर्फ फिर्ता	१२९००३६४	
	क) संघीय राजस्व बाँडफाँड	६७५२२७३६			ख) प्रदेश सरकार तर्फ फिर्ता	७२९१७७	
	ख) प्रदेश राजस्व बाँडफाँड	४१३९०५६.३		**५**	**मौज्दात**		४२५८८८२१.५९
	ग) स्थानीय राजश्व बाँडफाँड	९५६९०६.८४			ग.४.१ सञ्चित कोष खाता	२३१२२८७९	
४	**वित्तीय हस्तान्तरण संघ**		२२७५२९८८८		ग.३.१ धरौटी खाता	८७७८४९१	
	क) वित्तिय समानीकरण अनुदान	७८३६३०४०			ग.७.२ प्रकोप व्यावस्थापन कोष	४६७६२९.२	
	ख) सशर्त अनुदान	१२८५१८५००			ग.२.७ विविध खर्च खाता	९६६३९१८	
	ग) समपूरक अनुदान	१०६४८२२३			ग.५,१बिबिध कोष खाता	५५५९०५	
	घ) विशेष अनुदान	१००००१२५		**६**	**अन्तर स्थानीय तहबाट प्राप्त खर्च**		८६६७६५५५.६१
५	**प्रदेश सरकारबाट प्राप्त अनुदान**		१७७६९७७०		क) सामाजिक सुरक्षा	४६६८३६१५	
	क) वित्तिय समानीकरण अनुदान	५२७००००			ख) स्थानीय तह प्रशासकीय भवन पुर्वाधार विकास कार्यक्रम	१६५७३६५२	

	ख) सशर्त अनुदान	५२८३०००			ग) एकिकृत स्वस्थ्य पूर्वाधार विकास कार्यक्रम	२३१४७२८९	
	ग) समपुरक	७२१६७७०			घ) विद्यालय शिक्षा क्षेत्र योजना केन्द्र स्तर	४२०००	
६	**अन्तर सरकारबाट प्राप्त**		८६६७६५५५.६१		ङ) स्वास्थ्य क्षेत्र सुधार कार्यक्रम	२३००००	
	क) सामाजिक सुरक्षा	४६६८३६१५					
	ख) स्थानीय तह प्रशासकीय भवन पुर्वाधार विकास	१६५७३६५२					
	ग) एकिकृत स्वस्थ्य पूर्वाधार विकास कार्यक्रम	२३१४७२८९					
	घ) विद्यालय शिक्षा क्षेत्र योजना केन्द्र स्तर	४२०००					
	ङ) स्वास्थ्य क्षेत्र सुधार कार्यक्रम	२३००००					
७	**विभिन्न आय**		१७१५७००२.४				
	क) सडक बोर्ड नेपाल	३७०००००					
	ख) पर्यटन बोर्ड नेपाल	९९७००२.४					
	ग) हाइड्रो पावरबाट CSR	१२४६००००					
८	**विभिन्न कोषतर्फको आय**		११२५३३४०.६५				
	क) विविध खर्च खाता/कोष	७६८५६५					
	ख) प्रकोप व्यावस्थापन कोष	५४२१०९.९५					
	ग) धरौटी आय	५१५१६७३.२					
	घ) जनसहभागीता नगद	४७९०९९२.६					
	जम्मा		**४८०५९९६०४.७**			**जम्मा**	**४८०५९९६०४.७**

(विस्तृत विवरण बेरूजु दफा २ सँग सम्बन्धित अनुसूचीमा संलग्न छ ।)

३ वार्षिक खरिद योजना/गुरुयोजना

सार्वजनिक खरिद ऐन, २०६३ ले सार्वजनिक निकायले तोकेको सीमा भन्दा बढी रकमको खरिद गर्दा तोकिए बमोजिमको खरिद गुरुयोजना र वार्षिक खरिद योजना तयार गर्नुपर्ने व्यवस्था छ । यस्तै सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ७ ले वार्षिक १० करोड भन्दा बढीको खरिद गर्दा गुरुयोजना तयार गर्नुपर्ने नियम ८ ले वार्षिक १० लाख भन्दा बढीको खरिद गर्दा वार्षिक खारिद योजना

बनाउनुपर्ने व्यवस्था छ । यस पालिकाले विभिन्न शीर्षक अन्तर्गत वार्षिक रु.११,८६,७५,५९३.१३ पूँजीगत खर्च/खरिद निर्माण कार्य गरेको छ । तर पालिकाले आफ्नो खरिद नियमावली नबनाएको अवस्थामा उक्त ऐन, नियम बमोजिम वार्षिक खरिद योजना र गुरु योजना नबनाई खरिद कार्य गरेको देखियो । अतःपालिकाले उक्त नियमावली बमोजिम खरिद योजना/गुरुयोजना बनाई व्यवस्थित र प्रभावकारी हुने गरी खरिद कार्य गर्नुपर्दछ ।

४ **खर्च बिश्लेषण**

पालिकाले यस वर्ष कुल आन्तिरक आयबाट रु. ८६,१७,३७२ राजस्व बाँडफाँड र अनुदानबाट रु. ३१,७९,१८,३५७ समेत रु . ३२,६५,३५,७२९.५ आम्दानी भएकोमा चालु तर्फ रु. १९,९६,२०,२६५.५४ र पूँजिगत तर्फ रु. ११,८६,७५,५९३.१३ समेत रु. ३१,८२,९५,८५८.६७ खर्च भएको छ । खर्च मध्ये आन्तरिक आयको हिस्सा २.७ प्रतिशत रहेको छ । यसवर्ष पदाधिकारी सुबिधामा रु. ६२,८४,५६२ खर्च भएको छ जुन आन्तरिक आयको ७२.९३ प्रतिशत रहेको छ । पालिकालाई प्राप्त भएको सबै अनुदान र राजस्व बाँडफाँडको रकमबाट ६२.७२ प्रतिशत चालु र ३७.२८ प्रतिशतमात्र पूँजिगत निर्माणमा खर्च भएको देखिन्छ । यसबाट पालिकाले विकास निर्माण कार्यक्रम सञ्चालनमा न्युन खर्च गरी प्रशासनिक कार्यमा बढी खर्च गरेको देखिन्छ । प्रशासनिक खर्च नियन्त्रण गर्दै प्राप्त अनुदान र राजस्व बाँडफाँडको रकम अधिकरुपमा विकास निर्माणमा परिचालन गरिनुपर्दछ।

५ **योजनाको प्राथमिकीकरण**

स्थानीय सरकार सञ्चालन ऐन,२०७४ को दफा २४ मा स्थानीय तहले आवधिक योजना बनाई लागू गर्नुपर्ने उल्लेख गरेको छ । स्थानीय तहले योजना तथा बजेट तर्जुमा दिग्दर्शन, २०७४ को दफा ५.२.४ सँग सम्बन्धित अनुसूची ३ मा आयोजना प्राथमिकीकरणका आधारहरू गरिवी निवारण, उत्पादनमूलक, रोजगारी, लागत सहभागिता, स्थानीय स्रोत र साधन, समावेशी विकास, दिगो र वातावरण संरक्षण र भाषिक र सांस्कृतिक विकास उल्लेख गरेको छ र सोही अनुसार गणना गरी प्राथमिकता आधारमा योजना छनौट गर्नु पर्ने व्यवस्था छ। तर पालिकाले आर्थिक वर्ष २०८१।८२ मा निम्नअनुसार ६ वडाको लागि वडागत र पालिकास्तरका कुल ११८ योजनामा वजेट विनियोजन गरेकोमा देहाय बमोजिमका योजना मात्र सम्पन्न भएको बिबरण प्राप्त भएको छ ।

क्र.स.	कार्यक्रमको नाम	योजना संख्या	रू.२० लाख माथिका योजना संख्या	रू. ५ लाख देखि २० लाख सम्मका योजना संख्या	रू. ५ लाख भन्दाका कमका योजना संख्या
१	पालिका स्तरीय	४४	६	२३	१५
२	वडा स्तरीय	५९	०	८	५१
	जम्मा	१०३	६	३१	६६

उपर्युक्त विवरण अनुसार पालिकाले साना र वितरणमुखी योजनाहरु सञ्चालन गरेको देखिन्छ । जसले गर्दा सञ्चालित योजनावाट दीर्घकालिन प्रतिफल प्राप्त नहुनका साथै चालु प्रकृतिका खर्चमा बृद्धि भै लागत प्रभावीन हुने तथा निर्माण कार्यको गुणस्तरमा समेत प्रश्न उठ्ने गरेको छ । त्यसैगरी यो वर्ष सभाले पारित गरेका उल्लिखित योजना मध्ये १०३ योजनामात्र कार्यान्वयन भई १५ वटा योजना कार्यान्वयन हुन सकेको देखिएन । तसर्थ पालिकाले योजना वस्तुनिष्ठ तवरले प्राथिमिकीकरण र छनौट गरी प्रभावकारी कार्यान्वयन गर्नुपर्दछ ।

६ **बजेट तथा कार्यक्रम तर्जुमा**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६७(१) मा ४ प्रकारका ७ सदस्यीय बजेट तथा कार्यक्रम तर्जुमा समिति गठन गरी आगामी वर्षको नीति तथा कार्यक्रम, बजेट तथा कार्यक्रम, कार्यक्रमको प्राथमिकीकरण, विषय क्षेत्रगत कार्यक्रम, योजना तथा कार्यक्रममा दोहोरोपना हुन नदिई आपसी तादाम्यता तथा परिपूरकता कायम गर्नुपर्ने व्यवस्था अनुसार समिति गठन गरेको भएता पनि आगामी आर्थिक वर्षको नीति तथा कार्यक्रम, कार्यक्रमको प्राथमिकीकरण, कार्यक्रमबीच परिपूरकता कायम गरेको समेत नदेखिएकाले बजेट तर्जुमा गर्दा ऐनमा भएको व्यवस्थाको परिपालनामा ध्यान दिनुपर्दछ ।

७ **क्षेत्रगत बजेट र खर्चको स्थिति**

स्थानीय तहको एकीकृत, समानुपातिक र दिगो विकासका क्षेत्रगत रुपमा समानुपातिक बजेट विनियोजन गरी खर्च गर्नुपर्ने हुन्छ । यस पालिकाको २०८१।८२ को क्षेत्रगत बजेट र खर्चको स्थिति देहाय अनुसार रहेको देखिन्छ । उपर्युक्त विवरण अनुसार सभाले विनियोजन गरेको बजेट पूर्वाधार विकास क्षेत्रमा सबै भन्दा बढी ७८.७८ प्रतिशत वातावरण तथा विपद् व्यवस्थापन र संस्थागत विकास र सेवाप्रवाहको क्षेत्रमा बजेट विनियोजन भएपनि कुनै पनि खर्च भएको छैन ।

क्र.स	क्षेत्र	बजेट	खर्च	खर्च प्रतिशत
१	आर्थिक विकास	१४९९१०००	१०४१८७८.२२	६९.५
२	सामाजिक क्षेत्र	१७३२३१६४४	१४९५३००८३.८६	८६.३२
३	पूर्वाधार विकास क्षेत्र	११९९७५३१५	९४५१४९१६.४२	७८.७८
४	वातावरण तथा विपद् व्यवस्थापन	१००००००	०	०
५	संस्थागत विकास र सेवाप्रवाह	०	०	०
६	वित्तीय व्यवस्थापन र सुशासन	४५३२०००	२७६२०४१	६०.९
७	कार्यसञ्चालन तथा प्रशासनिक खर्च	७८७४८९६३	६१०७००३५.१७	७७.५५
	जम्मा	३९२४७८९२२	३०८९१८९५४.६७	८१.०९

८ वित्तीय विवरणको यथार्थता

पालिकाको आर्थिक कार्यप्रणालीको लेखाङ्कनको गर्न स्थानीय सञ्चित कोष व्यवस्थापन प्रणाली (सुत्र) प्रयोगमा रहेको छ । आर्थिक कारोबार गर्दा सुत्रको प्रयोग गरी सम्पूर्ण आर्थिक कारोवारको लेखाङ्कन तथा प्रतिवदेन गर्नुपर्दछ भने सोही प्रणालीबाट स्थानीय सरकारको कोषको प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन (म.ले.प.फा.नं २७०) तयार गर्नुपर्छ । पालिकाले निम्न शिर्षकहरु सुत्रमा लेखाङ्कन गरेको छैन । जसले गर्दा सुत्रबाट तयार भएको वित्तीय विवरण समेत पूर्ण नहुँदा पालिकाको यथार्थ आर्थिक अवस्थाको चित्रण गरेको छैन । तसर्थ सबै आर्थिक कारोबार सुत्र मार्फत हुने र सबै कारोबार वित्तीय विवरणमा समावेश गर्ने व्यवस्था गर्नुपर्दछ ।

सि.न.	शिर्षक	बजेट	खर्च
१	सामाजिक सुरक्षा	४६६८३६१५	४६६८३६१५
२	स्थानीय तह प्रशासकीय भवन पुर्वाधार विकास कार्यक्रम	१६५७३६५२	१६५७३६५२
३	एकिकृत स्वस्थ्य पूर्वाधार विकास कार्यक्रम	२३१४७२८८.६१	२३१४७२८८.६१
४	विद्यालय शिक्षा क्षेत्र योजना केन्द्र स्तर	४२०००	४२०००
५	स्वास्थ्य क्षेत्र सुधार कार्यक्रम	२३००००	२३००००
	जम्मा	८६६७६५५५.६१	८६६७६५५५.६१

९ बजेट पेश, पारित र अख्तियारी

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१ मा स्थानीय तहले आगामी आर्थिक वर्षको राजस्व र व्ययको अनुमान कार्यपालिकाबाट स्वीकृत गराई असार १० गते भित्र पेश गर्ने र यसरी पेश भएको बजेट छलफल गरी असार मसान्तभित्र सभाबाट पारित गर्नुपर्ने व्यवस्था छ । सोही ऐनको दफा ७३ मा सभाबाट बजेट स्वीकृत भएको ७ दिनभित्र स्थानीय तहका प्रमुखले प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गर्नुपर्ने व्यवस्था छ । यस पालिकाको उप प्रमुखले मिति २०८१।३।१० मा रु. ३९ करोड १४ लाखको बजेट सभा समक्ष पेश गरेकोमा सभाबाट मिति २०८१।३।१० मा पारित भएको छ । यसै गरी स्थानीय तहका प्रमुखले मिति २०८१।४।२ मा प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गरेको देखिन्छ । उल्लेखित ऐन बमोजिम अख्तियारी प्रदान गरि आर्थिक वर्ष भित्र सम्पन्न गरि सक्ने गरी बजेट, कार्यक्रम र योजना व्यवस्थापन गर्नु पर्दछ ।

१० त्रैमासिक पूँजीगत खर्च

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३५ बमोजिम बजेट तथा कार्यक्रम कार्यान्वयन गर्ने कार्यालयले त्रैमासिक प्रगति विवरण वनाई कार्यसम्पादन गर्नुपर्ने व्यवस्था छ।पालिकाले उपलव्ध गराएको विवरण अनुसार त्रैमासिक पूँजीगत खर्चको स्थिति देहाय बमोजिम छ ।

क्र.स.	बजेट शिर्षक उपशिर्षक	कुल खर्च	त्रैमासिक खर्च				
			प्रथम	दोस्रो	तेस्रो	चौथो	आषाढ महिना
१	पूँजीगत खर्च	११८६७५५९३.१३	६१६८६५५	१३४९१५८२.६	३०३५५६८५.४६	६८६५९६६७०.०७	१७७७५०८
२	खर्च प्रतिशत	१००	५.२	११.३७	२५.५८	५७.८५	१४.९८

पालिकाले उपलब्ध गराएको विवरण अनुसार वार्षिक रु. ११,८६,७५,५९३.१३ खर्च भएकोमा प्रथम त्रैमासिकमा रु. १,३४,९१,५८२.६० (५.२ प्रतिशत), दोस्रो त्रैमासिकमा रु. १,३४,९१,५८२.६० (११.३७ प्रतिशत) र तेस्रो त्रैमासिकमा रु. ३,०३,५५,६८५.४६ (२५.५८ प्रतिशत) खर्च गरेको देखिएको छ । यसरीनै चौथो त्रैमासिकमा रु. ६,८६,५९,६७०.०७ (५७.८५ प्रतिशत) र आषाढमा महिनामा रु. १,७७,७५,०८२ (१४.९८ प्रतिशत) मात्र खर्च देखिनुले चौथो त्रैमासिक र आषाढ महिनामा आएर खर्चको चाप बढेको देखिएकाले सन्तुलित खर्च व्यवस्थापन भएको देखिएन । स्वीकृत कार्यक्रम अनुसार त्रैमासिक रुपमा सन्तुलित खर्च हुने गरी कार्यक्रम कार्यान्वयन गरिनुपर्दछ । वर्षान्तमा हतारमा काम गराउँदा कामको गुणस्तरमा असर पर्ने देखिएकोले नियममा भएको व्यवस्था अनुरुप आषाढमा खर्च गर्ने परिपाटीमा नियन्त्रण गर्नुपर्दछ ।

११ स्थानीय तथ्याङ्क, अभिलेख तथा स्रोत नक्साङ्कन

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ बमोजिम स्थानीय तहले आफ्नो क्षेत्र भित्रको आधारभुत तथ्याङ्क सङ्कलन, अभिलेख र सोको व्यवस्थापन गर्नुपर्ने तथा आफ्नो क्षेत्रभित्रको शैक्षिक, भौगोलिक अवस्था, प्राकृतिक स्रोत अन्तर्गत खानी, जंगल तथा अन्यस्रोत, पूर्वाधार अन्तर्गत सडक, पुल, खानेपानी लगायतको अभिलेख तथा श्रोत नक्साङ्कनसहितको पालिकाको प्रोफाइल तयार गर्नुपर्ने व्यवस्था छ।पालिकाले स्थानीय तथ्याङ्क सम्बन्धी नीति, कानून र सोको मापदण्ड बनाएको तथा स्रोत नक्साङ्कन गरेको देखिएन। स्थानीय तहका प्राथमिकीकरणका क्रियाकलाप सञ्चालनमा तथ्याङ्कले महत्वपूर्ण भुमिका खेल्ने हुँदा सोको सङ्कलन र अभिलेख राख्ने कार्य गर्नुपर्दछ ।

१२ आन्तरिक नियन्त्रण

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७८ बमोजिम आन्तरिक नियन्त्रण प्रणाली तयार गरी लागु गरी तयार गर्नुपर्ने व्यबस्था रहेको छ ।पालिकाले त्यस्तो प्रणाली तयार गरी लागु गरेको पाईएन । जसले गर्दा पालिकाको आन्तरिक नियन्त्रण प्रणाली कमजोर रहेको र सोमाथी विश्वस्त हुन सक्ने अवस्था छैन । यस सम्बन्धमा परीक्षण गर्दा पालिकाले एक आर्थिक बर्ष भित्र भएको आर्थिक कारोबारको अनुसुची ११ बमोजिमको ढाँचामा बार्षिक प्रतिवेदन तयार नगरेको, पालिका स्तरको सार्वजनिक खरिद नियमावली तर्जुमा नगरेको, सार्वजनिक खरिद ऐन, २०६३ को नियम ६ अनुसार सार्वजनिक निकायले तोकिएको सीमा भन्दा बढी रकमको खरिद गर्दा तोकिए बमोजिम खरिदको गुरु योजना र वार्षिक खरिद योजना तयार गर्नुपर्नेमा तयार नगरेको, पालिकाले विगतमा परामर्शदाताबाट बिस्तृत परियोजना प्रतिवेदन तयार गरकोमा सोको कार्यान्वयन र अध्यावधिक अभिलेख नराखेको, पालिकाले आफ्नो क्षेत्रभित्रत्का बिद्यालयको अनुगमन मापदण्ड तयार नगरेको, बिद्यालय अनुगमन मापदण्ड तयार गरी नियमित अनुगमन गर्ने र अनुगमन प्रतिवेदन सार्वजनिक गर्ने व्यबस्था नरहेको, पालिकाले उदेश्य प्राप्तीमा आइपर्ने सम्भावित जोखिमहरु पहिचान गरी निराकरणको प्रयास गरेको अभिलेख नराखेको, म.ले.प फाराम ८०१ देखि ८०५ सम्मका लेखा परीक्षण तथा बेरुजु व्यवस्थापन सम्बन्धी फारामहरु अभिलेख नराखेको, मन्त्रालयको मिति २०७३।१२।२५ को आर्थिक कारोबार तथा खाता सञ्चालन सम्बन्धमा थप स्पष्ट पारिएको परिपत्रको दफा १७ बमोजिम यस स्थानीय तहमा समाहित भएका साविक गाँउ विकास समिति तथा व्यक्तिगत नाममा रहेको पेश्की तथा बेरुजु र कोष तथा खातामा बाँकी रहेको रकम पालिकामा जिम्मेवार सारेको र नियमानुसार पेश्की फछ्र्यौट तथा बेरुजु सम्परीक्षण कार्य गरेको अभिलेख

नराखेको समेतका व्यहोरा देखिएकोले आन्तरिक नियन्त्रण प्रणाली तयार गरी पालिकाको कार्य सञ्चालन तथा व्यबस्थापनलाई प्रभावकारी बनाउनुपर्दछ ।

१३ **बिभाज्य कोष खाता**

कोशी प्रदेशको आर्थिक ऐन २०७९ को दफा २ अनुसूची १ बमोजिम संकलन गरिने रजिष्ट्रेशन शुल्क लगायतको रकम बाँडफाँड गरी प्रदेश सरकारको नाममा ४० प्रतिशत र स्थानीय तहको नाममा ६० प्रतिशत रकम पठाउनु पर्ने उल्लेख छ । पालिकाले यस वर्ष दहत्तर बहत्तर बापतको रु. १५४१९९३.५१ आम्दानी गरेकोमा प्राप्त आयको ४० प्रतिशतले हुने रकम रु. ६१६७९७.४० प्रदेश सञ्चित कोष दाखिला गर्नु पर्नेमा रु.६०८७९७.४१ मात्र दाखिला गरेकोले बाँकी रु. ७९९९.९९ नियमानुसार प्रदेश सञ्चित कोष दाखिला हुनुपर्दछ।

१४ **भुक्तानी दायित्व**

आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व ऐन, २०७६ को दफा ९(घ) मा बहुबर्षीय खरिद र बिशेष परिस्थितिबाट सृजित दायित्व मध्ये आगामी बर्ष भुक्तानी गर्नुपर्ने बाँकी रकम समावेश गरेर बजेट बनाउने व्यवस्था छ ।साथै नियमावली, २०७७ को नियम ३९ को उपनियम २ मा कार्यालयले चालु आर्थिक बर्षको विनियोजित बजेटले नखाम्ने र बढी खर्च हुने गरी दायित्व सिर्जना गर्नु हुदैन भनी उल्लेख गरेको छ । पालिकाले नियमित र चालु प्रकृतिका खर्चको गत विगतको भुक्तानी दिन बाँकी दायित्व बजेटमा समावेश नगरि पूँजिगत शिर्षकमा जम्मा रु. ८३,११,२३१ र चालु प्रकृतिका शिर्षकमा रु. १२,१८,७३४ भुक्तानी दिएको छ । पालिकाले गतबर्षको भुक्तानी दिन बाँकीको खाता तथा कच्चावारी (म.ले.प.फा.नं.२२१) प्रमाणित तथा यस बर्षको बजेटमा समेत गत बर्षको भुक्तानी दिन बाँकीको व्यबस्था नगरी भुक्तानी दिएको छ । साथै आर्थक बर्ष २०८२।०८३ मा भूक्तानी हुने गरि यस बर्ष रु. ४१,७५,००० बाँकी रहेको छ । ऐनको प्रावधान अनुरुप बहुवर्षीय खरिद र विशेष परिस्थितिबाट सृजित दायित्वमात्र गत विगतको भुक्तानी दिने गरी बजेट निर्माण गर्नेतर्फ पालिकाले ध्यान दिनुपर्दछ । तसर्थ यस्तो भुक्तानी नियमसम्मत देखिएन ।

सि नं	कार्यक्रम/ शिर्षक /योजना	रकम
१	लेब्राङ आँपटारी देविदह झो.पु. निर्माण	१०००००
२	फाकुवा वृहत खा पा योजना एक घर एक धारा निर्माण	१५०००००
३	दानावारी जामुने मोटरबाटो ट्र्याक ओपन	८५२०००
४	कैलाश मा.वि. पावा-राष्ट्रपति शैक्षिक सुधार कार्यक्रम अन्तर्गतको ४ कोठे भवन निर्माण	११९७८२१
५	लङ्ुवा खोला झो.पु. निर्माण	१०००००
६	ओलंगा ट्र्याक ओपन	६०००००
७	महाबीर थापली खानेपानी योजना निर्माण - रेडक्रस साझेदारी	१२०४२४५
८	छाँगेखोला खानेपानी योजना निर्माण - रेडक्रस साझेदारी	२७५७१६५
	पूँजीगत तर्फको जम्मा	८३११२३१
९	ल्याव समाग्री तथा केमिकल्स	२८९९७६
१०	आधारभूत स्वास्थ्य चौकी व्यवस्थापन	३३७४०
११	विपन्न परिवारका लागी सौचालय	५००००
१२	अस्पतालको वालमा प्रयोग गर्ने पाइप खरिद	४२१९४
१३	शारदा आ.बि वितलब वाल कक्षा व्यवस्थापन	३६३८०
१४	जोहन किरान पसल सभापोखरी	१४६७०
१५	सन्तोष एण्ड सलमान ग्यारेज खादवारी	९६००
१६	रञ्जु स्टोर सभापोखरी	११०००
१७	सन्तोष एण्ड सलमान ग्यारेज खादवारी	१२४००
१८	जिया मोटरसाइकल वर्क सप सभापोखरी	३७२५०
१९	जिया मोटरसाइकल वर्क सप सभापोखरी	२७५००
२०	एकेडेमिक सप्लायर्स एण्ड स्टेशनरी खाँदवारी	११४८०
२१	सक्षम फर्निचर उद्योग	११३००
२२	नर्सरी घर स्थापना कार्यक्रम	२५००००
२३	षडानन्द कृषि तथा पशुपालन बहुउद्देश्य फर्म	१७०००
२४	सभापोखरी धार्मिक एंव पर्यटकीय स्थल संरक्षण समितिलाई भूक्तानी	३८४१०
२५	विपना होटल	४५४०
२६	टोल विकास संस्थानलाई कार्यालय व्यवस्थापन	५००००
२७	जिवन स्टोर्स एण्ड सप्लायर्स सभापोखरी	३५००
२८	दुग्ध चिस्यान केन्द्र मर्मत तथा निर्माण	४२००
२९	दुग्ध चिस्यान केन्द्र मर्मत तथा निर्माण खर्च	८३००

३०	मनो परामर्श सम्बन्धी जिल्ला स्तरिय गोष्ठी	२०००००
३०	ज्योति अटो स्पेयर एण्ड पार्टस	७१५०
३१	महालक्ष्मी अटो मोबाइल फ्युल सेन्टर	१३१४४
३२	स्वयम सेविकाको लागि आवश्यक सामाग्री खरिद	३५०००
	चालु तर्फको जम्मा	१२१८७३४
	अनियमित भएको	१२,१८,७३४

१५ **राजस्व अभिलेख**

कार्यालयले राजस्वको अभिलेख अध्यावधिक गरी सोको लेखापरीक्षण गराउने जिम्मेवारी कार्यालय प्रमुखको हुने व्यवस्था रहेको छ । पालिकाबाट रसिद ठेलिहरु छपाई गरेर वडा कार्यालयमा पठाउने गरेकोमा सोको पुरा अभिलेख पालिकामा आएको छ । पालिकाबाट सवै वडाहरुमा पनि स्वचालित प्रणालि जडान गरी राजस्व सङ्कलन गर्ने तर्फ कार्यालयको ध्यान जानुपर्दछ । यसले गर्दा व्यक्तिहरुले छुट्टै रसिद छपाउने जोखिम विद्यमान रहन्छ । यसको सम्बन्धमा पालिकाबाटै छानविन गर्नुपर्दछ । अतः पालिकाले आगामी दिनमा रसिद नियन्त्रण तथा राजश्व असूलीलाई स्वचालित प्रणाली मार्फत व्यवस्थापन सम्बन्धमा विशेष ध्यान पुर्याउनु पर्ने देखियो।पालिकाले उपलब्ध गराएको विवरण अनुसार देहायबमोजिमका नगदि रसिद ठेलिहरुको आम्दानी तथा वितरण गरि बाँकी रहेको देखियो ।अतः यसरी नगदी रसिदको प्रयोग गर्नुको सट्टा सम्पूर्ण आम्दानीलाई स्वचालित प्रणालीमा आवद्ध गर्नु पर्दछ ।

अल्या	छपाई	वितरण	मौज्दात बाँकी
११ ठेली	४० ठेली	४० ठेली	११ ठेली (रसिद न १०१ देखि १५० सम्म १ ठेलि, रसिद नम्बर ३५१ देखि ४०० सम्म १ ठेलि, ८०१ देखि ८५० १ ठेली १६०१ देखि २००० गरि जम्मा ८ ठेलि गरि ११ ठेली मौज्दात बाँकी रहेको पाईयो)

१६ **मसलन्द तथा कार्यालय समाग्री खरिद**

सार्वजनिक खरिद ऐन, २०६३ को दफा ६ र नियमावली २०६४ को नियम (७), (८) र १६ अनुसार गठन गरी रु.१० लाख भन्दा माथि खरिद गर्न पर्ने भएमा वार्षिक खरिद योजना र रु.१० करोड भन्दा बढी खरिद गर्नु पर्ने भए खरिदको गुरु योजना स्वीकृत गराउनु पर्ने र खरिदको गुरु योजना प्रत्येक आर्थिक वर्षमा अद्यावधिक गर्नु पर्ने व्यवस्था छ । पालिकाले यस वर्ष मसलन्द तथा कार्यालय सामग्रीमा रू. २६ लाख २५ हजारको खरिद गरेको छ । पालिकामा खरिद इकाई गठन नभएको तथा खरिद योजना तयार नगरी पटक पटक टुक्रा पारी खरिद गरेको पाइयो । आगामी वर्षमा नियमको पालना गरी खरिद कार्यलाई व्यवस्थित गर्नुपर्दछ ।

१७ **बरवुझारथ**

आर्थिक कार्याविधि तथा वित्तिय उत्तरदायीत्व नियमावली २०७७ को नियम १०३ मा कुनै कर्मचारी सरुवा, बढूवा वा अवकाश भई आफु कार्यरत कार्यालय छाडी जाँदा आफ्नो जिम्मामा रहेको नगद, जिन्सी, मालसामान हालवालालाई वा हालवाला नभए कार्यालय प्रमुखले तोकेको कर्मचारिलाई बरबुझारथ गर्नुपर्ने र नियम १०४ मा बरबुझारथ गर्ने कर्मचारीलाई साविक कार्यालयबाट अनुसूची-१८ वमोजिमको ढाँचामा बरबुझारथ प्रमाणपत्र दिनुपर्ने व्यवस्था छ । उद्यम विकास सहजकर्ता कमला वि.क.ले सामसुङको ट्यापलेट १ थान बुझिलिएकोमा उक्त सामान पालिकालाई बुझाएको छैन । सो सामान सरकारी वाँकी सरह अशुल गरि आम्दानी बाँध्नु पर्दछ । जिन्सी शाखा प्रमुखले कुनै पनि पदाधिकारीलाई सरकारी कामको सिलसिलामा प्रयोग गर्ने गरी दिएको जिन्सी मालसामान व्यक्तिगत सहायक खातामा बुझेको हस्ताक्षर गराई जिन्सी अभिलेख व्यवस्थित गराउनुपर्दछ ।

१८ **सवारी साधन मर्मत**

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १३ (५) मा सार्वजनिक निकायले कुनै मालसामान मर्मत सम्भारको लागत अनुमान तयार गर्न त्यस्तो निकायमा त्यस सम्बन्धी विशेषज्ञ वा दक्ष कर्मचारी भए त्यस्तो कर्मचारीबाट र त्यस्तो कर्मचारी नभए त्यस्तो काम गर्ने व्यक्ति, कम्पनी वा संस्थाबाट लागत अनुमान तयार गराउनुपर्ने तथा नियम ९६ मा मालसामान मर्मत गर्न नयां सामान खरिद गरेकोमा पुराना पाटपुर्जा उपकरणको प्रतिस्थापन गरिएको कुरा सम्बन्धित प्राविधिकबाट प्रमाणित गराई पुराना सामान जिन्सी दाखिला गर्नुपर्ने

व्यवस्था छ । पालिकाले यस वर्ष सवारी साधन मर्मत शीर्षकमा रू. १७ लाख ०१ हजार खर्च गरेकोमा मर्मत संभार गर्दा सम्बन्धित प्राविधिकबाट मर्मतको लागत अनुमान नबनाई अधिकांश सवारी साधनको मर्मत गर्ने गरेको पाइयो । यसरी मर्मत कार्य गर्दा वास्तविक मर्मत कार्य गर्नुपर्ने यकिन नहुने हुँदा सवारी साधन मर्मत गर्दा नियमको पालना गरी सम्बन्धित प्राविधिकबाट लागत अनुमान तयार गरी मितव्ययी तरिकाले गर्नुपर्दछ ।

१९ कानून र सञ्चालन स्थिति

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ अनुसार स्थानीय तहहरुले आफ्नो अधिकार क्षेत्र भित्रका विषयमा ऐन तथा सोको अधिनमा रही नियम निर्देशिका, कार्य विधि र मापदण्ड बनाई कार्यान्वियनमा ल्याउन सक्ने व्यवस्था छ । जस अनुसार स्थानीय तह सञ्चालनको लागि संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयबाट नमूना कानूनहरु बनाई उपलब्ध गराएकोमा यस पालिकाले हालसम्म १८ वटा ऐन, ४ वटा नियमावली, ३१कार्यविधि, ९ निर्देशिका समेत गरि ६३ वटा कानुन निर्माण गरी कार्यान्यनमा ल्याएको छ । उक्त कानूनहरु राजपत्रमा प्रकाशन गरी कार्यान्वियनमा ल्याउनु पर्दछ । पालिकाले आवश्यक कानुनहरु निर्माण गरी सभा र कार्यपालिकाबाट स्वीकृत गरी कार्यान्वयनमा ल्याउनुपर्दछ ।

२० वार्षिक प्रगति प्रतिबेदन

नगरपालिकाले आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३५ अनुसार त्रैमासिक तथा वार्षिक प्रगति विवरण बनाई पेश गर्नुपर्नेमा यस बर्ष संचालन गरेका स्थानीय तथा केन्द्रीय स्तरका योजनाहरुको तोकिएको ढाँचामा त्रैमासिक प्रगति विवरण तयार गरेको देखिएन । बजेट खर्च गर्ने तथा वार्षिक प्रगति तयार नगर्ने प्रमुख प्रशासकीय अधिकृतलाई जिम्मेवार बनाउनुपर्दछ ।

२१ न्यायिक समिति

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ४६ देखि ५३ सम्म न्यायिक समितिको अधिकार क्षेत्र तथा न्याय सम्पादन प्रक्रियाको व्यवस्था गरेको छ । समितिमा परेको उजुरी मध्ये मेलमिलाप प्रकृतिका आधारमा विवाद दर्ता भएको ३ महिना भित्र टुङ्गो लगाउने व्यवस्था छ । प्राप्त विवरण अनुसार गत वर्ष फर्स्यौट वा कारबाही किनारा गरी टुङ्गो लगाउन बाँकी ५८ र यो वर्ष ३५ मुद्दा तथा विवाद दर्ता भएकोमा ४० वटा फर्स्यौट भई ५३ बाँकी रहेको देखिन्छ । न्याय सम्पादन प्रक्रियालाई ऐनले तोकेको म्याद भित्र फर्स्यौट वा कारबाही किनारा गरी टुङ्गो लगाउनु पर्दछ ।

२२ सहकारी नियमन

सहकारी ऐन, २०७४ को दफा ७३ अनुसार मासिक, चौमासिक, वार्षिक प्रतिवेदन बुझाउनु पर्ने र सहकारी नियमावली, २०७५ को नियम २८(४), सहकारी संस्थाहरुको सुपरीवेक्षण, निरीक्षण तथा अनुगमन निर्देशिका, २०७८ को दफा ३ मा मासिक प्रतिवेदन प्रत्येक महिना ७ गते भित्र एकीकृत सूचना व्यवस्थापन प्रणाली (COPOMIS) दाखिला गर्नु पर्ने व्यवस्था छ। पालिकाले उपलव्ध गराएको विवरण अनुसार पालिका भित्र २ वटा सहकारी संस्था रहेका छन् । पालिका भित्रका सहकारी संस्थाहरुले एकीकृत सूचना व्यवस्थापन प्रणाली (COPOMIS) बाट विवरण दाखिला गरेको पाइएन । त्यसैगरी पालिकाबाट अनुगमन निरीक्षण गरी तयार गरिएको प्रतिवेदन समेत लेखापरीक्षणका क्रममा पेश भएन । जसले गर्दा सहकारीको सञ्चालन अवस्था बारे अध्ययन गर्न सकिएन । तसर्थ ऐन, नियमावली र निर्देशिका अनुसार प्रणालीमा विवरण दाखिला गर्न लगाई सोको प्रभावकारी अनुगमन गर्नु पर्दछ ।

२३ सेवा प्रवाह

कार्यालयको मूख्य उदेश्य हासिल गर्न सेवाग्रहीलाई सरल, सहज र समयमै प्रभावकारी सेवा उपलब्ध गराउनु हो ।पालिकाले यस बर्ष आर्थिक, सामाजिक र पुर्वाधार विकासका अतिरिक्त नियमित सेवातर्फ निम्न सेवा प्रवाह गरेको विवरण पेश गरेको छ । पालिकाबाट प्रवाह हुने सेवालाई अझै सरल, सहज, मितव्ययी, गुणस्तरी र प्रभावकारी बनाउने तर्फ ध्यान दिनुपर्दछ ।

सि.नं.	विवरण	सिफारिस संख्या (सेवा प्राप्ती)	सिफारिस संख्या (सेवा प्राप्ती)
१	नागरिकता सिफारिस प्रतिलिपि सहित	५००	४९९
२	घरबाटो	२९५	२९५
३	नाता प्रमाणित सिफारिस	११०	११०
४	जन्म र मृत्यु दर्ता	३१९	३१९
५	अन्य	४१८४	४१८४
	जम्मा	५४०८	५४०८

२४ **जिन्सी निरीक्षण**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ९९ मा सोही नियमावलीको नियम ९४, ९५ र ९६ बमोजिम जिन्सी मालसामानको लगत खडा गरी राख्नुपर्ने, सोको निरीक्षण गरी प्रतिवेदन तयार गर्नुपर्ने, प्रतिवेदनमा उल्लेखित सामान मध्ये मर्मत गर्नुपर्ने सामान ३ महिना भित्र र लिलाम गर्नुपर्ने सामान ६ महिना भित्र लिलाम गरी सक्नु पर्ने व्यवस्था छ । तर पालिकाले यस वर्ष जिन्सी निरीक्षण गराई प्रतिवेदन तयार गरेको छैन । जसले गर्दा पालिकाको जिन्सीको अवस्था बारे यकिन गर्न सकिएन । नियमावलीको व्यवस्था अनुसार जिन्सी निरीक्षण गराई सोको आधारमा मर्मत सम्भार, लिलाम बिक्रि लगायतका कार्य गरी जिन्सी व्यवस्थापन गर्नुपर्दछ ।

२५ **जिन्सी दाखिला**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ९९ मा सोही नियमावलीको नियम ९४, ९५ र ९६ बमोजिम जिन्सी मालसामानको लगत खडा गरी राख्नुपर्ने, सोको निरीक्षण गरी प्रतिवेदन तयार गर्नुपर्ने, प्रतिवेदनमा उल्लेखित सामान मध्ये मर्मत गर्नुपर्ने सामान ३ महिना भित्र र लिलाम गर्नुपर्ने सामान ६ महिना भित्र लिलाम गरी सक्नु पर्ने व्यवस्था छ । महालेखा नियन्त्रक कार्यालयले २०७७।८।७ मा २०७७।९।७ भित्र सवै तहका कार्यालयहरुलाइ २०७६।७७ सम्मको मौज्दात प्रबिष्टि र जिन्सी निरीक्षण फारम अनिवार्य रुपमा (PAMS)मा प्रविष्ट गर्ने र अनिवार्य रुपमा (PAMS) मा सरकारी सम्पत्तीको लेखाङ्कन गर्न परिपत्र गरेको छ । यस पालिका अन्तर्गतका साविक गाउँ विकास समितिबाट प्राप्त भएका सम्पत्ति हस्तान्तरण सम्बन्धमा अभिलेख अद्यावधिक गरेको छैन ।

२६ **जिन्सी सामानको मूल्य निर्धारण**

आर्थिक कार्यविधि तथा उत्तरदायीत्व नियमावली २०७७ को नियम १०० अनुसार जिन्सी मालसामानको परीमाण र मूल्य खुलाई जिन्सी मालसामानको स्रेस्ता महालेखापरीक्षकबाट स्वीकृत ढाँचामा राख्नुपर्ने व्यवस्था छ । खर्च भएर जाने र खर्च भएर नजाने छुट्टाछुट्टै मालसामानको प्रकृति अनुसार दाखिला गर्नुपर्छ ।कानुन अनुसार मूल्य निर्धारण समिति गठन गरेर मूल्य निर्धारण गर्नुपर्नेमा पूर्ण रुपमा रु.१ मूल्य निर्धारण गरी इन्ट्री गरेको देखिन्छ । जिन्सी किताबमा मूल्य रु.१ राखी इन्ट्री गरेका सम्पूर्ण मालसामानको वास्तविक मूल्य निर्धारण गरी खर्च भएर नजाने जिन्सी खातामा अद्यावधिक गर्नु पर्ने भनि गत विगतको लेखापरीक्षणमा समेत औल्याएकोमा उक्त व्यहोरामा सुधार भएको पाईएन ।

२७ **फोहरमैला व्यवस्थापन**

फोहरमैला व्यवस्थापन ऐन, २०६८ अनुसार स्थानीय तहहरुले स्रोतमै फोहरमैलाको वर्गीकरण गर्न लगाई सोही अनुसार सङ्कलन र व्यवस्थापन गर्ने कार्यको शुरुवात गर्न नसकेको कारण फोहरमैला व्यवस्थापनमा जटिलता देखिएको छ । फोहर उत्सर्जन हुने स्रोतमा नै वर्गीकरण गरी कुहिने, नकुहिने, सिसाजन्य, अस्पतालबाट उत्पादित र इ-वेष्ट लगायतका फोहर वर्गीकरण गरी उपयुक्त व्यवस्थापन गरेको देखिएन । फोहरमैलाको उचित व्यवस्थापन गरी पालिकाको पर्यावरणलाई स्वच्छ राख्नुपर्दछ ।

२८ **मर्मत संभार कोष**

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ को नियम उपनियम (३) मा सम्पन्न निर्माण कार्यको सञ्चालन वा मर्मत सम्भार उपभोक्ता समिति वा लाभग्राही समुदायले गर्नुपर्ने, सोही नियमावलीको उपनियम (१५) मा उपभोक्ता समिति वा लाभग्राही समुदायले सम्पन्न आयोजनाको सेवा उपयोग गरे वापत उपभोक्ताले तिर्नुपर्ने सेवा शुल्क तोकी शुल्क जम्मा गर्ने कुनै कोष खडा गरी सोही कोषबाट त्यस्तो निर्माण कार्य सञ्चालन तथा मर्मत सम्भार गर्नुपर्ने व्यवस्था छ । विभिन्न योजना सञ्चालन गर्न सम्बन्धित उपभोक्ता समितिसँग गरेको सम्झौतामा मर्मत सम्भारको जिम्मा सम्बन्धित उपभोक्ता समितिले लिनुपर्ने उल्लेख भए तापनि सम्पन्न आयोजना मर्मत सम्भारका लागि कतिपय उपभोक्ता समितिहरुले मर्मत सम्भार कोषको व्यवस्था गरेको पाइएन । अतः निर्मित आयोजनाहरुको सु-सञ्चालन तथा दिगोपनाको लागि मर्मत सम्भार कोषको व्यवस्था गरिनुपर्दछ ।

२९ तलवी प्रतिवेदन

प्रदेश निजामती सेवा ऐन, २०७९ को दफा ४६ को उपदफा ४ अनुसार प्रदेश कितावखाना गठन नहुँदा सम्म प्रचलित कानून बमोजिमको निकायबाट तलवी प्रतिवेदन पारित गर्ने उल्लेख छ । संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय, सिंहदरबारको पत्र संख्या ०७६।७७ च.नं.१८० मिति २०७६।५।१८ को पत्रानुसार स्थानीय तहका र संघबाट काजमा खटिएका कर्मचारीको हकमा सम्बन्धित जिल्लास्थित कोष तथा लेखा नियन्त्रक कार्यालयबाट पारित गराउनु पर्ने व्यवस्था छ । पालिकाले यो वर्ष तलवी प्रतिवेदन पारित नगराई सङ्घीय सरकारबाट हस्तान्तरित चालु अन्तर्गत स्वास्थ्य तर्फ १४ कर्मचारीको रू. ८८,७९,२११ र पालिकाका १८ कर्मचारीको रु. १,१५,३८,८८५ समेत रु. २,०४,१८,०९६ खर्च लेखेको छ । तलबी प्रतिवेदन पारित नगरी खर्च लेख्न तलब भत्ता ग्रेडमा बढी भुक्तानी हुन सक्ने तथा लेखापरीक्षणको क्रममा भुक्तानीको तुलना गर्न नसकिने भएकोले तलबी प्रतिवेदन पारित गराएर मात्र तलब भत्ता भुक्तानी गर्नुपर्दछ ।

३० कर्मचारी करार

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८३ (८) मा नगर प्रहरी, सवारी चालक, सयस, बगैंचे, प्लम्बर लगायतका पद तथा सेवामा बाहेक करारमा नियुक्त गर्न पाइने व्यवस्था छैन । पालिकाले उल्लेखित पदहरुमा बाहेकका देहायबोजिमका कर्मचारीहरु करारमा नियुक्त गरि रु. ७१,४४,९०२ भुक्तानी गरेको पाइयो । ऐनको व्यवस्था विपरीत दरबन्दि वेगरका कर्मचारी करारमा नियुक्त गरी भुक्तानी गर्ने कार्य नियमसम्मत देखिएन ।

पद	नियुक्ति संख्या	तलव भत्ता रु.
कार्यालय सहायक	३	१२,३२,७९०
हेल्थ असिस्टेन्ट	२	९,०२,९८०
अ न मी सहायक चौथो	६	२३,०४,६६६
अ हे व सहायक चौथो	४	१५,३६,४४४
ल्याव असिस्टेन्ट सहायक चौथो	२	८,५५,४५२
नेत्र सहायक पाँचौ	१	३,१२,५७०
जम्मा	१८	७१,४४,९०२

अनियमित भएको	७१,४४,९०२

३१ कर्मचारी प्रोत्साहन भत्ता

स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ८६ (१) बमोजिम स्थानीय सेवा गठन, सञ्चालन व्यवस्थापन, सेवाका शर्त तथा सुविधा सम्बन्धी आधारभूत सिद्धान्त र मापदण्ड संघीय कानुन बमोजिम हुने, दफा ८६ (२) बमोजिम स्थानीय सेवाको गठन, सञ्चालन तथा व्यवस्थापन सेवाको शर्त तथा सुविधा सम्बन्धी अन्य व्यवस्था स्थानीय तहले बनाएको कानुन बमोजिम हुने व्यवस्था छ । स्थानीय तहले कानुन तथा कार्यविधि नबनाई कर्मचारी प्रोत्साहन तथा पुरस्कार शिर्षक बाट गाँउ सभाको निर्णयबाट रु. २०,८८,००० प्रोत्साहन

भत्तामा खर्च गरेको कारण आर्थिक व्ययभार बढ्न गएको छ । पालिकाको आन्तरिक आय रु. ८६,१७,३७२ रहेकोमा उक्त खर्च आन्तरिक आयको २४ प्रतिशत रहेको छ । पालिकाको आन्तरिक आयलाई समेत विचार नगरी यसरी भएको खर्च नियमसंम्मत देखिएन।

अनियमित भएको	२०,८८,०००

३२ **कर्मचारी फिल्ड भत्ता**

स्थानीय सरकार संचालन ऐन २०७४ को दफा ८६ (१) बमोजिम स्थानीय सेवा गठन, संचालन व्यवस्थापन, सेवाका शर्त तथा सुविधा सम्बन्धी आधारभूत सिद्धान्त र मापदण्ड संघीय कानुन बमोजिम हुने, दफा ८६ (२) बमोजिम स्थानीय सेवाको गठन, संचालन तथा व्यवस्थापन सेवाको शर्त तथा सुबिधा सम्बन्धी अन्य व्यवस्था स्थानीय तहले बनाएको कानुन बमोजिम हुने व्यवस्था छ । यस पालिकाले ८ जना कर्मचारीलाई वर्ष भरी रु. ६,१२,००० फिल्ड भत्तामा खर्च गरेको कारण आर्थिक व्ययभार बढ्ने भएकोले त्यस्ता भत्ता वितरणमा मितव्ययिता पुर्‍याउनु पर्दछ ।

३३ **भ्रमण खर्च**

प्रदेश अन्तर्गतका स्थानीय तहका पदाधिकारी तथा सदस्यले पाउने सुविधा सम्बन्धी ऐन, २०७५ तथा भ्रमण खर्च नियमावली, २०६४ बमोजिम कार्यालयको काममा भ्रमण गरेको उल्लेख गरी कर्मचारी तथा पदाधिकारीलाई भ्रमण खर्च भुक्तानी भएको छ । यस सम्बन्धमा अधिकांश भ्रमणको उद्देश्य र स्पष्ट प्रयोजन कार्यालयकै कामका लागि भएको हो भनी सुनिश्चित नभएको, नियमानुसार भ्रमण अभिलेख खाता नरहेको, भ्रमण पश्चात् तोकिए बमोजिम भ्रमण प्रतिवेदन पेश नगरी अधिकांश भ्रमणको भ्रमण खर्च भुक्तानी गर्ने गरेको, पालिका वा कार्यालयसँग असम्बन्धित भ्रमण खर्चमा रु. १६,८९,२०० र अन्य भ्रमण खर्चमा रु. ३३,५५५ गरि जम्मा रु. १७,२२,७५५ भूक्तानी भएको छ । कानुनी व्यवस्थाको पालना गर्दै भ्रमण खर्चमा हुन सक्ने अनियमितता र दुरुपयोग नियन्त्रण गर्न भ्रमण आदेश स्वीकृत गर्ने पदाधिकारीले ध्यान दिनुपर्दछ ।

३४ **इन्धन खर्च**

प्रदेश नं. १ सार्वजनकि खर्चको मापदण्ड कार्यविधि र मितव्ययीता सम्बन्धी निर्देशिका, २०७५ मा सवारी साधनको किसिम, इन्धन खर्च र मर्मत खर्चमा एकरुपता ल्याउन निश्चित मापदण्ड बनाई प्रयोगमा ल्याउनुपर्ने व्यवस्था छ । कार्यालयले यस वर्ष इन्धन (कार्यालय तथा पदाधिकारी र इन्धन अन्य प्रयोजन) मा रू.१२,५१,२८८ खर्च गरेको छ । पालिकाले उपलब्ध गराएको विवरण अनुसार कार्यालयमा, १ व्याकहो लोडर, १ स्कारभेटर १ साना सवारी साधन र १९ मोटर साइकल १ स्कुटर रहेको बिबरण प्राप्त भएको छ । पदाधिकारी तथा कर्मचारीलाई मासिक रुपमा दिने इन्धनको मापदण्ड तयार गरेको छैन भने साधन अनुसार वार्षिक इन्धन खर्च र उपयोगको विवरण खुल्ने अभिलेख समेत राखेको पाइएन । इन्धन खर्चलाई मितव्ययी बनाउन इन्धन खर्चको मापदण्ड बनाउने, लग बुक राख्ने र इन्धन प्रयोगको व्यवस्थित अभिलेख राखि इन्धन खर्चमा नियन्त्रण गर्नुपर्दछ ।

३५ **आर्थिक सहायता**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ (१) मा गाउँपालिका तथा नगरपालिले आफ्नो अधिकारक्षेत्र भित्रका विषयमा ऐन बनाउन सक्ने र उपदफा २ मा ऐनको अधिनमा रही कार्यपालिकाले आवश्यकता अनुसार नियम, निर्देशिका, कार्यविधि र मापदण्ड बनाउन सक्ने व्यवस्था छ । साथै कोशी प्रदेशको सार्वजनिक खर्चको मितव्ययीता निर्देशिका २०८१ अनुसार आर्थिक मामिला तथा योजना मन्त्रालयको सहमति बिना कुनै आर्थिक सहायता, राहत, क्षतिपूर्ति वा अनुदान वितरण गर्न नपाउने व्यवस्था रहेको छ । पालिकाले यस बर्ष आर्थिक सहायतामा रु. ५,०९,०००, अन्य संस्था सहायतामा रु. ४,२८,९६७ गरि जम्मा रु. ९,३७,९६७ खर्च गरेको छ । यस्ता खर्चमा मितव्ययिता अपनाउनु पर्दछ ।

३६ **विविध खर्च**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१ बमोजिम व्ययको बजेट अनुमान आन्तरिक आयको परिधिभित्र रही औचित्यताको आधारमा मात्र विविध खर्च गर्नुपर्ने व्यवस्था छ । सार्वजनिक खर्चलाई मितव्ययी तथा प्रभावकारी बनाउने सम्वन्धी मापदण्ड,२०७८ को दफा १२ अनुसार विदेशी अतिथी तथा पाहुनाहरुको लागि बाहेक सरकारी खर्चबाट भोज भतेर गर्न नपाइने उल्लेख छ । पालिकाले कुनै

उपस्थिति तथा आधार प्रमाण बेगर सभा सञ्चालन तथा विभिन्न समयमा भएको बैठक र अतिथि सत्कारमा सादा तथा मासु खाना, चिया, नास्ता, जुस, पानी आदीको भुक्तानीका लागि रु. १४,०८,४५० खर्च गरेको देखियो । यस्तो खर्चमा नियन्त्रण गर्नुपर्दछ ।

३७ खेलकूद व्यवस्थापन खर्च

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१ बमोजिम व्ययको बजेट अनुमान आन्तरिक आयको परिधिभित्र रही औचित्यताको आधारमा मात्र विविध खर्च गर्नुपर्ने व्यवस्था छ । पालिकाले यस बर्ष युवा तथा खेलकुद प्रशिक्षण कार्यक्रममा रु. २,१७,८४०, वडाकप खेलकूद कार्यक्रममा रु. १,६६,०५७ युवाखेलकूद कार्यक्रममा रु. १,००,००० समेत रु. ५,८३,८९७ खर्च भएको छ । यस्ता प्रकारका खर्च गर्दा आन्तरिक आयलाई समेत ध्यान दिनु पर्दछ ।

३८ ड्रोन क्यामरा खरिद

५६/२०८१।६।१६ मानव रहित उडान उपकरण (REMOTELY PILOTED AIRCRAFT) POPULARLY KNOWN AS 'DRONE" उडान सम्बन्धी कार्यविधि २०७४ बमोजिम ड्रोन उडानको उद्देश्य तथा संवेदनशीलताका आधारमा ड्रोन उडानको बर्गीकरण गरेको छ । यसै गरी उक्त कार्यविधिको बुँदा नं ९ र १० मा ड्रोन पाइलटको योग्यता तथा ड्रोन उडानको समयको बारेमा पनि उल्लेख गरिएको छ । उक्त कार्यविधिको बुँदा नं १२ मा उडान अनुमतिका लागि जिल्ला प्रशासनबाट अनुमति लिनुपर्ने तथा स्थानीय तह तथा सरकारी कार्यलायहरूले सरकारी कार्य प्रयोजनका लागि स्थानीय प्रशासन वा प्रहरीलाई जानकारी गराइ ए र वि बर्गका ड्रोन क्यामेराहरू जमिन सतहबाट २०० मिटरको उचाइ सम्म उडान गर्न सक्ने प्रावधान छ । पालिकाले पालिका भित्रका धार्मिक तथा पर्यटकीय क्षेत्रकको डकुमेन्ट्री निर्माण गर्ने उद्देश्यले यस बर्ष बज्रचार्य इलेक्ट्रोनिक्स, खाँदबारीबाट रु. ९६,००० मुल्यका १ थान ड्रोन क्यामारा खरिद गरेको छ । पालिकाले माथि उल्लेखित कार्यविधिको शर्त पुरा नगरी खरिद गरेको र प्रयोगको अवस्था सम्बन्धमा पनि कुनै प्रमाण पेश गरेको छैन । यसरी कार्यविधि पुरा नगरी यस्तो संवेदनशील उपकरण खरिद गरी प्रयोग विहिन अवस्थामा राखिनु नियमसम्मत देखिएन।

अनियमित भएको	९६,०००

३९ परीक्षा संचालन खर्च

पालिकाले यस बर्ष पालिकाको आन्तरिक स्रोतबाट रु. ५,३६,८७६ र संघीय राजश्व बाँडफाँडबाट रु. १,१९,००० गरि जम्मा रु. ६,५५,८७६ रकम विभिन्न विद्यालयका करार शिक्षक पदपूर्तिमा खर्च गरेको छ । विद्यार्थी संख्या तथा शिक्षक दरबन्दीको आधारमा अनुपात विश्लेषण गरी बार्षिक वा अर्धबार्षिक रुपमा शिक्षक तथा अन्य कर्मचारी पदपूर्तिको प्रक्रिया संचालन गरी खर्चमा मितव्यीता अपनाउन सकिने देखिन्छ । यस क्रममा पालिकाले परीक्षा संचालन सम्बन्धि कुनैपनि कार्यविधि तयार नगरी यस्तो खर्च गरेको देखिन्छ ।लेखापरीक्षणको क्रममा नमूना छनौट गरी परीक्षण गर्दा देहायको गोश्वारा भौचरमा परीक्षामा खटिने जनशक्तिलाई पारिश्रमिक, विज्ञ भत्ता, प्रश्नपत्र निर्माणबापतको पारिश्रमिक तथा नतिजा प्रकाशनका सम्बन्धमा बैठक भत्ता वितरण पश्चात पनि खाना खाजाको विल पेश गरि निम्नानुसार खर्च गरेको रकम कानून तथा नेपालको परीक्षा संचालनको अन्य स्थापित मान्यता विपरित भएको यस्तो खर्च नियमसम्मत देखिएन।

भौ नं	बैठकको प्रयोजन	खाना खाजाका विभिन्न विल भर्पाइ बापत भुक्तानी रु
५९/२०८१।६।१६	विभिन्न ६ वटा विद्यालयको करार शिक्षक पदपूर्ति सम्बन्धमा	३३,२६५
२२०/२०८१।९।१३	विभिन्न ३ वटा विद्यालयको करार शिक्षक पदपूर्ति सम्बन्धमा	४२,७७५
३५१/२०८१।१२।१०	विभिन्न विद्यालयको करार शिक्षक पदपूर्ति सम्बन्धमा	३३३०५
७७८/२०८२।३।२४	विभिन्न ३ वटा विद्यालयको करार शिक्षक पदपूर्ति सम्बन्धमा	२७,५५०
		१३६८९५

अनियमित भएको	१,३६,८९५

४० **हाइड्रोपावरको सामाजिक उत्तरदायीत्व**

सभापोखरी गाँउपालिका र अर्बिट इनर्जि लि. बिच मिति २०८१।२।३० गते सामाजिक उत्तरदायित्व वापत आयोजना निर्माण कार्यको लागि कुल लगानीको १ प्रतिशतले हुन आउने रकम रु. ३ करोड ९५ लाख ट्रान्समिसनमा हुने खर्च रु. ४२ लाख बाहेक पालिका भित्र पर्ने वितरण लाईन र उत्पादन समेत गरी रु. ३ करोड ५४ लाख ६/६ महिनाको किस्ताबन्दीले ५ किस्तामा बुझाउनु पर्ने उल्लेख छ । उक्त रकम परिचालन गर्न पालिकाले २०८२।२।२६ मा प्रकाशित "अर्बिट इनर्जि लि.सभाखोला "बि' हाइड्रोपावर कम्पनीबाट प्राप्त हुने सामाजिक उत्तरदायित्व वापतको रकम परिचालन कार्यविधि २०८२" निर्माण गरेको छ । सो बमोजिम प्राप्त हुने कुल रकम मध्ये गाँउसभावाट स्विकृत भएका गौरवका आयोजनाहरुमा ५० प्रतिशत रकम खर्च गर्न सकिने व्यवस्था छ । उल्लिखित हाइड्रोबाट यस वर्ष दुइ किस्तामा रु.१ करोड २४ लाख ६० हजार रकम प्राप्त भई केहि आयोजनाहरुमा खर्च समेत भईसकेको छ । सम्झौतामा उल्लेख भएबमोजिम प्राप्त हुन बाँकी रु. २ करोड २९ लाख ४० समयमै प्राप्त गर्ने तर्फ पहल हुनुपर्दछ । साथै गाउँपालिका भित्र रहेका सभापोखरी हाइड्रो, अर्विट इनर्जि "सि", दिव्यश्वरी हाइड्रो र सुपरसभाखोला हाइड्रो समेतबाट सामाजिक उत्तरदायित्व वापतको रकम प्राप्त गर्ने तर्फ पहल हुनुपर्दछ ।

४१ **आन्तरिक लेखापरीक्षण**

स्थानीय तह सञ्चालन ऐन, २०७४ को दफा ७७ (२) मा स्थानीय तहले आर्थिक कारोबारको नियमितता, मितव्ययिता, कार्यदक्षता र प्रभावकारिताको आधारमा प्रत्येक त्रैमासिक समाप्त भएको एक महिना भित्र आन्तरिक लेखापरीक्षण गराउनु पर्ने उल्लेख छ । तर पालिकाले यस वर्षको आर्थिक कारोबारको आन्तरिक लेखापरीक्षण गराएको छैन।

४२ **बेरुजु लगत**

प्रदेश आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७८ को दफा ३९ मा जिम्मेवार व्यक्तिले लेखापरीक्षणको प्रारम्भिक प्रतिवेदनमा औल्याइएका नियमित गर्नुपर्ने तथा असुल उपर गर्नुपर्ने वा तर्नु बुझाउनुपर्ने भनी ठहर्याइएको बेरुजुको लगत कार्यालय स्तरमा राख्नुपर्ने उल्लेख छ । कार्यालयले उपरोक्त व्यवस्था बमोजिम बेरुजुको लगत राखेको देखिएन । बेरुजुको लगत तथा सम्परीक्षणको अभिलेख अद्यावधिक नहुँदा कार्यालयको बेरुजु तथा सम्परीक्षणको तुलनात्मक अध्ययन विश्लेषण गर्न सकिएन । ऐनको व्यवस्था बमोजिम बेरुजु अभिलेख अद्यावधिक राख्ने तर्फ कार्यालयको ध्यान जानुपर्दछ ।

४३ **सार्वजनिक परीक्षण**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७८ वमोजिम स्थानीय तहले सार्वजनिक सेवा प्रवाहलाई प्रभावकारी, दिगो र भरपर्दो वनाउन कार्यक्रमको सामाजिक परीक्षण अन्तर्गत सार्वजनिक परीक्षण र सार्वजनिक सुनुवाई गर्नुपर्ने व्यवस्था रहेकोमा सो बमोजिमको कार्य भएको पाइएन । तोकिएबमोजिम सार्वजनिक परीक्षण गरी पालिकाबाट हुने आर्थिक कारोबारमा जवाफदेहिता र पारदर्शिताको प्रवर्द्धन गर्नुपर्दछ ।

४४ **पेश्की बाँकी**

(✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-९-१९** को निर्णयले रू **१५,०००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

पेश्की	०

४५ **आन्तरिक आय तर्फ**

आन्तरिक आय तर्फ देखिएका व्यहोराहरु देहाय अनुसार रहेका छन्

४५.१ **आय अनुमान** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६ बमोजिम स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समितिले पालिकामा प्राप्त हुने आन्तरिक आय संकेतको व्यवस्थापन गर्न सक्ने व्यवस्था छ। पालिकाले पेश गरेको आय-व्ययको अनुमानमा आन्तरिक आयतर्फ मालपोत, कर, सेवाशुल्क, दस्तुर वापत अनुमानित रु. २,१७,०१,८७३.९७ प्राप्त हुने प्रक्षेपण गरेकोमा आर्थिक वर्ष २०८१।८२ मा रु. ८६,१७,३७२.२५ अर्थात अनुमान भन्दा ३९ प्रतिशत मात्र आय प्राप्त गरेको छ । आयको अनुमानलाई यर्थाथपरक बनाई आय आर्जन बृद्धि गर्ने तर्फ विशेष ध्यान दिन आवश्यक देखिएको छ ।

४५.२ **कर तथा शुल्क असुली** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ५५, ५७, ५८ र ५९ मा एकीकृत सम्पत्ति कर र घरजग्गा कर, घरजग्गा वहाल कर, व्यवसाय कर र वहाल विरौटी शुल्क उठाउने व्यवस्था रहेको छ । पालिका भित्र रहेका करदाताहरुको अभिलेख व्यवस्थित नरहेको एवं बुझाउन ल्याएको अवस्थामा मात्र कर एवं शुल्क बुझ्ने परिपाटी रहेकोले उल्लिखित असुली यथार्थ मान्न सक्ने अवस्था देखिएन । तसर्थ आफ्नो क्षेत्रभित्र करदाताको अभिलेख अद्यावधिक गरी करको दायारामा ल्याउनु पर्दछ । अनुमान र अशुलीको स्थिति निम्नानुसार रहेको देखिन्छ .

आय शीर्षक	अनुमान	असुली	असुली प्रतिशत
सम्पती कर	५, ०० , ०००.००	९७५.	१.९५
भुमिकर/मालपोत	१८, ०० , ०००.००	११, १४ , ८७४.७२	६१.९३
वहाल कर	५, ०० , ०००.००	१, १३ , ०९२.५७	२२.६१
कृषितथा पशुजन्य वस्तुको व्यावसायिक कारोवारमा	५, ०० , ०००.००	१, ५१ , ४००.००	३०.२८
अन्य कर	१०, ०० , ०००.००	५९,४८१.००	५.९५
अन्य निकायबाट प्राप्त लाभांश	०	१,०००.००	०
सरकारी सम्पत्तीको वहालबाट प्राप्त आय	०	५, ५९ , ५५९.००	०
कृषि उत्पादनको बिक्रीबाट प्राप्त रकम	५, ०० , ०००.००	५,०००	१
सरकारी सम्पतीको बिक्रीबाट प्राप्त रकम	५, ०० , ०००.००	७,६००.००	१.५२
अन्य बिक्रीबाट प्राप्त रकम	१०, ०० , ०००.००	१९,०००.००	१.९
अन्य सेवा शुल्क तथा बिक्री	०	४, २२ , ५३०.००	०
न्यायिक दस्तूर	५, ०० , ०००.००	१९,११९.००	३.८२
परीक्षा शुल्क	५, ०० , ०००.००	१६,९००.००	३.३८
अन्य प्रशासनिक सेवा शुल्क	२०, ०० , ०००.००	१३, ५४ , २२५.९५	६७.७१
नक्सापास दस्तुर	०	४२,४३९.३२	०
सिफारिश दस्तुर	१०, ०० , ०००.००	१५, ९२ , ३०६.००	१५९.२३
सिफारिश दस्तुर	१०, ०० , ०००.००	१, ३० , ३००.००	१३.०३
नाता प्रमाणित दस्तुर	५, ०० , ०००.००	१,६००.००	०.३२
अन्य दस्तुर	१५, ०० , ०००.००	७,१२०.००	०.४७
व्यावसाय रजिष्ट्रेशन दस्तुर	५, ०० , ०००.००	३, ३१ , ३००.००	६६.२६
अन्य क्षेत्रको आय	०	४,०००.००	०
प्रशासनिक दण्ड, जरिवाना र जफत	२४, ०१ , ८७३.९७	११, २९ , ३३८.६९	४७.०१
धरौटी सदरस्याहा	०	८९,४५०.००	०
अन्य राजस्व	२०, ०० , ०००.००	१०, ५० , १७८.००	५२.५२
व्यवसाय कर	१०, ०० , ०००.००	५००.	०.०५
बेरुजु	३०, ०० , ०००.००	३, ९४ , ०८३.००	१३.१३६
जम्मा	२, १७ , ०१ , ८७३.९७	८६, १७ , ३७२.२५	३९

४५.३ **व्यवसाय कर** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ५८ मा पालिकाले आफ्नो कार्यक्षेत्र भित्र रहेका विभिन्न व्यवसाय गर्ने व्यक्तिबाट व्यवसाय कर उठाउनु पर्ने व्यवस्था रहेको छ । यस वर्ष पालिकाले व्यवसाय कर शिर्षकमा रु. ३,३१,३०० कर सङ्कलन गरेको देखिन्छ ।पालिकाको क्षेत्र भित्र रहेका व्यवसायीहरु दर्ता भएको संख्या २७१ भएतापनि २०८१।८२ असार मसान्त सम्म १४२

मा नविकरण गरेको उल्लेख छ । तसर्थ पालिकाको क्षेत्र भित्र सञ्चालनमा रहेका सम्पूर्ण व्यवसायीको अद्यावधिक अभिलेख राखी करको दायरा भित्र ल्याउनु पर्दछ ।

४५.४ **आन्तरिक आय-** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६ बमोजिम स्रोत अनुमान तथा वजेट सीमा निर्धारण समितिले पालिकामा प्राप्त हुने आन्तरिक आय समेतको व्यवस्थापन गर्न सक्ने व्यवस्था छ। पालिकाले आर्थिक वर्ष २०८१।८२ मा केन्द्रीय अनुदानबाट गरेको खर्चका तुलनामा आन्तरिक आयको स्थिति देहाय बमोजिम छ । उपर्युक्त विवरण अनुसार स्थानीय तहमा प्राप्त केन्द्रीय अनुदानबाट भएको खर्चको तुलनामा आन्तरिक आयको हिस्सा २.७ प्रतिशत मात्र रहेको छ । त्यसैले पालिकाको आन्तरिक आय सङ्कलनको दायरालाई फराकिलो पार्दै आन्तरिक आय बृद्धि गर्ने तर्फ ध्यान दिनु पर्ने देखिन्छ ।

केन्द्रीय अनुदानबाट खर्च	आन्तरिक आय	आन्तरिक आय प्रतिशत
३१८२९५८५८.६७	८६१७३७२	२.७

४५.५ **आय ठेक्का** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६२ (क) बमोजिम गाउँपालिका तथा नगरपालिकाले आफ्नो क्षेत्रभित्र वातावरणीय प्रभाव मूल्याङ्कन तथा प्रारम्भिक वातावरणीय परीक्षणबाट तोकिएको परिमाणमा स्लेट, ढुङ्गा, गिट्टी, बालुवा एबम् माटोजन्य पदार्थको बिक्रि गर्नसक्ने व्यबस्था छ। पालिका क्षेत्रभित्र रहेको विभिन्न योजनाका कार्य सञ्चालन गर्न र पालिकाले उपभोक्ता समिति तथा विभिन्न माध्यमबाट सञ्चालन गर्ने योजनाहरुमा पालिका क्षेत्र भित्रका ढुँगा, गिट्टी, बालुवा एबम् माटोजन्य वस्तुको प्रयोग भएको छ । अतः पालिकाले आफ्नो क्षेत्र भित्रका ढुँगा, गिट्टी, बालुवा एबम् माटोजन्य पदार्थमा प्रदेश तथा स्थानीय कानून बमोजिम कर लगाई आम्दानी बढाउने तथा उपलव्ध सामग्रीको अव्यवस्थित उत्खनन, सङ्कलन तथा उपयोग स्थितिलाई व्यवस्थित बनाउने तर्फ ध्यान दिनुपर्दछ।

४६ **ढुङ्गा, गिट्टि वालुवा निकासी कर**

कोशी प्रदेश आर्थिक ऐन २०८१ दफा ७ सँग सम्बन्धित अनुसूची ६ अनुसार प्रदेश भित्र प्राकृतिक स्रोतको संकलन तथा बिक्रि शुल्क दर ढुङ्गा गिट्टि प्रति क्युविक फिट रु ७ र बालुवा प्रति क्युविक फिट रु ६ हुने उल्लेख छ । तर २०८१/३/१९ मा पास भएको सभापोखरी आर्थिक ऐन २०८१।८२ को दफा ११ को अनुसुचि १० मा प्रति ट्र्याक्टर ढुङ्गा गिट्टि वालुवा संकलन निकासीमा प्रदेश सरकारबाट तोकिए बमोजिम गर्न ठेक्का नलागे सम्म ढुङ्गा वालुवा प्रति ट्र्याक्टर २०० र गिट्टि र बालुवाको लागि प्रतिट्याक्टर रु. ३०० समेत उल्लेख गरी सोही बमोजिम निकासी कर असुल गरेको छ । प्रदेश ऐन बमोजिम ढुङ्गा गिट्टि प्रति ट्याक्टर रु ६१७.४ र बालुवा प्रति ट्याक्टर रु ५२९.२ हुन आउछ । जसवाट प्रदेश आर्थिक ऐनको तुलानामा प्रति ट्याक्टर ढुङ्गा मा रु ४१७.४,गिट्टिमा प्रतिट्याक्टर रु ३१७.४ र बालुवामा प्रति ट्याक्टर रु ३९२.२ ले घटि राजश्व आम्दानी भएको छ । पालिकाले प्राकृतिक स्रोत वापतको आम्दानी बृद्धि गरी पालिकाको राजश्व अभिबृद्धि गर्नु पर्दछ ।

४७ **प्रधानमन्त्री रोजगार कार्यक्रम**

स्थानीय तहमा सूचीकृत बेरोजगार व्यक्तिलाई न्यूनतम रोजगारीको प्रत्याभूत गराउन एवम् सामूदायिक पूर्वाधारहरुको विकास मार्फत नागरिकको जीवनयापनमा सुधार ल्याउने उद्देश्यले स्थानीयतह भित्र प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालनमा रहेको छ । यस कार्यक्रम व्यवस्थित रुपमा सञ्चालनका लागि प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालन निर्देशिका, २०७५ तयार गरेको छ । यस कार्यक्रम अन्तर्गत पालिका अन्तर्गत ६ वडामा ६ योजना सञ्चालन गरी यस वर्ष ६० जनालाई औसत ९२.७ दिन रोजगारी उपलव्ध गराई रु. ३७१५४१६ श्रमिक ज्याला खर्च गरेको छ । पालिकाका नियमित योजना र प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तर्गतका योजना छनौट गर्दा योजना छनौटको आधार नखुलाएकोले दोहोरो परे नपरेको सम्बन्धमा स्पष्ट हुन सकिएन । योजनामा दोहोरो नहुने गरी योजना छनौट गरी कार्यान्वयन गर्नुपर्दछ । उक्त खर्चवाट लक्षित वर्गमा अल्पकालीन रोजगारी सृजना भए तापनि कामको दीगोपना तथा दीर्घकालीन रोजगारी सिर्जना भएको देखिँदैन । तसर्थ कार्यक्रम सञ्चालन निर्देशिका बमोजिम व्यवस्थित तवरले कार्य सञ्चालन गर्नुपर्दछ ।

४८ **परामर्श खर्च**

बजेट व्यवस्था भई कार्यान्वयन हुने आयोजनाको मात्र डि.पी.आर तथा अन्य परामर्श अध्ययन गरी प्रतिवेदन तयार गर्नुपर्दछ । डि.पी.आर. तथा अध्ययन प्रतिबेदन तयार गर्दा कार्यालयको प्राविधिक तथा बिषयगत जनशक्ति प्रयोग नगर्नाको कारण स्पष्ट गर्दै आगामी दिनमा कार्यालयकै प्राविधिक तथा बिषयगत जनशक्तिबाट यस्तो कार्य गराउनु पर्नेतर्फ ध्यान दिनु पर्दछ । नमूना छनौट गरी लेखापरीक्षण गर्दा पालिकाले यो बर्ष स्वीकृत बार्षिक कार्यक्रम अनुसार देहाय बमोजिमको कार्य परामर्शदाताबाट गराई प्रतिवेदन प्राप्त गरेको छ । साथै यसरी अध्ययन प्रतिवेदन तयार भएका आयोजनाहरु र अन्य प्रतिबेदनहरुलाई कार्यान्वयनमा लैजान पालिकाले ध्यान दिनु पर्दछ । पालिकाले आवश्यकताको पहिचानको आधारमामात्र डि.पी.आर. तथा अन्य बिषयगत प्रतिबेदन तयार गर्ने साथै आवश्यकता बेगर प्रतिबेदन बनाउने कार्यमा नियन्त्रण हुनुपर्दछ ।

सि.नं.	गो.भौ./मिति	परामर्शदाताको नाम	अध्ययनको बिषय	भुक्तानी रकम (मू.अ.कर सहित)
१	४९९/२०८२।२।९	मिसन आइटी सोलुसन खाँदबारी	गरिव तथा विपन्न महिलालाई कम्प्युटर सीप विकास तालिम	२९६,७८९
२	७८६/२०८२।२।२५	मल्टिफोरियस कन्सल्टेन्सी एण्ड रिसर्च सेन्टर प्रा. लि. कोटेश्वर	मध्यकालिन खर्च संरचान तयारी आ व २०८१/८२-२०८३/८४)	२९७,८६८

४९ सूचना प्रणाली तथा सफ्टवेयर संचालन

६९३/२०८२।३।१९ कुनैपनि सरकारी निकायले software खरिद गर्दा सूचना प्रविधि विभाग संग अनुमति लिनुपर्ने, त्यस्तो प्रणालीको सुरक्षा अडिट गराउनु पर्ने तथा सरकारी क्लाउड रिसोर्स उपलब्धताका लागि अनुरोध गर्नुपर्ने कानुनी प्रावधान छ। पालिकाले गत आ व मा पालिका भित्रका विद्यालय, स्वास्थ्य चौकी तथा वडाहरुमा समेत गरी ४२ वटा इ-हाजिरी मशिन खरिद गरी संचालनमा ल्याएको छ । यस बर्ष उक्त हाजिरी सफ्टवेयरको e-attendance cloud software renewal बापत मिसन आ.इ टी सोलुसन प्रा लि खाँदबारी संग २०८२।२।२२ मा सम्झौता गरी रु. १,६६,११० भुक्तानी गरेको छ । गत बर्ष मात्रै संचालनमा ल्याइको उक्त प्रणालीको संझौतामा भएको शर्त सम्बन्धमा खोजी गर्दा पालिकाबाट गत बर्ष भएको त्यस्तो संझौता प्राप्त हुन सकेन । यसले गर्दा यस बर्ष भएको खर्च दोहोरो नभएको भनि यकिन गर्न सकिएन । अतः उक्त सफ्टवेयर संझौताको प्रमाण पेश गरी खर्चमा दोहोरो नभएको यकिन गर्नुपर्दछ।

प्रमाण पेश नगरेको	१,६६,११०

५० जिन्सी दाखिला सम्बन्धमा

(✂ ..... कार्यालयले बेरुजु फर्स्योट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-९-१९** को निर्णयले रू **२८,९८४** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

प्रमाण पेश नगरेको	०

५१ अन्य कार्यालयको खर्च

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७७ को नियम ३९ बमोजिम सरकारी खर्च गर्दा बजेटको सिमा भित्र रही तोकिएको प्रकृया पूरा गरी तोकिएको प्रयोजनमा मात्र खर्च गर्नु पर्दछ । स्थानीय निकायका लागि वित्तीय समानिकरण अनुदान बापत प्राप्त हुने रकम केन्द्र सरकारबाट छुट्टै बजेट बिनियोजन हुने सरकारी कार्यालयका लागि खर्च गर्न मिल्ने देखिदैन । पालिकाले पालिका चालु शीर्षकबाट विभिन्न सरकारी कार्यालयको भवन निर्माण,मर्मत संभार, बस्तुगत अनुदान तथा अन्य चालु प्रकृतिका खर्चहरु बापत भुक्तानी दिने गरेको पाईयो । यसरी सार्वजनिक निर्माण,अनुदान, सहायता उपलब्ध गराउनु पर्ने अवस्था श्रृजना भएमा आफ्नो आन्तरिक श्रोतबाट प्राप्त रकमको उपभोग गर्नुपर्नेमा सो समेत गरेको पाईएन । यसरी हुने सार्वजनिक खर्चबाट काममा दोहोरोपना हुन सक्ने, बजेट तथा जिन्सी मालसामानको अनियमिता र हिनामिना समेत हुन सक्ने हुँदा यस्ता खर्च नियमसम्मत देखिएन।

सि. नं .	गो. भौ ./ मिति	अन्य कार्यालयको नाम	कामको बिवरण	भुक्तानी रकम	कैफियत
१	६१२/२०८२।२।९	संखुवासभा बहिरा संघ	अन्य संस्था सहायता	२५,०००	
२	१०१/२०८१।८।१२	प्रहरी चौकी धुपू	मौलो पुजा	३०,०००	अन्य संस्था सहायता शीर्षकबाट खर्च लेखेको
		प्रहरी चौकी बाहविसे	मौलो पुजा	३०,०००	
३	२५५, ७२३	श्री त्रिवेणी पब्लिक कलेज सभापोखरी	श्री त्रिवेणी पब्लिक कलेज सभापोखरी संचालानार्थ	१०,००,०००	पालिका भित्र पहिलो पटक कलेज संचालनको लागि बजेट विनियोजन गरी सहयोग गरेको पालिकाको भनाइ रहेको

अनियमित भएको	१०,८५,०००

५२ **पदाधिकारी बैठक भत्ता**

(✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१२-३** को निर्णयले रू **५१,०००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

(✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१२-३** को निर्णयले रू **५१,०००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

(✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१२-३** को निर्णयले रू **५१,०००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

असुल गर्नुपर्ने	०

५३ **स्थानीय भत्ता कट्टी नभएको**

(✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-९-१९** को निर्णयले रू **७८८** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

(✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-९-१९** को निर्णयले रू **७८८** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

(✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-९-१९** को निर्णयले रू **६६९** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

(✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-९-१९** को निर्णयले रू **८१९** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

असुल गर्नुपर्ने	०

५४ **वितरणमुखी तथा अनुत्पादक खर्च**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७६ मा वितरणमुखी खर्च नियन्त्रण गर्दै संघ तथा प्रदेशबाट प्राप्त रकमलाई स्थानीय पूर्वाधार विकास तथा दीर्घकालीन पूँजीनिर्माण हुने कार्यमा खर्च गर्नुपर्दछ भन्ने व्यहोरा उल्लेख छ। वितरणमूखी अनुत्पादक खर्चलाई निरुत्साहित गरी अधिकतम प्रतिफल दिने गरी सीमित स्रोतसाधनको उच्चतम उपयोग सुनिश्चित हुनुपर्ने उल्लेख छ । यो वर्ष पालिकाले देहाय अनुसारका केही कार्यक्रमहरु सञ्चालनका लागि गरेको भुक्तानी ऐनको उल्लिखित व्यवस्था अनुसार उपलब्धिमुलक भएको देखिएन ।अतः यस्तो खर्च नियन्त्रण गरी उत्पादनमूलक क्षेत्रमा परिचालन गर्नु पर्दछ।

गोभ नं/ मिति	ब उ शि नं	भुक्तानी पाउने व्यक्ती तथा संस्था	भुक्तानि रकम	सहायता तथा कार्यक्रम एवं प्रयोजन	कैफियत
७२/२०८१।६।१७	पालिका चालू	पालिका स्वयं	६०,०००	हरितालिका तीज २०८१ विशेष कार्यक्रम	
७२/२०८१।६।१७	पालिका चालू	महिला संजाल, सभापोखरी	१२५,०००	महिला संजाल सशक्तिकरण कार्यक्रम संचालानार्थ	यसमा केबल होटल तथा खाजा घरका विल र अन्य विभिन्न सामाग्री एवं खाद्यान्न खरिदका विल संलग्न भएको
७४/२०८१।६।१७	पालिका चालू	विभिन्न ब्यक्ती	१३०,५००	अन्तर्राष्ट्रिय पर्यटन दिवसको अवसरमा काठमाडौमा झाँकी प्रदर्शनि कार्यक्रम	अन्तर्राष्ट्रिय पर्यटन दिवसको अवसरमा काठमाडौमा झाँकी प्रदर्शनि कार्यक्रममा यस पालिकाबाट प्रतिनिधित्व गर्ने ८ जना सहभागीलाई रु १४,५०० को दरले भुक्तानी
६१२/२०८२।२।९	पालिका चालू	संखुवासभा बहिरा संघ	२५,०००	अन्य संस्था सहायता	
४०६/२०८१।१२।२१	पालिका चालू	खेलकुद कार्यक्रम उ स सभापोखरी १	२६९५९९	खेलकुद संचालन	

५५ **बैठक भत्ता बढी भुक्तानी**

(✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-९-१९** को निर्णयले रू **३,४००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

(✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-९-१९** को निर्णयले रू **३,४००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

(✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-९-१९** को निर्णयले रू **२,५५०** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

(✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-९-१९** को निर्णयले रू **२,५५०** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

(✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-९-१९** को निर्णयले रू **३,४००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

(✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-९-१९** को निर्णयले रू **३,४००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

(✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-९-१९** को निर्णयले रू **३,४००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

प्रमाण पेश नगरेको	०

५६ **जेष्ठ नागरिका घरघरमै उपचार**

(✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-९-१९** को निर्णयले रू **२,५५०** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

(✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-९-१९** को निर्णयले रू **२,५५०** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

(✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-९-१९** को निर्णयले रू **१,७००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

(✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-९-१९** को निर्णयले रू **१,७००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

(✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-९-१९** को निर्णयले रू **१,७००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

(✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-९-१९** को निर्णयले रू **१,७००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

(✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-९-१९** को निर्णयले रू **१,७००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

असुल गर्नुपर्ने	०

५७ **अनुगमन भत्ता**

(✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१२-३** को निर्णयले रू **३१,४५०** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

असुल गर्नुपर्ने	०

५८ **कृषि अनुदान**

प्रदेश तथा स्थानिय तहमा सर्शत वित्तीय हस्तान्तरीत कृषि विकास कार्यक्रम संचालन सम्बन्धि कार्यविधि २०८१ को बुदा मा प्रदेशले सशर्त कार्यक्रम कार्यान्वियन प्रक्रियामा सहजीकरण, समन्वय रअनुगमनका लागि प्रदेशस्तरमा समन्वय तथा अनुगमन समिति गठन गर्न सक्नेछ तर, प्रदेश स्तरमा कृषि सम्बन्धी कार्यक्रम सञ्चालनको लागि समिति रहेको खण्डमा सोही समितिले कार्य गर्ने उल्लेख छ समन्वय तथा अनुगमन समितिले सशर्त कार्यक्रमको प्रभावकारी कार्यान्वयको लागि प्रदेशभित्र रहेका संघीय निकाय,अन्तर्गतका निकाय र स्थानीय तहसँग आवश्यक समन्वय गर्ने, प्रदेश तथा स्थानीय तहका सशर्त कार्यक्रमको अनुगमन एवम् समीक्षा गर्ने र कार्यक्रम सञ्चालन सम्बन्धमा आइपरेका समस्याहरूको समाधानका लागि समन्वय गर्ने उल्लेख छ । पालिकाले यस वर्ष सुन्तला खेती गर्नको लागी सिंचाइ सुविधा पुरयाउनको लागी २६२७० मीटर पाइप खरिद वापत रु. ६,०५,२८६ र कफी खेतीको लागी २८,००० विरुवा रु. ६,७२,००० मा खरिद गरी विभिन्न कृषकहरुलाई वितरण गरेको पाइयो । वितरण गरिएका पाइप तथा विरुवाहरुको सार्वजनिकीकरण गरि त्यसको सही सदुपयोग भए नभएको अनुगमन हुनुपर्दछ ।

५९ **अनुदानको अनुगमन**

सार्वजनिक निकायबाट उपलब्ध गराईएको अनुदानको सही सदुपयोग भए नभएको एकिन गर्न अनुदान उपलब्ध गराउने निकायले समय समयमा अनुगमन गर्नुपर्दछ । प्राप्त बिबरण अनुसार पालिकाले देहाय अनुसार कृषिजन्य उपकरण खरिदबापत रु. ४४,७१,२२७ अनुदान खर्च लेखेको छ । अनुदान वितरणको सम्बन्धमा पालिकाले स्थानीय अनुदान नीति तय गरेको छैन । नीतिगत स्पष्टता नहुँदा एकैखालको अनुदान वितरणमा लागत सहभागिताको विषयमा भिन्नता हुनुका साथै लाभग्राही छनौट र मूल्याङ्कनको आधार समेत स्पष्ट हुनुपर्दछ । साथै पालिकाले वितरण भएको अनुदानको सही सदुपयोग भए नभएको सम्बन्धमा अनुगमन तथा सोबाट प्राप्त उपलव्धी मापन गरेको छैन । तसर्थ अनुगमनलाई प्रभावकारी बनाई संघ, प्रदेश तथा स्थानीय तहबाट वितरण हुने अनुदानमा दोहोरोपना नहुने गरी अनुदानग्राहीको जीवनस्तरमा सुधार आएको यकिन गरी रकमको अनुदानको पूर्ण सदुपयोग गराउनेतर्फ ध्यान दिनुपर्दछ ।

क्रस	कार्यक्रमको नाम	अनुदानको किसिम	व्यक्ति संख्या	रकम रु.
१	कफि खेती प्रवद्धन कार्यक्रम	कफिको बिरुवा वितरण ७५ प्रतिशत	११४	८९६०००
२	कृषि उपकरण तथा औजारमा ५० प्रतिशत अनुदान	मिनिटिलर वितरण ५० प्रतिशत	२१	९८७५००
३	उन्नत जातको बिउ विजन खरिद,ढुवानी तथा वितरण	आलु विउँ वितरण १०० प्रतिशत	९६६	७४९९५२
४		तरकारी विउँ वितरण १०० प्रतिशत	१४३९	५७६९८
५	कृषि तथा पशुपालन	मिनिटिलर बितरण ५० प्रतिशत	२	९५०००
६		आलुको विउँ बितरण १०० प्रतिशत	१००	६८०००
७	सन्तोला फलफुल बिस्तार कार्यक्रम	बिरुवा ७५ प्रतिशत	३२	१४००००
८		सिंचाई पाईप बितरण ७५ प्रतिशत अनुदान	९४	७७८२८७
९		बोडो पेस्ट ७५ प्रतिशत अनुदान	नखुल्ने	८५५००
१०	भकारो सुधार कार्यक्रम	पालिका अनुदान ५० प्रतिशत	२०	४८८६९०
११	घास व्यवस्थापन १०० प्रतिशत	पालिका अनुदान ५० प्रतिशत	३३७	१२४६००
		जम्मा		४४७१२२७

६० **स्वास्थ्य तर्फ**

स्वास्थ्य तर्फ देखिएका वेहोराहरु देहायबमोजिम रहेका छन्

६०.१ **अस्पताल फार्मेसी** - आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७७ को नियम ३९ बमोजिम सरकारी खर्च गर्दा बजेटको सिमा भित्र रही तोकिएको प्रकृया पुरा गरी तोकिएको प्रयोजनामा मात्र खर्च गर्नुपर्दछ । अस्पतालले आधारभूत अस्पताल व्यवस्थापनको लागि यस बर्ष रु. २,००,६१० आम्दानी तथा रु. ८५,९६२ खर्च भएको बिवरण प्राप्त भएको छ । यसरी पालिकाले यस प्रकारको फार्मेसी संचालन गर्दा त्यसको अभिलेख प्रणालीलाई प्रभावकारी बनाउनु पर्दछ ।

६०.२ **बढी दररेटमा खरिद** - आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली २०७७ को नियम ४१ (ख) मा आर्थिक कारोबार प्रचलित कानून बमोजिम भएको र खर्चको लागि आवश्यक प्रमाण पुगेको हुनु पर्ने व्यवस्था छ । पालिकाले औषधि खरिद गर्दा ऐन नियममा भएको व्यवस्था अनुसार न्युन मुल्यमा गुणस्तरीय सामान खरिद गर्नु पर्दछ । पालिकाले औषधि खरिद गर्दा मितव्ययीता समेत अपनाउनु पर्दछ । पालिकाले पहिलो पल्ट गरेको शिलबन्दी दरभाउपत्रमा न्युन दररेट हाल्ने क्यान्डेला फर्मसँग खरिद गर्न सकिनेमा सोबाट खरिद नगरी अर्को फर्म सनसाइनबाट खरिद गर्दा देहाय बमोजिम बढी हुने गरी खरिद गरेको पाइएकोले सम्बन्धितबाट अशुल हुनुपर्दछ।

औषधिको नाम	क्यान्डेलाबाट	सनसाइनबाट	फरक दर	परिमाण	रकम
amlodipine	४.५	४.९	०.४	२०००	८००
T.Amoxycillin 500 mg	७.६	७.९	०.३	२५०	७५
Amoxycillin 125 mg bottle	७२	७५	३	२५०	७५०
T.Cetrizine HCl 10 mg	३.५	३.६	०.१	४००	४०
Cetrizine HCl 5 mg/5ml	४०	५५	१५	२००	३०००
Ciprofloxacin Eye/ear Drops 0.3% w/v,5ml	२५	२८	३	६००	१८००
C.Cloxacillin 500 mg	१०	११	१	२५००	२५००
T.Diclofenac Sodium 50 mg	२.८	३.९	१.१	३०००	३३००
Hyoscine butylbromide injection 20mg/ml	२५	२८	३	५००	१५००
Tab Hyoscine butylbromide injection 10mg	१०	१६	६	१०००	६०००
T.Metoclopramide 10 Mg	२	३।५	१.५	१५००	२२५०
T.Paracetamol 500 mg	०.८५	०.९५	०.१	२००००	२०००
Paracetamol 125mg/5ml ,50 ml syrup	२२	२८	५	३००	१५००
T.Ranitidine 150 mg	२.८	२.९	०.१	१००००	१०००
Tab Salbutamol 4mg	१.७	१.९५	०.२५	१००	२५
gauze	४५०	४९०	४०	२०	८००
bandaze	४५०	४९०	४०	२०	८००
IV Cannula 22 n	१०	४०	३०	२००	६०००
IV Cannula 20 n	१४	४०	२६	२००	५२००
phenol	१००	११०	१०	५०	५००
Crep bandage	६५	११०	४५	२०	९००
					४२५४०

असुल गर्नुपर्ने	४२,५४०

६०.३ **बढि भुक्तानी**

(✂ ..... कार्यालयले बेरुजु फस्र्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-९-१९** को निर्णयले रू **७,६५०** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

(✂ ..... कार्यालयले बेरुजु फस्र्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-९-१९** को निर्णयले रू **१,०२०** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

असुल गर्नुपर्ने	०

६०.४ **औषधि खरिद** - पालिकाकालाई आवश्यक पर्ने औषधिपालिकाबाट खरिद गर्नुपर्ने र तालुक निकायबाट प्राप्त हुने परिमाण यकिन गरी वार्षिक आवश्यकताको परिणाम विवरण तयार गरी पुल सिस्टमको आधारमा आपूर्ति व्यवस्थापन गर्नु पर्दछ । आपूर्ति हुने औषधी वा अन्य सामानमा उत्पादन मिति, म्याद सकिने मिति, ब्याच नं., उत्पादक कम्पनीको नाम र नि:शुल्क वितरणको लागि लगायतका सूचना उल्लेख रहेको हुनुपर्दछ । आपूर्ति भएका औषधिको म्याद सकिने मिति भण्डार दाखिला समयदेखि कम्तीमा १८ महिना बाँकी हुनुपर्ने तथा भण्डारमा दाखिला गर्दा समेत उल्लेखित सबै विवरण खुलाउनुपर्दछ । पालिकाले यसवर्ष नयन मेडीको र मेडीसेल्स इन्टरनेशनल फर्मसँग रु. ३१,९१,०११ को औषधि खरिद गरेको देखिन्छ । आपूर्ति हुने औषधी तथा औषधिजन्य सामाग्रीमा उल्लेखित सूचना पूर्ण रुपमा रहेको छैन भने औषधिको प्रयोग र मौज्दात समेत यकिन भएन । अत: पालिकाले औषधि खरिद, उपयोग र मौज्दातको अवस्था यकिन गरी औषधि खरिदलाई व्यवस्थित बनाउनुपर्दछ ।

६०.५ **लागत अनुमान** - सार्वजनिक खरिद नियमावली २०६४ को नियम ८५(९) मा खरिद कार्य गर्दा लागत अनुमान तयार गर्नु पर्ने उल्लेख छ।पालिकाले औषधि खरिद गर्दाको लागत अनुमान तयार गर्दा विगत बर्षको खरिद परिमाण, मौज्दातको अवस्था, विरामीको बृद्धि हुने अवस्था र स्वास्थ चौकीबाट पेश भई आएको मागलाई समेत ध्यान दिइ लागत अनुमान तयार गर्नु पर्दछ । पालिकाले औषधिको पारिमाणको लागत अनुमान गर्दा सो अनुसारको विश्लेषण नगरी बढी परिमाणमा औषधि खरिद गरेको पाइयो । केही उदाहरणहरु

औषधिको नाम	स्वास्थ संस्थाबाट माग भई आएको परिमाण	आव २०८०।८१ मा भएको खर्च परिमाण	यसवर्षको लागत अनुमानको परिमाण
Tab Ranitidine 150 mg	४३५०	६११०	२५०००
Tab Amoxicillin 500mg	१४६००	८१००	२००००
Tab pantaprazole 40mg	१००००	७६००	१४०००
T. Paracetamol 500 mg	३२०००	७११५०	९००००
Tab amold 5 mg	३३००	१६०००	१२०००
Tab ctz 10 mg	५२००	१००००	१००००

६०.६ **खरिद प्रकृया** - सार्वजनिक खरिद नियमावली २०६४ को नियम ८५ मा २५ लाख भन्दा बढीको औषधि खरिद गर्दा शिलबन्दी दरभाउपत्रबाट खरिद गर्न सकिने व्यवस्था छ । पालिकाले यस बर्ष निशुल्क वितरण गरीने औषधि रु. ३१,९१,०११ मा ४ पटक गरी खरिद गरेको पाइयो ।पहिलो पटक कोटेशनबाट नयन मेडीकोबाट रु. ५,०२,४२७ दोस्रो पटक गुडलक मेडीसिनबाट कोटेशनबाट रु. ३,१६,७८० र तेस्रो पल्ट रु. २३,१८,७९८ को लागत अनुमान तयार गरी इ विड मार्फत क्यान्डेल मेडीकर्न्सनबाट रु. १८,७३,३६४ र चौथो पटक सनसाइन मेडिको बाट रु. ४,९८,४४० खरिद गरेको पाइयो । नियमावलीको प्रवधान अनुसार एकमुष्ट लागत अनुमान तयार गरी शिलबन्दी दरभाउपत्रबाट खरिद गर्दा बढी प्रतिस्पर्धा भइ न्युन मुल्यमा गुणस्तरीय औषधि प्राप्त हुन सक्ने गरी खरिद प्रकृया अपनाएको पाइएन ।

६०.७ **न्यानो झोला कार्यक्रम** - स्वास्थ्य तथा जनसंख्या मन्त्रालयबाट जारी गरेको आर्थिक वर्ष २०८०।८१ मा सशर्त अनुदान तर्फ स्थानीय तहबाट सञ्चालन गरिने कार्यक्रमहरुको मार्गदर्शन, २०७८ को दफा १३ (पृष्ठ-१५९) मा प्रसुतिका आधारमा अनुमान गरी न्यानो झोलाको लागि पालिकाहरुले सार्वजनिक खरिद ऐन र नियमावली अनुसार तोकिएको स्पेशिफिकेशन अनुसार खरिद गरी सो अनुसार गुणस्तर भए नभएको आधिकारिक तहबाट गुणस्तर परीक्षण गर्नु पर्ने व्यवस्था छ । पालिकाले आ.व. २०८०।८१ को बाँकी ५० वटा न्यानो झोला जिम्मेवारी सारेको र यस आर्थिक वर्षमा १०० थान न्यानो झोला खरिद गरेको देखन्छ । पालिका अन्तर्गत रहेका २ वटा बर्थिङ्ग सेन्टरमा प्रसूती भएका ४३ जना सुत्केरी आमाहरुलाई ४३ वटा बितरण गरी पालिका र पालिका अन्तर्गतका बर्थिङ्ग सेन्टरमा २ वटा पालिकामा जम्मा १०५ गरि जम्मा १०७ न्यानो झोला बाँकी रहेको देखिन्छ । बाँकी रहेको न्यानो झोला लामो समय भण्डारण गर्दा

सोको गुणस्तरमा ह्रास आउने हुनाले माग र आवश्यकताको वस्तुनिष्ठ आङ्कलन गरी गुणस्तरीय झोला खरिद गर्नुपर्नेतर्फ पालिकाले ध्यान दिनुपर्दछ ।

६०.८ **औषधीको अभिलेख** - स्वास्थ्य सेवा विभागको प.सं २०८१।०८२,चलानी नं २०७३ मिति २०८२।३।३० गते जारी भएको परिपत्रको आधारमा पालिका अन्तर्गत रहेका स्वास्थ्य शाखाले प्राप्त गरेको औषधी तथा औषधीजन्य सामाग्रीहरुको अभिलेख राख्ने प्रणाली eLMIS लाई अगामी आ.व २०८२।८३ बाट PAMS मै एउटा system थप गरी अभिलेख राख्नुपर्ने जानकारी दिएको छ । साथै सोही परिपत्रले आ.व २०८१।८२ को अन्तिम महिना आषाढतिर म्यानुअल तरिकाले विवरण डाउनलोड गरी सो मौज्दातलाई नयाँ PAMS V2 मा Migration गर्नुपर्ने जानकारी दिएको छ। नयाँ PAMS V2 मा औषधी तथा औषधीजन्य सामाग्रीहरुको अभिलेख राख्नको लागि २०८२ श्रावण मसान्तभित्र युजर आइडी सिर्जना गरी अभिलेख अधावधिक गरिसक्नुपर्नेमा हालसम्म पनि अभिलेख अधावधिक गरेको देखिएन । तसर्थ पालिकाले यस प्रणालीको सिर्जना गरी औषधी तथा औषधीजन्य सामाग्रीहरु अभिलेख चुस्त दुरुस्त राख्नुपर्छ ।

६१ शिक्षा तर्फ

शिक्षा तर्फ देखिएका वेहोराहरु देहायबमोजिम छन्

६१.१ **शिक्षक दरबन्दी र पदपूर्ति** - स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ८३(१) मा विषयगत महाशाखा तथा शाखाको दरबन्दी संरचना कायम गनुपर्ने उल्लेख छ । स्थानीय तह अन्तर्गत रहेका सामुदायिक विद्यालयहरुमा दरबन्दी अनुसार शिक्षकको पदपूर्ति भई नियमित पठनपाठनको व्यवस्था हुनुपर्दछ । पालिका अन्तर्गत १६ वटा बाल विकास केन्द्र, २३ वटा आधारभूत विद्यालय, ४ वटा माध्यमिक विद्यालयहरु सञ्चालनमा रहेका छन । सञ्चालनमा रहेका २७ विद्यालयहरुमा शिक्षकको दरबन्दी र पदपूर्तिको अवस्था एवं विद्यार्थीको संख्या निम्नानुसार रहेको देखिन्छ । तालुक निकाय तथा पालिकाबाट विद्यालयगत शिक्षक दरबन्दी मिलान गरी पदपूर्ति गर्नुपर्दछ ।

तह	दरबन्दी संख्या	पदपूर्ति					विद्यार्थी संख्या	विद्यार्थी शिक्षक अनुपात
		स्थायी	राहत	करार	अनुदान	जम्मा	२०८१	
प्राथमिक शिक्षक	८९	७७	१०	२	०	८९	९६०	१०.८
निम्न माध्यमिक शिक्षक	२०	७	८	०	५	२०	५३९	२७
माध्यमिक शिक्षक	१५	१०	१		४	१५	३१४	२०.९
उच्च माध्यमिक शिक्षक	४	०	०	४	०	४	२०९	५२.३
प्राविधिक धार	४	०	०	०	०	४	५२	१३
जम्मा	१३२	९४	१९	१०	९	१३२	२०७४	

६१.२ **प्रतिविद्यार्थी लगानी** - पालिकाले यस आर्थिक वर्षमा शिक्षक, विद्यालय सहायक कर्मचारी, बाल विकास सहज कर्ता र विद्यालय सहयोगीको तलब भत्ता समेतमा रु. ८,०३,७२,२४३ दिवा खाजामा रु. २६,६२,६६५, पाठ्यपुस्तकमा रु. १०,९३,०४६ छात्राबृत्तिमा रु. २,२४,८०० अन्य खर्च रु. ५७,१०,०७० समेत सशर्त शीर्षकमा रु. ९,००,६२,८२४ र पालिका चालुबाट रु. १,१७,९३,१५५ गरी जम्मा रु. १०,१८,५५,९७९ खर्च गरेको छ । पालिकाको शैक्षिक सत्र २०८१ मा २०७४ जना विद्यार्थी अध्ययन गर्ने देखिएकोले प्रति विद्यार्थी रु. ४९,११० लगानी भएको देखिन्छ । पालिकाले लगानी बमोजिम उपलब्धीमा जोड दिनुपर्दछ ।

६१.३ **स्वयमसेवक शिक्षक** - स्थानीय सरकार संचालन ऐन, २०७४ मा स्थानीय तहका सामुदायीक विद्यालयमा रहेका शिक्षकहरुको तलब भत्ता शर्शत शिक्षा तर्फ वजेट व्यवस्था गरी स्वीकृत दरवन्दी अनुसार खर्च गर्नु पर्ने व्यवस्था छ । पालिकाले पालिका चालु शिर्षकबाट

अनुदान कोटाका ११ शिक्षकको रु. ३६,१४,००० साझेदारी स्वयमसेवी शिक्षक १ जनाको रु. १,३०,००० बाल बिकास अनुदान कोटाका ७ शिक्षकको रु. १४,५६,००० समेत रु. ५२,००,००० स्वयम सेवक शिक्षकमा खर्च गरेको छ । पालिकाको आन्तरिक आय रु. ८६,१७,३७२ रहेको अवस्थामा स्वयम सेवक शिक्षकमा रु. ५२,००,००० खर्च हुनु मनासिव देखिदैन । विद्यार्थी सङ्ख्या कम भएका विद्यालय एकआपसमा गाभ्ने कार्य तथा शिक्षक दरबन्दी समायोजन नगरी पालिकाले स्वीकृत दरबन्दीभित्र नपरेका एवं विद्यालयलेलाई यस प्रकारको खर्च अनियमित भएको भनि बेरुजु औल्याएकोमा यस पटक पनि यस प्रकारको खर्च हुनु नियम गत विगतदेखि नै यस प्रकारको खर्च लेखेको नियमसम्मत देखिएन।

अनियमित भएको	५२,००,०००

६१.४ **निशुल्क पाठ्यपुस्तक** - कार्यक्रम कार्यान्वियन पुस्तिका २०८०।८१ को क्रियाकलाप नं २.४.६.१ अनुसार प्रति विद्यार्थी लागतका आधारमा कक्षा १ देखि १२ सम्म अध्ययनरत विद्यार्थीका लागि नि:शुल्क पाठ्यपुस्तक अनुदान दिने व्यावस्था रहेको छ । यसरि अनुदान उपलब्ध गराउदा IEMIS मा प्रविष्ट तथ्याङ्कलाई विद्यार्थीहरुको यथार्थ तथ्याङ्कसंग सत्यापन गराई सत्यापित विवरण शिक्षा अधिकृतबाट प्रमाणित गरी पाठ्यपुस्तकको सङ्ख्या यकिन गरेर मात्र पहिलो पटकमा ७५ प्रतिशत संख्यालाई मात्र अनुदान दिने र शैक्षिक सत्रमा भएको नयाँ विद्यार्थी भर्नाको विवरण, पाठ्यपुस्तक खरिद र वितरण गरेको विवरणका आधारमा यकिन गरी नपुग हुने रकम मात्र दोस्रो पटक अनुदान दिने व्यवस्था रहेको छ । पालिकाले विभिन्न विद्यालयहरुलाई रु. १०,९३,०४६ रकम निकाशा गरेकोमा IEMIS मा प्रविष्ट तथ्याङ्कलाई विद्यार्थीहरुको यथार्थ तथ्याङ्कसंग सत्यापन नगराएको, पहिलो पटक निकाशा गरेपश्चात २५ प्रतिशत दोस्रो निकाशा गर्दा शैक्षिक सत्रमा भएको नयाँ विद्यार्थी भर्नाको विवरण, पाठ्यपुस्तक खरिद र वितरण गरेको विवरणका आधारमा मात्र गर्नुपर्नेमा सोझै निकाशा गरेकोले वास्तविक निकाशा खर्च यकिन हुन सकिएन ।

६१.५ **दिवा खाजा** - कार्यक्रम कार्यान्वियन पुस्तिका २०८०।८१ को क्रियाकलाप नं २.७.११.१ अनुसार प्रारम्भिक बाल विकासदेखि कक्षा ६ सम्मो विद्यार्थी संख्याको आधारमा वार्षिक १८० दिनका लागि प्रति विद्यार्थी रु १५ को दरले रकम निकाशा गर्नुपर्ने व्यवस्था रहेको छ । यसरि रकम निकाशा गर्दा एकरुपता कायम हुने गरी दिवा खाजाको मेनु तयारी र खाजा व्यवस्थापन विधिको छनोट गर्नुपर्ने, IEMIS मा रहेको विद्यार्थी संख्या यकिन गर्नुपर्ने, पछिल्लो त्रैमासिकमा रकम निकाशा गर्दा भौतिक रुपमा पूरा कक्षा चलेको दिनलाई प्रधानध्यापक र विव्यस अध्यक्षबाट विद्यार्थीको संख्यात्मक विवरण प्रमाणित गराई स्थानिय तहमा संकलन गरी संख्या यकिन भए पश्चात मात्र थप अनुदान दिने व्यावस्था रहेको छ ।कार्यालयले विभिन्न २७ सामुदायिक विद्यालयहरुलाई वर्षभरि विद्यालय चलेको दिन यकिन नगरी विभिन्न मितीमा दिवा खाजा बापतको रकम निकाशा गरेको छ । सम्पूर्ण विद्यालयका सम्पूर्ण विद्यार्थीहरुलाई प्रमाणित हाजिर र विद्यार्थी संख्या यकिन बेगर एकमुष्ठ रकम निकाशा गरेको औचित्यपूर्ण देखिदैन । कार्यालयले यस वर्ष विभिन्न २७ विद्यालयहरुलाई दिवा खाजा निकाशा दिदाँ तोकिएका मापदण्डहरु पुरा भएको अवस्था बेगर रकम निकाशा गरेको पाईएकोले कानुन तथा निर्देशिकाको पालना गरि दिवा खाजा रकम निकाशा गर्नुपर्दछ । कार्यालयले IEMIS मा रहेको विद्यार्थी संख्या पुन यकिन गरि, बास्तविक विद्यार्थी संख्यालाई शिक्षा अधिकृतबाट सत्यापन गराई, भौतिक रुपमा पूरा कक्षा चलेको दिनलाई प्रधानध्यापक र विव्यस अध्यक्षबाट विद्यार्थीको संख्यात्मक विवरण प्रमाणित गराई, स्थानिय तहमा संकलन गरी, संख्या यकिन गरि बिद्यार्थी उपस्थितिको दिन गणना गरेर मात्र दिवा खाजा निकाशा गर्नुपर्दछ । यस सम्बन्धमा निकाशा भएको रकम कार्यालयले पुन: यकिन गरि बढी निकाशा भएमा बढि भएको रकम असुल गर्नुपर्दछ ।

६१.६ **स्यानिटरी प्याड** - स्यानिटरी प्याड (वितरण तथा व्यवस्थापन) कार्यविधि,२०७६ को दफा ४ मा पालिकाले खरिद गरेको स्यानिटरी प्याड गुणस्तरमा कमी नआउने गरी भण्डारण गर्नुपर्ने उल्लेख छ। साथै दफा ५ मा स्यानिटरी प्याड त्रैमासिक,चौमासिक वा अर्धवार्षिक रुपमा वितरण गर्न सकिने उल्लेख छ।पालिकाका भित्रका सामुदायिक विद्यालयहरुमा कक्षा ६ भन्दा माथिका छात्रा विद्यार्थीहरु ५७१ जना रहेका छन।पालिकाले अरबिन जनरल सप्लायर्स बाट ४८४० थान स्यानिटरी प्याड रु. ५,४६,९२० (मु अ कर समेत) मा खरिद गरेको छ। पालिकाले गत विगतको खपतलाई आधार मानी समयमै उचित परिमाणमा खरिद गर्नुपर्नेमा वर्षान्तमा खरिद गरि मौज्दातमा

राखेको देखिन्छ। खरिद गरिएका प्याडहरु भण्डारण गर्दा गुणस्तरमा कमी नआउने गरी सुरक्षित रुपमा राखेको पाइएन।तसर्थ पालिकाले आवश्यकताको पहिचान गरी आवश्यक परिमाणमा मात्र प्याड खरिद गर्नुपर्दछ ।

६१.७ **निकासा अभिलेख खाता -** पालिकाले शिक्षकहरुको तलव भत्ता निकासा गर्नुपूर्व दरवन्दी अनुसार कार्यरत शिक्षकहरु यकिन गरी तलव भत्ता निकासा गर्नुपर्ने त्यस्तै माग फाराम सोही आधारमा रुजू गरी विद्यालयगत निकासा लेजर तयार गरी निकासा छोड्नुपर्नेमा निकासा लेजर राखेको छैन । दरवन्दी विवरण, कार्यरत शिक्षक विवरण, सो अनुरुपको माग फाराम तथा निकासा लेजर खडा गरी सोको अभिलेख व्यवस्थित रुपमा राख्नुपर्दछ।

६१.८ **विद्यालय अनुगमन**

(✂ ….. कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१२-३** को निर्णयले रू **४,२५०** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

(✂ ….. कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-९-१९** को निर्णयले रू **३,४००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

(✂ ….. कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-९-१९** को निर्णयले रू **५,९५०** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

(✂ ….. कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-९-१९** को निर्णयले रू **५,९५०** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

(✂ ….. कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-९-१९** को निर्णयले रू **१,७००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

(✂ ….. कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-९-१९** को निर्णयले रू **१,७००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

(✂ ….. कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-९-१९** को निर्णयले रू **४,२५०** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

असुल गर्नुपर्ने	०

६२ **पूँजिगत खर्च शिर्षक तर्फ**

पूँजिगत खर्च शिर्षक तर्फ देखिएका व्यहोराहरु देहाय अनुसार छन्

६२.१ **कार्यालयको काम उपभोक्ता समिति मार्फत गराएको -** सार्वजनिक खरिद ऐन, २०६३ को दफा ४४ मा काममा मितव्ययी, गुणस्तरीय, रोजगारी श्रृजना गर्ने तथा दिगोपना हुने भएमा त्यस्ता आयोजना उपभोक्ता समिति मार्फत गराउन सकिने उल्लेख छ। साथै सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ मा उपभोक्ता समिति मार्फत गराएको कामको स्वामित्व लाभग्राही समुदायलाई नै हस्तान्तरण गर्नुपर्ने उल्लेख छ। कार्यालयले आफै निर्माण गर्नुपर्ने आफ्नै भवन निर्माण तथा मर्मतको काम उपभोक्ता समिति मार्फत गराइ देहाय अनुसार खर्च गरेको छ । उपभोक्ता समिति मार्फत कार्य गराउदा लाभ प्राप्त गर्ने र दिगोपना आउने योजनाको कार्य गर्न दिनुपर्नेमा हस्तान्तरण गर्न नहुने र प्रतिस्पर्धावाट कार्यालयले गराउनुपर्ने कार्यहरु समेत उपभोक्ता समिति मार्फत गराएको पाइयो। नियमावलीमा भएको व्यवस्थाको प्रतिकुल हुने गरी लाभग्राही समुदाय मार्फत आफ्नै भवन निर्माण कार्य गराउनु नियमसम्मत देखिएन।

भौ नं.	उपभोक्ता समिति	कामको विवरण	भुक्तानी रकम
८०\०८१\१०\१३	वडा कार्यालयको कम्पाउण्ड मेशिनरी वाल निर्माण उपभोक्ता समिति	वडा ५ कार्यालयको कम्पाउण्ड मेशिनरी वाल निर्माण	६२४५५०
जम्मा			६२४५५०

अनियमित भएको	६,२४,५५०

६२.२ **फरक शीर्षक** - आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली,२०७७ को नियम ३८ मा बजेट खर्च गर्न वा खर्च निकासा गर्न दिनु अघि स्वीकृत बार्षिक बजेट तथा कार्यक्रम र सम्बन्धित शीर्षकमा परेको र खर्च गर्न बाँकी रहेको एकीन गर्नुपर्ने व्यवस्था छ । पालिकाले निम्नानुसारको (नमुना छनौटको रुपमा हेरिएको) फरक शीर्षकबाट खर्च भुक्तानी गरको छ । विनियोजित बजेट सम्बन्धित खर्च शिर्षकको अधिनमा रही खर्च गर्नेतर्फ ध्यान दिनुपर्दछ । अतः फरक शीर्षकमा खर्च गरेको रु. २,८५,७३१ रकम नियमसम्मत देखिएन।

भौचर नं. र मिति	**शिर्षक**	**रकम रु**
१६०\०८१\१२\२१	खिंचाई आयोजना(पाईप खरिद अनुदान)	११५७३९.००
२११\०८२\२\१९	आयोजना तर्फ गा.पा. समपुरक	१५०१९२.००
२९०\०८२\३\१८	स्वास्थ्य संस्थाहरुको लागि ल्यापटप तथा प्रिन्टर खरिद तथा मर्मत संभार	१९८००.००
जम्मा		२८५७३१

अनियमित भएको	२,८५,७३१

६२.३ **ईलेक्ट्रोनिक सामाग्री खरिद** - सार्वजनकि खरिद ऐन, २०६३ को दफा ८ बमोजमि प्रतिस्पर्धा सीमित नहुने गरी खरीद गर्नुपर्ने व्यवस्था छ । त्यस्तै सार्वजनकि खरिद नियमावलीमा रु. १० लाख सम्मको खरीद कार्य सोझै, सो भन्दा माथि रु.२० लाखसम्म सिलबन्दी दरभाउपत्रबाट र सोभन्दा माथिको खरीद बोलपत्रको माध्यमबाट गर्नुपर्ने व्यवस्था छ । तर पालिकाले प्रचलित कानुनी व्यवस्थाको पालना नगरी एउटै प्रकृतिको खरिदलाई निम्नानुसार टुक्रापारी गरेको खरिदको देखिन्छ । यस्ता कार्यमा कानून बमोजिम सुधार हुनुपर्दछ ।

गो.भा.न.\मिति	खरिद विवरण	भुक्तानीकर्ता	रकम
२३।०८१।६।१६	Interactive plant panel board खरिद	कम्प्युटर्स होम र सप्लायर्स, खाँदबारी	४७९१२०
२०७।०८२।२।९	Laptop Battry, Us+256 SSD	कम्प्युटर्स होम र सप्लायर्स, खाँदबारी	५०००००
२६६।०८२।३।१	Core I5 Laptop	कम्प्युटर्स होम र सप्लायर्स, खाँदबारी	१०००००
२९१।०८२।३।१८	AC खरिद	कम्प्युटर्स होम र सप्लायर्स, खाँदबारी	२२८०००
२५।०८१।६।१७	Printer खरिद	युनिका कम्पयुटर एण्ड सप्लायर्स, खाँदबारी	३७२९०
३४।०८१।८।२३	बिद्युतीय हाजिरी, ईन्भर्टर आदी	धौलागिरी सोलार, संखुवासभा	२००८००
३६।०८१।८।२३	बिद्युतीय हाजिरी, ईन्भर्टर आदी	धौलागिरी सोलार, संखुवासभा	५७६३०
८३।०८१।१०।१४	फिङ्गर प्रिन्ट स्क्यानर	बज्राचार्य सप्लायर्स, संखुवासभा	१०८०००
८८।०८१।१०।१५	HP Laptop खरिद	बज्राचार्य ईलेक्ट्रोनिक्स, संखुवासभा	८५०००
१२९।०८१।१२।८	CCTV खरिद	भिसन आई.टी. सोलुसन	६५००००
२८६।०८२।३।१६	Lenovo laptop खरिद	साकार ईन्टरप्राइजेज, खाँदबारी	५२५४५०
३०३।०८२।३।२१	Core laptop खरिद	ईस्मार्ट आईटी ईन्फोटेक, खाँदबारी	१९८८८०
जम्मा ३१७०१७०			

६२.४ **रकमान्तर** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७९ मा स्वीकृत बार्षिक बजेटको अधिमा रही कुनै शीर्षकबाट पूँजीगत शीर्षकमा २५ प्रतिशत नबढाई रकमान्तर गर्न सकिने व्यबस्था रहेको छ । साथै पालिकाको विनियोजन ऐन, २०८० को दफा ३(२)मा समेत रकमान्तर सम्बन्धि व्यवस्था गरिएको छ । पालिकाले यस बर्ष थपघट समेत कार्यपालिकाको निर्णयबाट बिभिन्न शिर्षकमा जम्मा रू. २,७८,९५,६१५ रकमान्तर गरेको छ । उक्त रकम शुरु बजेटको तुलनामा ७.१३ प्रतिशत हुन्छ । यसरी बजेट रकमान्तर गरी खर्च गर्ने परिपाटीमा सुधार हुनुपर्दछ ।

६२.५ **जटिल संरचना निर्माण** - सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ अनुसार उपभोक्ता समितिहरुलाई मेशिन, औजार उपकरणहरुको आवश्यक नपर्ने, श्रममूलक कार्यको जिम्मेवारी दिनुपर्ने व्यवस्था रहेको छ । पालिकाले आर.सि.सी., फ्रेम स्ट्रक्चर सहितका भवन, पुल, कल्भर्ट, ओभरहेड टंकी, निर्माण, ग्रामीण विद्युतीकरण लगायतका जटिल प्राविधिक पक्ष समावेश हुने पूर्वाधार संरचना निर्माण कार्य समेत उपभोक्ता समितिहरु मार्फत गराउने गरेको देखियो।यस्ता कार्य व्यावसायिक र अनुभवी निर्माण व्यवसायी फर्मबाट बोलपत्र प्रतिस्पर्धा मार्फत गराउन उपयुक्त हुने देखिन्छ।यसका केही उदाहरणहरु यस प्रकार रहेका छन्:-

गोभौनं./मिति	उपभोक्ता समितिको नाम	कामको विवरण	भुक्तानी रकम
१८९\०८२\१\२४	आदिबासि जनजाती भवन निर्माण उ.स.	भवन निर्माण	४८००१६
१९८\०८२\१\३०	मगर संघ भवन निर्माण वडा १ उ.स.	भवन निर्माण	४४०८८९

६२.६ **पूँजीगत बजेटमा चालु प्रकृतिका खर्च** - पूँजी सृजना नहुने खालका वितरण मूखी खर्चलाई निरुत्साहित गर्दै स्थानीयतहले अधिकतम प्रतिफल दिने र पूँजीको निर्माण हुने एवम् उपयोगिता सिर्जना हुने गरी योजना छनौट तथा कार्यान्वियन गर्नुपर्ने कार्यक्रम छनौट गरी पूँजीगत शीर्षकमा समावेश गरी सिमित स्रोतको उच्चतम प्रयोग गर्नुपर्दछ । यस स्थानीय तहले देहाय अनुसारका पूँजी निर्माणमा सहयोग

नरहने, उत्पादनमा वृद्धि नगर्ने किसिमका खर्चलाई विभिन्न संघसंस्था, समूह, क्लव लगायतलाई कार्यक्रम र प्रस्तावको आधारमा पूँजीगत शीर्षकबाट रू.२७७८९८ भुक्तानी दिएको पाईयो । यस्तो खर्चमा मितव्ययिता कायम गर्नु पर्दछ ।

क्र.स.	भुक्तानी पाउने संस्थाको नाम	प्रयोजन	रकम
१	सिद्धकाली फर्निचर एण्ड सप्लार्स, खाँदबारी	प्लास्टिक कुर्सि खरिद	२७५२६.
२	सक्षम फर्निचर उद्योग, सभापोखरी	फर्निचर सामाग्री	१५०२९.
३	देवदत्त मेडिको फर्मा	औषधि खरिद	२२०५५२
४	सिद्धकाली फर्निचर एण्ड सप्लार्स, खाँदबारी	कार्पेट खरिद	१४७९१
जम्मा			२७७८९८

६२.७ **ल्याब व्यबस्थापन -** कार्यक्रम कार्यान्वियन कार्यविधि, २०८१।८२ को क्रियाकलाप ११.१.२.२९८० उपक्रियाकलाप ८.५ प्राविधिक धार तर्फ शैक्षिक सत्र २०७९ बाट कक्षा ९ सञ्चालन गर्ने बिद्यालयलाई ल्याब व्यबस्थापन अनुदान सम्बन्धी व्यबस्था छ । साथै ल्याबको निर्माण प्राविधिक धारसम्बन्धी विद्यालयमा प्राविधिक तथा व्यबसायीक शिक्षा सञ्चालन निर्देशिका, २०६९(संशोधन सहित) मा समेत उल्लेख छ । पालिकाले गो.भौ.न.२३।०८२।२।३।२० बाट पशु विज्ञान विषय सञ्चालन गर्न ल्याब व्यबस्थापनको लागि जनज्योती मा.बि. धुपुको नाममा रू.२६,००,०००.०० निकासा गरेको छ । उक्त बिद्यालयसंग भएको सम्झौता बमोजिम मिति २०८२।३।२५ सम्म कार्यसम्पन्न गर्नुपर्ने उल्लेख रहेको देखिन्छ । लेखापरीक्षण अवधिसम्म उक्त ल्याब व्यबस्थापनको गरेको सम्बन्धमा प्रमाणहरु तथा सोको अनुगमन प्रतिवेदन पेश भएको देखिएन । तर्सथ उक्त निकासा रकमको खर्च भएको प्रमाणहरु र पालिकाबाट गरेको अनुगमन प्रतिवेदन सहितको प्रमाण पेश हुनुपर्दछ।

प्रमाण पेश नगरेको	२६,००,०००

६२.८ **नापी बेगर भुक्तानी**

(✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-९-१९** को निर्णयले रू **९६६,०३४** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

प्रमाण पेश नगरेको	०

६२.९ **कार्य फरक पारि बढी भुक्तानी**

(✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१२-३** को निर्णयले रू **१३,६३२** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

असुल गर्नुपर्ने	०

६२.१० **मूल्य अभिवृद्धि करकट्टी -** मूल्य अभिवृद्धिकर नियमावली, २०५३ को नियम ६ ग अनुसार मू.अ.कर रकमको ३० प्रतिशत सम्बन्धीत राजस्व शीर्षकमा र बाँकी ७० प्रतिशत सम्बन्धीत फर्मलाई भुक्तानी दिनुपर्ने उल्लेख छ । तर निम्न आयोजनाहरुले देहायको भुक्तानीमा नियमानुसार ३० प्रतिशत रकम रु.२४१९.१७ कट्टी गरी राजस्व दाखिला नगरी फर्मलाई नै भुक्तानी दिएको देखिन्छ । तसर्थ उक्त रकमको कर समायोजन प्रमाण पेश हुनुपर्ने अन्यथा असुल हुनुपर्दछ।

गो.भा.न.\मिति	योजनाको नाम	भुक्तानी पाउनेको नाम	प्यान नं.	भुक्तानी रकम	मुअकर रकम	३० प्रतिशत रकम
७४\०८१\१०\७	फर्निचर व्यबस्थापन वडा कार्यालय	सिद्धकाली फर्निचर एण्ड सप्लायर्स, खाँदबारी	६१०९९७६९१	७००९३.९३	८०६३.९	२४१९.१७
जम्मा				७००९३.९३	८०६३.९	२४१९.१७

(✂ ..... कार्यालयले बेरुजु फस्यौंट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१२-३** को निर्णयले रू **३,५६२.८** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

प्रमाण पेश नगरेको	२,४१९.१७

६३ पूँजीगत शिर्षक अन्तर्गतका अन्य व्यहोराहरु

६३.१ **अधुरा ठेक्का/योजना** - सार्वजनिक खरिद ऐन २०६३ को दफा ५९ मा खरिद सम्झौता अनुसारको काम र प्रगती नगरेमा खरिद सम्झौता अन्त्य गरि खरिद नियमावलीको नियम १२८ अनुसार पूर्व निर्धारित क्षतिपूर्ती लगाउने, खरिदकर्ताको प्रतिस्थापन गर्ने, कार्य सम्पनन जमानी प्राप्त गर्ने र बाँकी काम सम्झौता प्राप्त गर्नेबाट गराई दफा ६३ अनुसार कालो सुचीमा राख्न लेखि पठाउने समेतका कारवाहीहरु गर्ने व्यवस्थाहरु छन । गत बिगत बर्षहरु र यस बर्ष बिभिन्न निर्माण कामहरु गर्नको लागि प्रतिस्पर्धाबाट छनौट भएका निर्माण ब्यबसायीहरु र गाउँपालिका बिच भएको सम्झौता भएकोमा निर्माण ब्यबसायीहरुले प्रचलित कानून र सम्झौताको शर्त बमोजिम काम नगर्ने तथा निर्माण काम अधुरो राख्ने गरेको पाइयो । अधुरा ठेक्काहरुका हकमा केहि ठेक्कामा कारवाहीको प्रक्रिया शुरु गरेको र केहिमा कारबाहि नगरेको कारण ठेक्काको कामबाट प्राप्त हुनु पर्ने सेवा प्राप्त हुन नसकेको अवस्था उत्पन्न भएकोले उपरोक्त अधुरा ठेक्काहरुलाई उल्लेखित कारवाहीलाई कार्यान्वियन गरि ठेक्का खरिद सम्झौतालाई समयमै टुङ्गयाई फरफारक गरि यस्ता निर्माण ब्यबसायीहरुलाई कालोसूचीमा राख्न लेखि पठाउनु पर्दछ । देहायका ठेक्काहरुको सम्बन्धमा देखिएका ब्यहोराहरु निम्नानुसार रहेका छन ।

(विस्तृत विवरण बेरूजु दफा ६३.१ सँग सम्बन्धित अनुसूचीमा संलग्न छ ।)

६३.२ **परामर्श सेवा खरिद** - बजेट व्यवस्था भई कार्यान्वियन हुने आयोजनाको मात्र गुरुयोजना डीपीआर लगायतको अध्ययत गरी प्रतिवेदन तयार गर्नु पर्दछ । यस कार्यालयले यो बर्ष स्वीकृत बार्षिक कार्यक्रम अनुसार देहाय बमोजिमको कार्य परामर्शदाताबाट गराई प्रतिवेदन प्राप्त गरको छ । यस्तो अध्ययन कार्य गराउँदा लाग्ने खर्चको लागत अनुमान तयार गर्दा कुनै आधार नलिई स्वीकृत बजेट बमोजिमकै रकम खर्च गरेको उपयुक्त देखिएन । डी.पी.आर.तयार गर्दा पालिकाको प्राविधिक जनशक्ति प्रयोग नगर्नाको कारण स्पष्ट गर्दै आगामी दिनमा कार्यालयको प्राविधिक जनशक्तिबाट यस्तो कार्य गराउनु पर्दछ । साथै यसरी अध्ययन प्रतिवेदन तयार भएका आयोजनाहरु कार्यान्वियनमा गएको समेत नदेखिएकोले खर्चको सार्थकता समेत देखिएन । पालिकाले आवश्यकताको पहिचानको आधारमामात्र डि.पी.आर. तथा अन्य बिषयगत प्रतिबेदन र सफ्टवेयर तयार गर्ने साथै आवश्यकता बेगर डि.पी.आर, अन्य सामाजिक प्रभाव अध्ययन प्रतिबेदन तथा सफ्टवेयर बनाउने कार्यमा नियन्त्रण हुनु पर्दछ।

कार्य विवरण	परामर्शदाता	स्वीकृत रकम	खर्च रकम	अध्ययनबाटआयोजनाको लागत	कार्यान्वयन भए/नभएको
Preparation of Detailed Project Report on Kaduri Pul - Ward Office - Paireni Zeropoint Blacktopped Road Construction	Jenish Consultant & Construction Pvt.Ltd., Mahalaxmi-2, Lalitpur	५०००००	४९६८६४.५३	३०९२८७३०५.४४	नभएको
Preparation of Detailed Project Report on Paireni Zeropoint to Chaplewa Blacktopped Road Construction				२९३२७७६३	
आर्थिक बर्ष २०८१।८२					
जनज्योति मा.वि. विद्यालय भवनको डि.पि.आर. निर्माण	रिप्पल ट्रेनिङ्ग एण्ड कन्सल्टिङ सर्भिसेज प्रा.लि., टोखा-०६, काठमाण्डौँ	४५००००	४४६५०८.२०	१३१६३४९७७.९४	ठेक्का आव्हान भई फाउण्डेसनको कार्य सम्पन्न र पहिलो तलाको निर्माण कार्यको लागि बोलपत्र आव्हान भएको
			९४३३७२.७३		

६३.३ **प्रिमिक्समा बढी भुक्तानी** - सडक विभागको Standard Specification for Road and Bridge Works को clause no. 1310 मा प्रिमिक्सको मोटाई 20mm हुने उल्लेख छ । पालिकाले देहायबमोजिमको ठेक्का अन्तर्गत सडक निर्माण कार्यमा प्रिमिक्स कार्पेटिङ गर्दा 40mm मोटाई राखी देहाय बमोजिमको बढी परिमाणको भुक्तानी दिएको देखिन्छ । नर्म्समा उल्लेख भएभन्दा बढी मोटाई नापजाँच गरी भुक्तानी दिएको नियमसम्मत देखिएन।

क्र.सं.	ठेक्का नं	योजनाको नाम	निर्माण व्यवसायीको नाम	भुक्तानी दिएको परिमाण घ.मि.	भुक्तानी दिनुपर्ने परिमाण घ.मि.	बढी परिमाण घ.मि.	दर प्रति घ.मि.	रकम	मूल्य अभिवृद्धि कर सहितको रकम
१	SPRM/UBS/NCB/01/081/82	खाँदबारी डके बाह्रबिसे कालोपत्रे	श्री रिजन एण्ड रियाना- मिसन एण्ड भिजन- कालाखेती जे.भी. खाँदबारी	४५२.५६	२२६.२८	२२६.२८	१७०००	३८४६७६०	४३४६८३८
जम्मा								३८४६७६०	४३४६८३८

यस सम्बन्धमा भौगोलिक विकटताले बाक्लो कालोपत्र गर्ने भनि जनप्रतिनिधिहरुको माग रहेकोले 40 mm को कार्य गराएको र सोहि अनुसार कार्य भएको, नर्म्स अनुसार फरक परेतापनि वास्तविक कार्य सम्पादन र प्राविधिक प्रतिवेदन अनुसार रकम भूक्तानी भएको छ भन्ने पालिकाको भनाई रहेको छ ।

अनियमित भएको	४३,४६,८३८

६३.४ **समपुरक अनुदान आनुपातिक कट्टी** - कोशी प्रदेशको प्रदेश समपुरक अनुदान सम्बन्धी कार्यविधि, २०७५ को बुँदा नं. ४(२) मा प्रदेश सरकारले आयोजनाको प्रकृति, प्राथमिकता, दिगोपना र सम्भाव्य उपलब्धीको आधारमा कूल लागतको बढीमा ६५ प्रतिशत अंश व्यहोर्ने गरी समपुरक अनुदान प्रदान गर्ने उल्लेख छ । सो अनुसार आयोजनामा खर्च भएको रकममध्ये बढीमा ६५ प्रतिशतसम्म प्रदेश सरकारबाट र बाँकी पालिकाबाट खर्च लेख्नुपर्ने देखिन्छ । साथै केन्द्रको समपुरक अनुदान सम्बन्धी कार्यविधि, २०८१ को बुदा नं. ९ सहितको अनुसुची ३ मा नेपाल सरकारले समपुरक अनुदान प्रदान गर्न सक्ने व्यबस्था गरेको छ । सो व्यबस्था बमोजिम नेपाल सरकारको तर्फबाट ५० प्रतिशत व्यहोर्ने र बांकी पालिकाको तर्फबाट खर्च लेख्नुपर्ने देखिन्छ । खाँदबारी डके बाह्रबिसे कालोपत्रे (CH 1+320 to 4+00m) को लागि श्री रिजन एण्ड रियाना-मिसन एण्ड भिजन- कालाखेती जे.भी, रू. ३,०१,४०,८५१.४२ (मु.अ.कर र पिएस समेत) मा मिति २०८१।८।१६ मा सम्पन्न गर्ने गरी मिति २०८२।३।२४ सम्झौता भएको देखिन्छ । उक्त सझौता बमोजिम रू.२,८३,९५,२६३ मा कार्य सम्पन्न भएको देखिन्छ । उक्त खर्चको पालिका, प्रदेश र संघको आनुपतिक रुपमा कट्टी गरी भुक्तानी गर्नुपर्नेमा सो अनुसार नभई आनुपातिक नमिलाई भुक्तानी भएको देखिन्छ । अतः आगामी बिलहरुमा भुक्तानी गर्दा उक्त खर्चको आनुपातिक रुपमा कट्टी गरी हिसाब मिलान गरेको प्रमाण पेश हुनुपर्दछ ।

भुक्तानी स्थिति	संघ	प्रदेश	पालिका
भुक्तानी भएको	९१०४६६३.	३०३४८८७.	१६२५५७१४.
भुक्तानी हुनुपर्ने	१०६४८२२३.६२	३५४९४०८.२५	१४१९७६३१.८७
फरक	१५४३५६०.६२	५१४५२१.२५	२०५८०८२.१३

६३.५ **दराज खरिद तथा वितरण**

(..... कार्यालयले बेरुजु फस्र्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-९-१९** को निर्णयले रू **२२४,७५७** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

प्रमाण पेश नगरेको	०

६३.६ **सिसि क्यामरा जडान**

(..... कार्यालयले बेरुजु फस्र्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-९-१९** को निर्णयले रू **६५०,०००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

प्रमाण पेश नगरेको	०

६४ **स्वास्थ्य सामाग्री खरिद पालिका पुंजीगत-**

(..... कार्यालयले बेरुजु फस्र्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१०-७** को निर्णयले रू **७७३,६५९** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

प्रमाण पेश नगरेको	०

६५ **कैलाश मा.बि.पावा**

(..... कार्यालयले बेरुजु फस्र्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-९-१९** को निर्णयले रू **१५६,४४२.३** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

प्रमाण पेश नगरेको	०

६६ **निर्माण सामाग्री कर**

सभापोखरी गाँउपालिकाको आर्थिक ऐन, २०८१ को दफा ११ को अनुसुची १० मा प्रति ट्र्याक्टर ढुङ्गा, गिट्टि तथा वालुवा संकलन निकासीमा प्रदेश सरकारबाट तोकिए बमोजिम गर्न ठेक्का नलागेसम्म ढुङ्गा २००, वालुवा तथा गिट्टी रू. ३०० प्रति ट्र्याक्टर दरले निकासी शुल्क लिने व्यबस्था गरेको छ । नमुना छनौटका रुपमा हेरिएका निम्न योजनाहरुको निर्माण कार्यमा निम्नाअनुसार परिमाण निकासीमा कर छुट गरेकोले छुट भएको रकम असुल हुनुपर्दछ।

योजना	कार्य	सामाग्री	निर्माण सामाग्री घ मि.	निर्माण सामाग्री ट्र्याक्टर	दर	रकम
सिकिदिमको तेललक देखि वडा कार्यालयसम्म गोरेटो बाटो निर्माण	ढुगांको सोलिङ्ग गर्ने काम	ढुङ्गा	५८	२५.७७	२००	५१५५
सिवेक्पा पदमार्ग निर्माण	ढुगांको सोलिङ्ग गर्ने काम	ढुङ्गा	९८.७६	४३.८९	२००	८७७८
जम्मा						१३९३३

असुल गर्नुपर्ने	१३,९३३

६७ **योजना तथा ईन्धन**

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२३(१) मा खरिद सम्झौता अनुसार सार्वजनिक निकायले रनिङ बिल वा अन्य कुनै बिल बिजकको भुक्तानी गर्दा प्राविधिक नापजाँच गरी नापी कितावमा उल्लेख भएको वास्तविक कार्यसम्पादनको आधारमा भुक्तानी गर्नुपर्ने व्यवस्था रहेको छ । पालिकाले आफ्नै एक्जाभेटरवाट माटो काटी सडक निर्माण तथा स्तरोन्ती र अन्य निर्माण कार्य गर्ने भनी ईन्धन खरिदका लागि छुट्याईएको शीर्षकबाट ईन्धन खरिद गरी भुक्तानी गरेको छ । तर यस्तो खरिद भएको ईन्धन सम्बन्धित योजना प्रयोग भए नभएको सम्बन्धमा छुटै मुल्याङ्कन नगरी बर्ष भरिमा पालिका डोजरवाट भएका विभिन्न ३५ ईन्धन खरिद शीर्षकबाट रू. ६४,५७,७६९ खर्च लेखेको देखिन्छ । उक्त खरिद भएको ईन्धनवाट सम्बन्धित योजनमा के कति काम भयो र कति ईन्धन खर्च भई कार्य भएको परिमाण खुल्ने, कुन ईन्धन खरिद शीर्षकबाट कुन काम भएको भनी खुल्ने नापजाँच प्राविधिक मुल्याङ्कन र ईन्धन लगबुक सहितको विवरण भिडान गर्न सकिएन । पालिकाले कुन योजनाको लागि कति ईन्धन खरिद गरेको हो सो ईन्धनबाट कति कार्य परिमाण भएको हो सो सम्बन्धमा एकिन गर्न नसकिएको हुदा, तसर्थ यस्तो कार्यमा सुधार हुनपर्ने देखिन्छ । योजनाका लागि ईन्धन खरिद बिनियोजन शीर्षकबाट ईन्धन खरिद भएका केही उदाहारण निम्न अनुसार रहेका छन् ।

गो.भौ.न	सप्लार्यस	शीर्षक	परिमाण लि.	भुक्तानी रकम
२७।०८१। ७।३०	महालक्ष्मी अटो मोवायल फ्युल सेन्टर	हेभी मेशिन ईन्धन सडक निर्माण प्रयोजन	६६०	१०४३८२.१७
२४।०८१। ६।१७	महालक्ष्मी अटो मोवायल फ्युल सेन्टर	वडा नं. ५ भरिका लागि ईन्धन खरिद	१६००	२४३३६०
२८।०८१। ७।३०	यशोधा आयल स्टोर	पालिका ईन्धन खरिद	३३३	५००००.
३२।०८१। ८।१६	महालक्ष्मी अटो मोवायल फ्युल सेन्टर	हेभि मेसिन ईन्धन खरिद सडक	२२१०	३४५१२६
३३।०८१। ८।२०	महालक्ष्मी अटो मोवायल फ्युल सेन्टर	पालिका मेशिन	२५६१	४०００００
४६।०८१। ९।१	महालक्ष्मी अटो मोवायल फ्युल सेन्टर	मुख्य तथा सहायक बाटो मर्मत ईन्धन खरिद	१९२१	३००००००
५५।०८१। ९।१०	महालक्ष्मी अटो मोवायल फ्युल सेन्टर	वडा नं. ५ भरिको ईन्धन खरिद	१७६०	२७१३१२
६०।०८१। ९।१२	महालक्ष्मी अटो मोवायल फ्युल सेन्टर	हाङ्गलालुङ्ग पुकाम सडक निर्माण	१७६०	२७१३१२
७८।०८१। १०।८	महालक्ष्मी अटो मोवायल फ्युल सेन्टर	मुख्य तथा सहायक बाटो मर्मत ईन्धन, आपुङ्ग कोक्तासिङ सडक ट्याक ओपन, सेवारिङ्ग सडक तथा ड्रेन मर्मतको लागि ईन्धन खरिद	३४६८	५५००००.
१०९।०८१। १०।२०	महालक्ष्मी अटो मोवायल फ्युल सेन्टर	हाङ्गलालुङ्ग फुकाम सडक निर्माण ईन्धन खरिद	१८२०	२८९७५४.३७
१३१।०८१। १२।८	महालक्ष्मी अटो मोवायल फ्युल सेन्टर	हेभी मेशिन ईन्धन खरिद सडक निर्माण प्रयोजन	६७०	१०६६६७
१५७।०८१। १२।३०	महालक्ष्मी अटो मोवायल फ्युल सेन्टर	हेभी मेशिन ईन्धन खरिद	११२६	१७६३९२
३३०।०८२। ३।२५	महालक्ष्मी अटो मोवायल फ्युल सेन्टर	हेभी मेशिन ईन्धन खरिद	२६२१	३९९२६२

६८ पाँच शैय्या अस्पताल निर्माण

गाँउपालिकाले एकिकृत स्वास्थ्य पुर्वाधार कार्यक्रम अन्तर्गत ठेक्का नं.७।०७७।७८ को ५ शैय्याको अस्पताल निर्माण कार्यका लागि चक्रेश्वरी-जोशी-जेम्जोङ जेभी, काठमाडौसँग मिति २०८०।३।३१ मा निर्माण कार्य सम्पन्न गर्नेगरी २०७८।४।१७ मा रु. ६,९७,०८,१४३।०० सम्झौता भएको देखिन्छ । सो सम्झौता बमोजिम निर्माण कार्यको पाचौ पटक म्याद थप गर्दै मिति २०८२।२।२७ मा रू.६,९१,८१,७४४।६० मा कार्य सम्पन्न गरेको छ । यस सम्बन्धमा देखिएका ब्यहोराहरु निम्नानुसार रहेका छन

६८.१ एजबिल्ट ड्राइङ्ग

(✂ ….. कार्यालयले बेरुजु फस्र्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१२-२३** को निर्णयले रू **५००,०००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

असुल गर्नुपर्ने	०

६८.२ **बीमा** - सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११२ मा २० लाख भन्दा बढी मूल्यको निर्माण कार्य गर्ने निर्माण व्यवसायीले निर्माण सामाग्री प्रयोग गरिने मेसिन औजार वा प्लान्ट लगायत निर्माण कार्यको पूर्ण प्रतिस्थापन खर्च लगायत उपनियम २ मा लेखिए देखि वाहेक सम्पूर्ण जोखिम वहन गर्ने गरी वीमा गराउनु पर्ने तथा वीमा गराएर मात्र निर्माण कार्य गराउनु पर्ने व्यवस्था छ। पालिकाले उक्त भवन निर्माणको लागि संझौताको पि.एस. मा बिमा वापत रू. २,००,००० राखी सम्झौता गरेकोमा निर्माण ब्यबसायीले मिति २०७९।३।९ (२०२२।६।१३) देखि २०८०।३।२९ (२०२३।७।१३) सम्म बिमा गरेकोमा निर्माण कामको म्याद थप भए अनुसार बिमाको म्याद थप नगरि मिति २०८०।९।२ (२०२३।१२।१८) देखि मिति २०८१।४।३१ (२०२४।८।१५) सम्म थप गरेको प्रमाण पेश गरेकोले निर्माण अबधिको बिचको समय अर्थात मिति २०८०।३।३० देखि २०८०।९।२ सम्म ५ महिना ३ दिनको बिमाको म्याद थप गरेको तथा मिति २०८१।४।१ देखि त्रुटि सच्याउने अवधि भन्दा थप एक महिना अवधिसम्मको बिमाको म्याद थप गरेको पाइएन । सो बिमाको म्याद थप नहुदा अन्तिम बिलमा अघिल्लो बिमा वापतको भुक्तानी रकम रू. २,००,००० कट्टी गरि भुक्तानी गरेको देखिन्छ । बिमालाई भुक्तानीको प्रकारको रुपमामात्र नलिई निर्माण कार्य तथा कामदारको सुरक्षासंग जोडिएको हुदा बिमाको म्याद थप बेगर निर्माण कार्यको म्याद थप तथा अन्तिम बिल भुक्तानी गर्नु उचित देखिएन । कार्यालय यस तर्फ गम्भिर हुनुपर्ने देखिन्छ ।

६८.३ **Out Door Light System**

(✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-९-१९** को निर्णयले रू **७५०,०००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

प्रमाण पेश नगरेको	०

६९ **प्रशासकीय भवन निर्माण**

प्रशासकीय भवन निर्माणको लागि ठेक्का नं. ०१।०८०।०८१ मा रु. ८,८८,८२,५५० को लागत अनुमानका आधारमा २०८०/६/०१ सुचना प्रकाशन भई पेश भएका ४ वटा बोलपत्र दाता मध्ये सबै भन्दा घटि रु. ६२५१९२३४ कबोल गर्ने बोलपत्रदाता आवरण मेटल इन्जीनरीङ्कलाई मिति २०८०।८।२९मा बोलपत्र स्विकृतीको आशय सुचना प्रकाशन गरेकोमा २०८०।९।१ मा निज निर्माण व्यवसायीले पाँच वटा आयोजना संचालन गरि रहेकोले सम्झौता गर्न असमर्थ रहेको निवेदन पेश पश्चात निजको बिडवण्ड रु. २०,००,००० जफत गर्ने निर्णय गरी दोस्रो घटि रु.६,७४,३८,९५८ कबोल गर्ने अमर डि.एस. विल्डर्स जे.भी.सँग २०८२/३/३० मा कार्य सम्पन्न गर्ने गरी मिति २०८०/०९/२५ सम्झौता भएको छ। पहिलो घटिवालको बिडबण्ड धरौटी जफत गर्ने पालिकाको निर्णय बिरुद्ध निर्माण व्यवसायीवाट मुद्दा दायर भई उच्च अदालत बिरानगर धनकुटा ईजालसको उत्प्रेषण आदेशवाट पालिकाको सिटिजन्स बैंकमा राखेको बिडबन्ड धरौटी जफत गर्ने गरी भएको निर्णय कार्यान्वियन नगराउनु भन्ने आदेश भई धरौटी जफत भएको छैन । निर्माण व्यवसायीले काम शुरु गरेपश्च्यात निर्माण स्थलमा पानीको मुहान भई उक्त ठाँउको माटो कमलो/हिलो भएको कारण निर्माण गर्न कठिनाई भएकोले Raft Foundation लागि पुनः डिजाइन गर्न निर्माण व्यवसायीले मिति २०८१।२।१३ निवेदन दिएको छ । उक्त भवनको डि.पि.आर गर्ने परामर्शदाता श्री प्यारागन वि.एम.एस.जे.भी.ले उक्त डिजाईनमा परिवर्तन गरि प्रतिवेदन दिएको आधारमा उक्त भेरियसन स्विकृत गरे पश्च्यात लागत अनुमानको शुरु अंकमा ५.१२ प्रतिशत बृद्धि भई रु.९,३३,९७,३६०.७७ र सम्झौता अंकमा ५.४६ प्रतिशतले बृद्धि भई रु. ७,१०,८१,७५१.३४ कायम भएको छ । उक्त अमर डि.एस. विल्डर्स जे.भी. निर्धारित समयमा कार्य सम्पन्न गर्न नसकेको भनि दिएको निवेदन अनुसार कार्यपालिकाको निर्णयले मिति २०८३।३।३० सम्म कार्य सम्पन्न गर्ने गरि म्याद थप गरेको छ । पालिकाले मिति २०८०/१०/२८ मा रु. ५९,००,००० र मिति २०८०/३/२४ रु.३८,४५,००० तथा मिति २०८१/३/१ मा रु.१२,००,००० समेत जम्मा रु.१०९४५००० पेश्कि दिएको छ । पहिलो रनिङ बिलबाट रु १,१२,५६,९९८.२९, दोस्रो रनिङ बिलबाटरु.१,३८,९९,६४३.३४ तथा तेस्रो रनिङ बिलबाट रु. ४९,१७,००९.८४ समेत रु. ३,००,७३,६५१.४७ भूक्तानी हुदाँ रु.३५,००,००० पेश्की कट्टा भई रु.७४,४५,००० पेश्की बाँकी रहेको उल्लेख छ । लेखापरीक्षण अवधि सम्म बिमाको म्याद मिति २०८२।३।३० सम्म रहेकोमा त्यसपछि बिमाको म्याद थप भएको छैन तथा बित्तीय प्रगति ५२.७८ तथा भौतिक प्रगति २२.८८ प्रतिशत मात्र प्रगति भएको उल्लेख छ । निर्धारित समयमै भवन निर्माण सम्पन्न गर्न पालिकाबाट पहल हुनुपर्दछ ।

७० **सामाजिक सुरक्षा तर्फ**

सामाजिक सुरक्षा तर्फ देखिएका वेहोराहरु देहायबमोजिम छन्

७०.१ **सामाजिक सुरक्षा विवरण** - सामाजिक सुरक्षा कार्यक्रम अन्तर्गत भत्ता वितरण गर्दा सामाजिक सुरक्षा ऐन, २०७५, सामाजिक सुरक्षा नियमावली, २०७६, बिद्युतीय प्रणालीबाट सामाजिक सुरक्षा भत्ता भुक्तानी रणनीति, २०७४, सामाजिक सुरक्षा वितरण कार्यविधि, २०७७ को प्रावधान बमोजिम गर्नुपर्ने व्यबस्था रहेको छ ।पालिकाबाट सामाजिक सुरक्षा कार्यक्रमको लागि यो बर्ष नेपाल सरकारबाट प्राप्त बजेट मध्ये रू. ४,६६,८३,६१५ खर्च भएको आर्थिक विवरण पेश गरेको छ । पालिकाको यस बर्षको सामाजिक सुरक्षा अनुमानित बजेट प्रतिवेदन, पालिकाबाट भएको निकासा र लाभग्राहीहरुको खातामा जम्मा भएको रकमको स्थिति देहायबमोजिम रहेको छ ।

किस्ता	अनुमानित बजेट प्रतिवेदन	निकासा	खर्च(रिभर्स फिड)
प्रथम	११५१९९०७	११५३५११०६	११५३०९७७
दोस्रो	११६२५११४६	११६५०८६०	११६५०८६०
तेस्रो	११७१५४८३	११७३४७९८	११७३४७९८
चौथो	११८२२२१३	११८३८७९४	११८३८७९४
जम्मा	४६६८२७४९	४६७५९५५८	४६७५५४२९

७०.२ **सामाजिक सुरक्षा त्रैमासिक वितरण** - सामाजिक सुरक्षा नियमावली, २०७६ को नियम २३(१) मा स्थानीय तहले आफ्नो क्षेत्रभित्र वितरण गरिएको सामाजिक सुरक्षा भत्ताको त्रैमासिक तथा बार्षिक प्रतिवेदन अनुसुची ६ बमोजिमको ढाँचामा तयार गरी विभाग तथा प्रदेशको सामाजिक सुरक्षा सम्बन्धि विषय हेर्ने निकायमा पठाउनु पर्नेछ ।यस नियम बमोजिम उक्त अनुसुची अनुसार प्रत्येक त्रैमासिकको सामाजिक सुरक्षा भत्ता वितरण गरेको संख्या र रकम निम्न अवस्थामा रहेको पाइयो ।

(विस्तृत विवरण बेरूजु दफा ७०.२ सँग सम्बन्धित अनुसूचीमा संलग्न छ ।)

७०.३ **तुलनात्मक विवरण-** पालिकाको अघिल्लो आर्थिक बर्ष र यस आर्थिक बर्षमा सामाजिक सुरक्षा भत्ता प्राप्त गर्ने लाभग्राहीहरुको औषत निकाली तुलनात्मक अवस्था निम्न रहेको देखिन्छ । उक्त विवरणको तुलनात्मक अध्यन्न गरी सामाजिक सुरक्षा भत्ता पाउने लाभग्राहीहरुको विवरण वास्तविक अध्यावधिक गर्ने तर्फ ध्यान दिनुपर्दछ ।

लक्षित समुह	आ.ब. २०८०।८१ को चार त्रैमासिकको औसत सँख्या	आ.ब. २०८१।८२ को चार त्रैमासिकको औसत सँख्या	भत्ता दर
अन्य जेष्ठ नागरिक भत्ता	६८४	७१२	४०००
जेष्ठ नागरिक (दलित)	५३	६०	२६६०
जेष्ठ नागरिक (एकल महिला)	६७	५६	२६६०
विधवा	१५३	१५६	२६६०
पुर्ण अपाङ्गता क	४६	४८	३९९०
अति अशत्त अपाङ्गता ख	७४	७३	२१२८
दलित बालबालिका	६८	६८	५३२
लोपोन्मुख जाति	०	०	३९९०
जम्मा	११४५	११७३	

७०.४ **हिसाब भिडान -** सामाजिक सुरक्षा भत्ता वितरण कार्यविधि, २०७७ को परिच्छेद ४ को बुँदा नं १४ मा स्थानीय तहले प्रविष्ट गरेको अद्यावधिक एम.आई.एस लगतका आधारमा सामाजिक सुरक्षा भत्ता रकम निकासा पाउने र परिच्छेद ५ को बुँदा नं २१ मा भत्ता रकम बैंक मार्फत वितरण गर्नुपर्ने सम्बन्धमा व्यवस्था छ। सोही कार्यविधिको अनुसुची १० को शर्त नं ६ र ७ मा बैंकले तोकिएको ढाँचामा लाभग्राहीको खातामा भत्ता वितरण गरेको विवरण खुल्ने रिभर्स फिड पालिकालाई उपलब्ध गराउनुपर्ने समेत व्यवस्था रहेकोमा यस पालिकाले अद्यावधिक रिभर्स फिड माग गरि आएको तर निकासा भिडान गरी हिसाब फरफारक गर्ने गरेको देखिएन । यस सम्बन्धमा पालिकाले अद्यावधिक विवरण माग गरी हिसाब फरफारक गर्नु पर्दछ ।

७०.५ **नागरिकता नम्बर एकै भएका लाभग्राही -** सामाजिक सुरक्षा भत्ता वितरण कार्यविधि, २०७७ को परिच्छेद ४ को बुँदा नं १४ मा स्थानीय तहले प्रविष्ट गरेको अद्यावधिक एम.आई.एस लगतका आधारमा सामाजिक सुरक्षा भत्ता रकम निकासा पाउने सम्बन्धि व्यबस्था रहेको छ । नेपाल सरकारले जारी गर्ने नागरिकता परिचयपत्र नं. प्रत्येक व्यक्तिको फरक फरक हुने गरी जारी गर्दछ । यस पालिका अन्तर्गतका ६ वटा वडा मध्ये निम्न वडाको प्रथम त्रैमासिकको नमुना परीक्षणको रुपमा सामाजिक सुरक्षा पाउने लाभग्राहीहरुको विवरण परीक्षण गर्दा निम्न व्यक्तिहरुको नागरिकता परिचयपत्र नंम्बर दोहोरो परेको देखिन्छ ।यस पालिका अन्तर्गतका वडा कार्यालयहरुले प्रत्येक त्रैमासिकको सामाजिक सुरक्षा भत्ता पाउने लाभग्राहीहरुको विवरण परीक्षण गरी एकिन गर्ने र लगत कट्टा गर्नुपर्ने भए गरी यात् दोहोरो परेको भए सम्बन्धितबाट असुल गरी एम आइ एस प्रणालीमा अध्यावधिक गर्नुपर्ने देखिन्छ।

Frist Installment					
s.no.	**Ward no.**	**Member Name**	**Citizenship no.**	**Personal Id no.**	**Payment Amt.**
1.	6	Sita Bishwakarma	103004-350	2028013000285	7980
2.	6	Som Maya Rai	103004-350	2029111502297	11970
3.	5	Brikha Maya Limbu	153	2010051506159	12000
4.	5	CHANDRAMAYA LIMBU	153	2011011516825	12000

७०.६ **बैंक रुजु तथा परीक्षण -** सामाजिक सुरक्षा भत्ता वितरण कार्यविधि, २०७७ दफा २६(३) मा एक आर्थिक बर्षसम्म एकपटक पनि रकम नझिकेका लाभग्राहीको विवरण सेवा प्रदायक बैंकबाट अनुसुची ११ बमोजिमको ढाँचामा प्राप्त गरी त्यस्ता लाभग्राहीका सम्बन्धमा स्थानीय तहले आवश्यक छानबिन गरी कुनै लाभग्राहीको मुत्यु भएको वा कुनै कारणले भत्ता प्राप्त गर्न योग्य नभएको पाईएमा सम्बन्धित बैंकबाट लगत कट्टा हुने मिति सम्मको रकम सम्बन्धित हकवालालाई भुक्तानी गरी सो मिति भन्दा पछिको रकम फिर्ता गरी सँघीय सँचित

कोषमा दाखिला गर्नुपर्ने छ भनी उल्लेख गरेको छ ।यस पालिकाले ६ वडाको नेपाल प्राईम कर्मसियल बैंक शाखा कार्यालय, सभापोखरी मार्फत सामाजिक सुरक्षा भत्ता बितरण गर्ने सम्बन्धित बैँकबाट एक आर्थिक बर्षसम्म वा सो भन्दा बढी समयमा एक पटक पनि रकम नझिकेका लाभग्राहीहरुको विवरण माग गर्दा लाभग्राहीहरुको मौज्दात रू. बाँकी रहेको देखिन्छ । सो लाभग्राहीहरुको सम्बन्धमा पालिकाले सुक्ष्म तरिकाले छानबिन गरी उक्त लाभग्राही निष्कृय रहेको अवस्थामा लगत कट्टा गर्नुपर्ने भए गरी बढी\बांकी भएको रकम तथा निक्रिय रहेको खाताको रकम सधिँय सञ्चित कोषमा दाखिला गर्नुपर्दछ ।

(विस्तृत विवरण बेरूजु दफा ७०.६ सँग सम्बन्धित अनुसूचीमा संलग्न छ ।)

७०.७ **परदर्शिता र जवाफदेहिता** - सामाजिक सुरक्षा कार्यक्रम संचालन कार्यविधि, २०७७ को दफा ३२ अनुसार स्थानीय तहहरुको कार्यालयले सामाजिक सुरक्षा भत्ता सम्वन्धी जानकारी (लाभग्राहीको नाम दर्ता तथा नविकरण प्रकृया, भत्ताको दर, प्राप्त हुने बैङ्क र लाभग्राहिले पुरा गर्नुपर्ने प्रकृया) स्थानीय सामाजिक संस्था, गैरसरकारी संस्था, सामाजिक परिचालनमा संलग्न संस्थाहरुको सहयोग लिएर अनिवार्य रुपमा प्रचार प्रसार गर्नुपर्ने र यस सम्बन्धी सूचना स्थानीय एफ.एम. लगायतका संचार माध्यमहरुवाट प्रचार प्रसार गर्नुपर्ने व्यवस्था मिलाउनुपर्ने र सामाजिक सुरक्षा भत्ता प्राप्त गर्ने लाभग्राहिहरुको नाम नामेसी स्थानीय तहका कार्यालयका अतिरिक्त सम्बन्धित वडा कार्यालयमा समेत सार्वजनिक गर्नुपर्ने साथै, सम्बन्धित स्थानीय तहको वेभ साइटमा राख्नुपर्नेमा सो समेत नगरी यस कार्यालयले पारदर्शिता र जवाफदेहिताको विधि प्रकृयाको पालना गरेको पाइएन। यसले गर्दा भत्ता वितरण पारदर्शी ढङ्गबाट भएको छ भनि यकिन हुने अवस्था देखिएन।

७०.८ **सार्वजनिक सुनुवाई** - स्थानीय तहले भुक्तानी गरेको रकम र बुझिलिनेहरुको नामावली स्थानीय तहका कार्यालयका अतिरिक्त सम्बन्धित वडा कार्यालयमा समेत सार्वजनिक गर्नुपर्ने र वडा समितिले प्रत्येक चौमासिकमा कम्तीमा एकपटक सामाजिक सुरक्षा कार्यक्रम सम्बन्धमा सार्वजनिक सुनुवाई गर्नुपर्नेछ। सार्वजनिक सुनुवाईमा प्राप्त गुनासा तथा सुझावहरु मध्ये आफूले सक्ने कुराहरु सम्बोधन गरी नसकिने खालका सुझाव तथा गुनासाहरु सम्बोधनका लागि स्थानीय तह कार्यालयमा पठाउनु पर्नेमा सो गरेको पाइएन। सुनवाई नगरी लाभग्राही सुची अनुसार भत्ता वितरण गरेको छ।

७०.९ **अनुगमन** - सामाजिक सुरक्षा कार्यक्रम संचालन कार्यविधि, २०७७ को परिच्छेद ६ अनुसार प्रत्येक कार्यालयले सामाजिक सुरक्षा भत्ता वितरण कार्यक्रमको नियमित अनुगमन, मुल्याङकन तथा सुपरिवेक्षण गर्न एक स्थानीय स्तरको अनुगमन तथा सुपरीवेक्षण समिति गठन गरि निर्देशिका बमोजिम अनुगमन मूल्याङ्कन गरी भत्ता वितरणलाई व्यवस्थित गर्नुपर्नेमा समिति गठन भएको नपाइएकाले कार्यविधि अनुसारको कार्य भएको छैन।

अनुसूचीहरू

अनुसूची - १

आर्थिक कारोबारको स्थिति

आर्थिक बर्ष: २०८१/८२

कार्यालय र स्थान : सभापोखरी गाउँपालिका, संखुवासभा , सभापोखरी गाउँपालिका , संखुवासभा

पद	नाम	कार्यकाल सुरु मिति	कार्यकाल समाप्त मिति
कार्यालय प्रमुख	Buku Prasad Acharya	२०७९-६-९	हाल सम्म कार्यरत
लेखा प्रमुख	Hari Kiran Basnet	२०७६-९-३	हाल सम्म कार्यरत

बेरुजु वर्गीकरण:

असूल गर्नुपर्ने	अनियमित भएको	प्रमाणका कागजात पेश नभएको	जिम्मेवारी नसारेको	सोधभर्ना नलिएको	जम्मा पेश्की
८०७,०८९	२२,२२६,६५०	६,३४४,०६८.२७	०	०	१५,०००
				प्रारम्भिक प्रतिवेदनबाट देखिएको बेरुजू रु.	२९,३९२,८०७.२७
				प्रारम्भिक प्रतिवेदन उपर फछ्र्यौट गरी संपरीक्षण भएको रकम रु.	४,३४१,१५५.१
				संपरीक्षणबाट थप भएको बेरुजू रु.	०
				लेखापरीक्षण प्रतिवेदनमा कायम बेरुजू रु.	२५,०५१,६५२.१७

स्थानीय तह :

गत बर्षको जिम्मेवारी		३८९७६९७६.२५	
आम्दानी		खर्च	
संघीय सरकारबाट अनुदान	२२७५२९८८८	चालु खर्च	१९९६२०२६५.५४
प्रदेश सरकारबाट अनुदान	१७७६९७७०	पूँजीगत खर्च	११८६७५५९३.१३
राजश्व बाँडफाँट	७१६६१७९२.६६	वित्तीय/अन्य व्यवस्था	११९७१४९२४.४
आन्तरिक आय	९५७४२७९.०९		
अन्य आय	११५०८६८९८.६६		
कुल आय	४४१६२२६२८.४१	कुल खर्च	४३८०१०७८३.०७
बाँकी मौज्दात		४२५८८८२१.५९	

अनुसूची - २

बेरूजु दफा २ सँग सम्बन्धित विवरण - अनुसूची - ३

प्राप्ति र भुक्तानीको एकिकृत वार्षिक प्रतिवेदन (बजेट निकाय)									
क्र.स./ आर्थिक सङ्केत	विवरण	टिप्पणी नं	चालु आ.ब.को कारोबार			गत आ.ब. को कारोबार			
			नगद	तेस्रो पक्ष भुक्तानी (सोझै भुक्तानी)	जम्मा	नगद	तेस्रो पक्ष भुक्तानी (सोझै भुक्तानी)	जम्मा	
	राजस्व, अनुदान र अन्य प्राप्ति								
११०००	कर		७,०६,६४,०३१.२८	०.००	७,०६,६४,०३१.२८	६,२९,०३,७८०.१०	०.००	६,२९,०३,७८०.१०	
१३०००	अनुदान		२३,१६,७०,११७.५०	०.००	२३,१६,७०,११७.५०	२१,९९,६४,५९४.००	०.००	२१,९९,६४,५९४.००	
१४०००	अन्य राजस्व		१,०१,७७,९५७.४७	०.००	१,०१,७७,९५७.४७	७४,४५,८७१.१५	०.००	७४,४५,८७१.१५	
१५०००	विविध प्राप्ति		३,९४,०८३.००	०.००	३,९४,०८३.००	१,६४,८७३.६६	०.००	१,६४,८७३.६६	
क	कुल जम्मा प्राप्ति		३१,२९,०६,१८९.२५		३१,२९,०६,१८९.२५	२९,०४,७९,११८.९१		२९,०४,७९,११८.९१	
३	चालु		१९,९६,२०,२६५.५४	०.००	१९,९६,२०,२६५.५४	२०,१७,८८,३९०.९०	०.००	२०,१७,८८,३९०.९०	
२१०००	पारिश्रमिक / सुविधा		५,५६,७६,५५२.६१	०.००	५,५६,७६,५५२.६१	३,२४,६१,७३०.००	०.००	३,२४,६१,७३०.००	
२२०००	मालसामान तथा सेवाको उपयोग		३,७१,०३,०७२.६७	०.००	३,७१,०३,०७२.६७	६,२०,२१,८८९.९०	०.००	६,२०,२१,८८९.९०	
२५०००	सहायता (Subsidy)		१९,२५,९६७.२८	०.००	१९,२५,९६७.२८	२५,९८,७४९.००	०.००	२५,९८,७४९.००	
२६०००	अनुदान		९,८९,७२,८४६.१५	०.००	९,८९,७२,८४६.१५	९,७१,१४,९३५.००	०.००	९,७१,१४,९३५.००	
२७०००	सामाजिक सुरक्षा		५४,७८,०९३.५०	०.००	५४,७८,०९३.५०	७०,६०,१८७.००	०.००	७०,६०,१८७.००	
२८०००	अन्य खर्च		४,६३,७३३.३३	०.००	४,६३,७३३.३३	५,३०,९००.००	०.००	५,३०,९००.००	
४	पूंजीगत		११,८६,७५,५९३.१३	०.००	११,८६,७५,५९३.१३	९,२६,७८,१३५.००	०.००	९,२६,७८,१३५.००	
३१११०	भवन तथा संरचना		२,७८,०६,१४४.००	०.००	२,७८,०६,१४४.००	१,६७,५५,६३६.४०	०.००	१,६७,५५,६३६.४०	
३११२०	सवारी साधन, मेशिनरी औजार, फर्निचर्स तथा फिक्चर्स		८६,६२,९५२.००	०.००	८६,६२,९५२.००	३८,४२,९९४.००	०.००	३८,४२,९९४.००	
३११३०	अन्य पूँजीगत खर्च		७,१३,४८४.००	०.००	७,१३,४८४.००	६,५७,०६४.००	०.००	६,५७,०६४.००	
३११४०	सुरक्षा उपकरण		६,५०,०००.००	०.००	६,५०,०००.००	४,६४,९७७.००	०.००	४,६४,९७७.००	
३११५०	सार्वजनिक निर्माण		७,७८,३७,४३३.१३	०.००	७,७८,३७,४३३.१३	६,५४,५६,३६९.६०	०.००	६,५४,५६,३६९.६०	
३११६०	निर्मितसरचनाको सुधार खर्च		०.००	०.००	०.००	५,९९,८७५.००	०.००	५,९९,८७५.००	

३११७०	पूँजीगत सुधार खर्च		३०,०५,५८०.००	०.००	३०,०५,५८०.००	४९,०१,२१९.००	०.००	४९,०१,२१९.००	
ख)	कुल जम्मा भुक्तानी		३१,८२,९५,८५८.६७		३१,८२,९५,८५८.६७	२९,४४,६६,५२५.९०		२९,४४,६६,५२५.९०	
ग)	बचत /कमी (ग = क-ख)		(५३,८९,६६९.४२)		(५३,८९,६६९.४२)	(३९,८७,४०६.९९)		(३९,८७,४०६.९९)	
घ)	धरौटी, आकस्मिक कोष लगायतका अन्य कोषको मौज्दातको थप/घट (+/-)		९०,०१,५१४.७६		९०,०१,५१४.७६	४९,५०,५६०.२२		४९,५०,५६०.२२	
घ.१)	कट्टी रकम भुक्तानी/दाखिला गर्न बाकी								
ङ)	यस आ.ब.को नगद तथा बैंक मौज्दात (बचत /(कमी)) (ङ = ग+घ)		३६,११,८४५.३४		३६,११,८४५.३४	९,६३,१५३.२३		९,६३,१५३.२३	
च)	गत आ.व.को नगद तथा बैंक मौज्दात		३,८९,७६,९७६.२५		३,८९,७६,९७६.२५	३,८०,१५,४२३.०२		३,८०,१५,४२३.०२	
छ)	विनिमय नाफा/घाटा तथा अन्य समायोजन								
ज)	आ.व. अन्तको बाँकी नगद तथा बैंक मौज्दात (ज= ङ+च+छ)		४,२५,८८,८२१.५९		४,२५,८८,८२१.५९	३,८९,७८,५७६.२५			

बेरूजु दफा ६३.१ सँग सम्बन्धित विवरण - अनुसूची -४

क्र.स.	योजनाको नाम	निर्माणव्यवसायी	सम्झौता मिति	सम्पन्न मिति	यो वर्ष सम्मकोखर्च	भौतिक प्रगति%
१	बरखोलाखानेपानी योजना - रेडक्रस साझेदारी	बरखोलाखानेपानी तथा सरसफाई उपभोक्ता समिति	2081-12-08	2082-09-15	0.00	0.00
२	शिवालयमन्दिर निर्माण माथिल्लो धुपु वडा नं. १	शिवालय मन्दिर निर्माण माथिल्लो धुपु वडा नं. १ उपभोक्ता समिति	2081-11-28	2082-02-28	0.00	50.00
३	धुपूसेराखानेपानी योजना - रेडक्रस साझेदारी	धुपूसेराखानेपानी तथा सरसफाई उपभोक्ता समिति	2082-02-20	2082-07-30	0.00	0.00
४	धाप्रेखोलाखानेपानी योजना - रेडक्रस साझेदारी	धाप्रेखोलाखानेपानी तथा सरसफाई उपभोक्ता समिति	2082-02-20	2082-07-30	0.00	0.00
५	बितलबखानेपानी योजना - रेडक्रस साझेदारी	बितलबखानेपानी तथा सरसफाई उपभोक्ता समिति	2082-03-06	2083-03-15	0.00	0.00
६	फुसको छानाव्यवस्थापन फाकुवा टोल	प्रजिनाराई (लिम्बु), देउ कुमार लिम्बु, लाल कुमार लिम्बु, बुधबिर लिम्बु, लक्ष्मणलिम्बु, दिल बहादुर सुब्बा	2081-11-18	2082-02-30	150000.00	33.00
७	सार्वजनिकशौचालय निर्माण देवल लाईन	सार्वजनिक शौचालय निर्माण देवल लाईन उपभोक्ता समिति	2082-01-15	2082-05-30	705446.49	80.00
८	(Blacktopped Road Construction Around Battise Area, Ch. 0+000 to 0+350m)	मनकामना निर्माण सेवा, सभापोखरी-०३, संखुवासभा	2082-02-16	2082-06-30	397000 (Advance payment)	0.00
९	सभापोखरी गाउँपालिकाकोप्रशासनिक भवन निर्माण	अमर - डि.एस.बिल्डर्स जे.भी., खाँदबारी, संखुवासभा	2080-09-25	2083-03-30	30073651.48	22.88

खरिद सम्झौता सम्बन्धी विवरण उपभोक्ता समिति र ठेक्का

क्र.स.	कर्यक्रमको नाम	खरिद सम्झौता										यस वर्ष सम्पन्न	
		जम्मा		प्रथम चौमासिक		दोश्रो चौमासिक		तेश्रो चौमासिक		असार महिनाको मात्र			
		सङ्ख्या	रकम	सङ्ख्या	रकम	सङ्ख्या	रकम	सङ्ख्या	रकम	सङ्ख्या	रकम	सङ्ख्या	रकम
1	उपभोत्ता समिति	78.00	35693482.84	4.00	3896665.85	50.00	17907000.00	23.00	10511760	1	3378057.29	69	26742883.9
2	ठेक्का र कोटेशन समेत	17.00	71123834.52	1.00	7424287.74	13.00	57662761.42	3.00	6036785.36	0.00	0.00	16.00	64336373.26

बेरूजु दफा ७०.२ सँग सम्बन्धित विवरण - अनुसूची -५

लाभग्राही समुह	प्रथम त्रैमासिक		दोस्रो त्रैमासिक		तेस्रो त्रैमासिक		चौथो त्रैमासिक	
	वितरण गरेको संङ्ख्या	वितरण गरेको रकम	वितरण गरेको संङ्ख्या	वितरण गरेको रकम	वितरण गरेको संङ्ख्या	वितरण गरेको रकम	वितरण गरेको संङ्ख्या	वितरण गरेको रकम
अन्य जेष्ठ नागरिक भत्ता	६९७	८२४९३३५	७००	८३३१८५३	७१२	८४१४८६४	७१६	८५३१२७३
जेष्ठ नागरिक भत्ता (दलित)	५९	४५२२००	६१	४७३९२३	६२	४८१४६०	६०	४७०८२०
जेष्ठ नागरिक एकल महिला	६५	५१८७००	६४	५१०७२०	६२	४९४७६०	५६	४४६८८०
विधवा	१४८	११८१०४०	१४७	११७३०६०	१५२	११७४७४५	१५७	१२२७५०७
पूर्ण अपाङ्गता भत्ता	४७	५५०८८६	४७	५६२५९०	४९	५७४५६०	४८	५७०८३६
अति अशक्त अपाङ्गता भत्ता	७५	४७२४१६	७७	४९१५६८	७७	४८५७५१	७४	४७२४१६
दलित बालबालिका	६८	१०६४००	७२	१०७१४६	७२	१०८६५८	६८	१०७०६२
जम्मा	११५९	११५३०९७७	११६८	११६५०८६०	११८६	११७३४७९८	११७९	११८२६७९४

बेरूजु दफा ७०.६ सँग सम्बन्धित विवरण - अनुसूची - ६

Name	MainCode	Balance	Address
DOR BAHADUR KALAKHETI	06901000000139218278	65,072.33	BITALAB 2 - 10213 Sabhapokhar
PRATISHTHA BISHWAKARMA	06901000000140518229	9,758.87	SABHAPOKHARI 6 - 10226 Sabhap
DIPIKA BISHWAKARMA	06901000000143618257	5,372.26	SABHAPOKHARI 1 - SABHAPOKHARI
PRIYANSH SILWAL	06901000000146118230	4,287.84	SABHAPOKHARI 1 - SABHAPOKHARI
TULANA BISHWAKARMA	06901000000146318210	3,747.18	SABHAPOKHARI 1 - SABHAPOKHARI
PRABESH BISHWAKARMA	06901000000146418200	3,747.18	SABHAPOKHARI 1 - SABHAPOKHARI
BISHNU KUMARI RAI	06901000000146818268	28,173.71	SABHAPOKHARI 2 - SABHAPOKHARI
SUK BAHADUR LIMBU	06901000000149718218	24,110.74	BAHRABISE 4 - SABHAPOKHARI GA
MAN MAYA LIMBU	06901000000149818208	10,669.36	BAHRABISE 4 - SABHAPOKHARI GA
ANIL PARIYAR	06901000000150218249	2,133.54	SWACHI 6 - SABHAPOKHARI GAUPA
SAMIR PARIYAR	06901000000150318239	2,133.54	SWACHI 6 - SABHAPOKHARI GAUPA
DEUTI MAYA WANEM LIMBU	06901000000151018242	13,351.90	SWACHI 6 - SABHAPOKHARI GAUPA
PHAGUWA KALA WANEM LIMBU	06901000000151118232	13,351.90	CHAMLINGTAR 6 - SABHAPOKHARI
BHAGIRATHA KHANAL	06901000000151318212	24,110.74	SABHAPOKHARI 6 - SABHAPOKHARI
HIRAMAYA SARU MAGAR	06901000000151918250	2,662.27	TALLO DHUPOO 1 - SABHAPOKHARI
KUMARI BISHWAKARMA	06901000000152618263	5,324.55	KHEWARING 4 - SABHAPOKHARI GA
BHIM BAHADUR LIMBU	06901000000152818244	8,006.20	AAPUNG 5 - SABHAPOKHARI GAUPA
ROSA LIMBU	06901000000152918234	2,662.27	PHAKUWA 5 - SABHAPOKHARI GAUP
KARNAMAYA RAI	06901000000153018208	4,003.10	AAPUNG 5 - SABHAPOKHARI GAUPA
Total		232,679.48	

सुझाव

स्थानीय तहहरूद्वारा प्रदान गरिने सेवालाई छिटो, सरल, सुलभ र गुणस्तरीय बनाई स्थानीय जनताको जीवनस्तरमा सुधार ल्याउन यस स्थानीय तहले कानुन तथा नीति निर्माण, साधन स्रोतको प्रभावकारी परिचालन, विकास प्रशासन, राजस्व परिचालन, नियमित सेवा प्रवाह, आर्थिक प्रशासन लगायतका विषयमा तपसिल अनुसारका सुधार गर्नुपर्दछः

- वित्तीय हस्तान्तरण र राजस्व बाँडफाँटबाट प्राप्त हुने रकम सम्बन्धित मार्गदर्शनमा तोकिएबमोजिम विनियोजनमा कुशलता, कार्यान्वयनमा दक्षता र अपेक्षित नतिजा प्राप्त हुने गरी बजेट विनियोजन गरी समयमै पारित गर्नुपर्दछ।
- आन्तरिक आयका क्षेत्रहरू पहिचान गरी आन्तरिक आय वृद्धि गर्नुपर्दछ।
- स्थानीय तहका पदाधिकारी तथा सदस्यहरूको सुविधा सम्बन्धी ऐन अनुसारमात्र पदाधिकारीलाई तोकिएको सुविधा व्यवस्था गर्नुपर्दछ। निर्वाचित हुने पद बाहेक राज्यकोषबाट तलव सुविधा बेहोर्ने गरी नियुक्त हुने सबै पदमा योग्यता र मापदण्ड तोकिनुपर्दछ।
- स्थानीय सेवा ऐन र नियम अनुसार सङ्गठन तथा व्यवस्थापन सर्वेक्षणको आधारमा सङ्गठन संरचना निर्माण गरी स्थायी पद सिर्जना, पद दर्ता र पदपूर्ति गरी कर्मचारी व्यवस्थापन गर्नुपर्दछ।
- भौगोलिक अवस्था, स्रोतको उपलब्धता, सेवा प्रवाहको अवस्थासमेतका आधारमा कानुन बमोजिम जनशक्ति व्यवस्थापन गर्नुपर्दछ। पदाधिकारी तथा कर्मचारीहरूको क्षमता विकास गरी कार्यसम्पादनमा प्रभावकारिता ल्याउन प्रशिक्षण तथा तालिमको व्यवस्था गर्नुपर्दछ।
- अनुदान दिने विषय, क्षेत्र, वर्ग, समूहबारे कानुनबाट नै स्पष्ट गरी अन्तिम प्रयोगकर्तालाई प्रत्यक्ष फाइदा पुग्ने तथा उत्पादन र उत्पादकत्वमा वृद्धि हुने गरी अनुदान प्रदान गर्नुपर्दछ। अति विपन्न र न्यून आय वर्गलाई सेवामा पहुँच दिन प्रदान गरिने सुविधा सोही वर्गमा पुगेको सुनिश्चितगर्न सो प्राप्त गर्नेको विवरण सार्वजनिकीकरण गर्नुपर्दछ।
- व्यावसायिक प्रकृतिको संस्थाहरूलाई पुँजीगत अनुदान प्रदान गर्दा लाभग्राहीले प्राप्त गर्ने लाभको सुनिश्चितता हुनुपर्दछ। यस्ता संस्थाहरु विघटन भएमा बाँकी सम्पत्ति लगानीको अनुपातमा फिर्ता हुने सुनिश्चितता हुन पर्दछ। यस्तो निर्माण व्यक्तिगत स्वामित्व रहेको जग्गा वा सम्पत्तिमा गरिनु हुँदैन।
- एउटै प्रकृतिको काममा समेत लागत अनुमान टुक्र्याई सोझै खरिद गर्ने, पूर्वानुमान गर्न सकिने अवस्थामा पनि लागत अनुमान यथार्थपरक तवरले तयार नगरी भेरिएसनबाट थप कार्य गराउने प्रवृत्तिमा नियन्त्रण गर्नुपर्दछ।
- खरिद सम्झौताको निर्धारित समयमा ठेक्काको काम सम्पन्न गर्नुपर्दछ। म्याद थप कार्यलाई वस्तुनिष्ठ र तथ्यमा आधारित बनाउनुपर्दछ। निर्माण व्यवसायी वा उपभोक्ताबाट भएको निर्माण कार्यको विस्तृत विवरण देखिने गरी तोकिएको ढाँचामा अभिलेख राख्नुपर्दछ।
- स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७८ (५) बमोजिम स्थानीय तहले सार्वजनिक सेवा प्रवाहलाई पारदर्शी, उत्तरदायी र जवाफदेही बनाउन सार्वजनिक तथा सामाजिक परीक्षण र सार्वजनिक सुनुवाइ गर्नुपर्दछ।
- स्थानीय तहले आन्तरिक आयको परिधिभित्र रही मापदण्डका आधारमा आर्थिक सहायता वितरण गरी प्राप्त गर्नेको नाम सार्वजनिक गर्नुपर्दछ। त्यसैगरी अनुत्पादक र वितरणमुखी कार्यक्रममा गरिने खर्च घटाउनुपर्दछ।
- आधारभूत तथा माध्यमिक तहका विद्यालयहरूमा प्रचलित नियमले तोकेअनुसार
- शिक्षक विद्यार्थी अनुपातको आधारमा शिक्षक संख्या कायम गरी बढी भएका शिक्षकहरू समायोजन गर्नुपर्दछ।
- एकीकृत शैक्षिक व्यवस्थापन सूचना प्रणालीमा रहेका विद्यार्थी संख्याको आधारमा दिवा खाजा, छात्रवृत्ति, पाठ्यपुस्तक र अन्य अनुदान रकम विद्यालयलाई निकासा दिनुपर्दछ।
- बजेट तर्जुमा पूर्व नै अनुमान गर्न सकिने शीर्षकमा समेत अर्थ विविध वा अबण्डामा बजेट राख्ने र वर्षान्तमा रकमान्तर गरी खर्च गर्ने परिपाटी नियन्त्रण गर्नुपर्दछ।
- जटिल प्रविधि तथा उपकरणको प्रयोग हुने निर्माण कार्य र सामग्री खरिद गर्ने कार्य समेत उपभोक्ता समितिबाट गराएकोले सोमा नियन्त्रण हुनुपर्दछ।
- कृषि, पशु, सहकारी संस्था लगायतलाई विभिन्न प्रयोजनमा अनुदान उपलब्ध गराउँदा किसानको सूचीकरण, वर्गीकरण, परिचयपत्रको व्यवस्था गरी तीनै तहको समन्वयमा दोहोरो नपर्ने व्यवस्था गर्दै एकीकृत विद्युतीय अभिलेख राखी वितरण गर्नुपर्दछ।
- सहकारी तथा गरिबी सम्बन्धी व्यवस्थापन सूचना प्रणाली (कोपोमिस) तथा विद्यमान सहकारी ऐन तथा नियमको आधारमा सहकारी संस्थाहरूको सुपरिवेक्षण गरी उक्त ऐन नियम अनुसार सञ्चालन भए नभएको सुनिश्चित गर्नुपर्दछ।
- आन्तरिक नियन्त्रण प्रणाली कार्यविधि तयार गरी कार्यसम्पादनलाई मितव्ययी, पारदर्शी र व्यवस्थित गर्नुपर्दछ। अन्तिम लेखापरीक्षण अगावै आन्तरिक लेखापरीक्षण सम्पन्न गरी सोबाट देखिएका बेहोरा जिम्मेवार व्यक्तिले फस्र्योट गर्नुपर्दछ।
- सार्वजनिक पदमा रहेका व्यक्तिको नाममा असुल गर्नुपर्ने बेरुजु कायम रहेकोमा सो फस्र्योट नगरुञ्जेल वृत्ति विकासमा रोक्का गर्ने तथा नयाँ नियुक्ति नहुने कानुनी व्यवस्था गर्नुपर्दछ।
- सार्वजनिक पदमा रहेका व्यक्तिको नाममा बेरुजु कायम भएमा सो व्यक्तिलाई उक्त बेरुजुबारे समयमै जानकारी गराउनुपर्ने र जानकारी नगराउने कर्मचारी उपर विभागीय कारबाही गर्ने कानुनी व्यवस्था गर्नुपर्दछ।
- जुनसुकै तरिकाले प्राप्त गरेको जिन्सी एवं सार्वजनिक सम्पत्तिको अभिलेख अनिवार्य रूपमा सार्वजनिक सम्पत्ति व्यवस्थापन प्रणाली (पाम्स) मा अभिलेख राख्नुपर्दछ।
- सार्वजनिक खरिद ऐन, २०६३ को दफा २९ अनुसार कार्यालयको जनशक्तिले गर्न नसक्ने कामको लागि मात्र परामर्श सेवा खरिद गरी परामर्शदाता माथिको निर्भरता कम गर्नु पर्दछ। तयार गरिएका विस्तृत आयोजना प्रतिवेदन लगायतका प्रतिवेदनहरू क्रमिक रुपले कार्यान्वयन गर्नुपर्दछ।
- सेवा प्रवाहको प्रभावकारिता लागि नागरिक सचेतना वृद्धि कार्यक्रम गर्नुका साथै नागरिकबाट पृष्ठपोषण प्राप्त गर्ने विधि अवलम्बन गर्नुपर्दछ। समयको उपलव्धता एवं सेवा खरिद गर्ने सामर्थ्य सहितको सेवा प्रवाह तय गरिनुपर्दछ।
- सामाजिक सुरक्षा तर्फ सम्बन्धित लाभग्राहीहरुले समयमै भत्ता प्राप्त गरेको सुनिश्चित हुनुका साथै दोहोरो परेका तथा लगत कट्टा गर्नुपर्ने लाभग्राहीको पहिचान गरी विवरण अध्यावधिक गर्नुपर्दछ।